सदाचार र सुशासनका लागि सतर्कता

Vigilance for Integrity and Good Governance

राष्ट्रिय सतर्कता केन्द्रको २३ औं

वार्षिक प्रतिवेदन

(आ.व. २०८१/०८२)

नेपाल सरकार

राष्ट्रिय सतर्कता केन्द्र

सिंहदरबार, काठमाडौं

राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली ।

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

सुशासन कायम गर्नको लागि आह्वान

भ्रष्टाचार निवारण ऐन (संशोधनसहित), २०५९ को दफा ३८ तथा राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ बमोजिम निम्नानुसार व्यवस्था भएको:

- कुनै सरकारी कार्यालय वा सार्वजनिक संस्थामा कुनै किसिमको अनियमितता हुन लागेको वा नियमित रूपमा काम नभएको पाइएमा राष्ट्रिय सतर्कता केन्द्रले त्यस्तो सरकारी कार्यालय वा सार्वजनिक संस्थाको प्रमुख र त्यस्तो काममा प्रत्यक्ष संलग्न कर्मचारीलाई सो विषयमा लिखित रूपमा सतर्क गराउन सक्ने,
- राष्ट्रिय सतर्कता केन्द्रले दिएको सुझाव वा निर्देशन ती कार्यालयले कार्यान्वयन नगरेमा, त्यस्तो कार्यालय वा संस्थाको प्रमुख वा सम्बन्धित कर्मचारी उपर प्रचलित कानून बमोजिम कारवाही चलाउन सम्बन्धित निकायमा लेखी पठाउन सक्ने,
- लिखित रूपमा सतर्क गराउँदा पनि त्यस्तो सरकारी कार्यालय वा सार्वजनिक संस्थाबाट सम्पादन हुने काममा सम्बन्धित प्रमुख वा कर्मचारीले कुनै सुधार नगरेमा वा निजलाई सतर्क गराइएको विषय पालना नगरेमा केन्द्रले त्यस्तो प्रमुख वा कर्मचारीको अभिलेख राखी निज उपर आवश्यक कारवाहीको लागि अख्तियारवाला समक्ष र प्रचलित कानून बमोजिमको अन्य कारवाही गर्नुपर्ने भए अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष लेखी पठाउने ।

तसर्थ, सरकारी कार्यालय वा सार्वजनिक संस्थाबाट सम्पादन हुने काममा भ्रष्टाचार वा अनियमितता भएको वा हुन लागेको थाहा पाउनु भएमा सोको विवरण खुलाई राष्ट्रिय सतर्कता केन्द्रमा उजुरी दिई मुलुकमा सुशासन कायम राख्ने कार्यमा सघाउ पुऱ्याई जिम्मेवार नागरिकको कर्तव्य पूरा गर्नु हुन अनुरोध गरिन्छ ।

हटलाइन : ४२००३४५,

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

उजुरी गर्ने इमेल : navic@nvc.gov.np
वेवसाइट : www.nvc.gov.np

"सदाचार र सुशासनका लागि सतर्कता"

(Vigilance for Integrity and Good Governance)

वार्षिक प्रतिवेदन

(आ.व. २०८१/०८२)

नेपाल सरकार

राष्ट्रिय सतर्कता केन्द्र

सिंहदरबार, काठमाडौं

श्रावण, २०८२

प्रकाशक : राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार
संस्करण : २०८२ श्रावण
प्रकाशित थान : २५० थान
सर्वाधिकार : प्रकाशकमा निहित
मुद्रक : एनी टाइम प्रिन्टिङ एण्ड सप्लायर्स

नेपाल सरकार

राष्ट्रिय सतर्कता केन्द्र

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
२०५९

फोन नं. : ४२००३३९, ४२००३४१
४२००३४२, ४२००३४३
४२००३४६, ४२००३४७
४२००३५१, ४२००३५५
४२००४५५, ४२००९४८
हटलाइन : ४२००३४५
इमेल : navic@nvc.gov.np
info@nvc.gov.np
वेबसाइट : www.nvc.gov.np

प.सं. :२०८२/०८३
च.नं. : २४

सिंहदरबार, काठमाडौं

मिति : २०८२/०४/२७

विषय :- आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन ।

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।

राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ ले गरेको व्यवस्थाबमोजिम यस केन्द्रबाट सम्पादन गरिएका प्रमुख कार्य र मुख्य मुख्य उपलब्धिहरू समेटिएको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष सादर प्रस्तुत गरेको छु ।

सरजु कुमार बैद्य
सचिव

प्रधानमन्त्री

काठमाडौं, नेपाल

शुभकामना

राष्ट्रिय सतर्कता केन्द्रले एक वर्षभरिका कार्य प्रगति, सुधारका सुझावहरू र उपलब्धिहरू समेटिएको वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ। यस रचनात्मक कामले केन्द्रको पारदर्शिता र जवाफदेहिताको प्रतिबद्धतालाई प्रकट गर्दछ।

सार्वजनिक पदाधिकारीहरूलाई इमानदार, कर्तव्यनिष्ठ र जनउत्तरदायी बनाउने साथै भ्रष्टाचार र अनियमिततालाई नियन्त्रण गरी सुशासन कायम गर्ने कार्यमा केन्द्रले निर्वाह गरिरहेको भूमिका सराहनीय छ। "म भ्रष्टाचार गर्दिनँ, भ्रष्टाचार गर्न पनि दिन्नँ"को संकल्पअनुरूप नैतिकता र सदाचारको प्रवर्धन गर्दै समाजमा सुसंस्कृत र सुशासित वातावरण निर्माण गर्नु आवश्यक छ। त्यसका लागि केन्द्रले आफुलाई आगामी दिनमा अझै क्रियाशील बनाउने छ भन्ने विश्वास लिएको छु। यसका लागि हामी सबैको एकताबद्ध प्रयासबाट यी उपलब्धि हासिल गर्न सक्छौं। हाम्रो दृढ अठोट हुनुपर्छ 'हामी सुशासन दिन्छौं।' स्वच्छताका साथ, पवित्रताका साथ सेवा उपलब्ध गराउँछौं। विकासका लागि सुशासन अनिवार्य छ।

भ्रष्टाचार विरुद्धको अभियानमा शून्य सहनशीलता अपनाउँदै निष्पक्ष छानबिन गर्ने, संस्थागत क्षमता अभिवृद्धि गर्ने र नवीनतम प्रविधिको प्रयोग गरी पारदर्शिता कायम राख्न केन्द्रको प्रयासले "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षालाई पूरा गर्न महत्त्वपूर्ण योगदान दिनेछ।

अन्त्यमा, केन्द्रले प्रकाशन गर्न लागेको वार्षिक प्रतिवेदन सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि मार्गदर्शक हुनेछ भन्ने अपेक्षा लिएको छु। प्रतिवेदन प्रकाशन कार्यमा संलग्न सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

केपी शर्मा ओली

२०८२ साउन १८

११४५ गुंलाथ्वः ९, आइतबार

प्रतिवद्धता

भ्रष्टाचारजन्य क्रियाकलापलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न एवम् भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गरी मुलुकमा सुशासन प्रवर्द्धन गर्ने मूल उद्देश्य राखी सम्माननीय प्रधानमन्त्रीज्यूको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ बमोजिम मिति २०५९/०४/२७ मा स्थापित राष्ट्रिय सतर्कता केन्द्रले आफ्नो स्थापनाको २३ औँ वर्ष पूरा गरी २४ औँ वर्षमा प्रवेश गरेको छ। यस अवसरमा भ्रष्टाचारविरुद्ध क्रियाशील रही सुशासनमैत्री वातावरण सिर्जनामा योगदान पुऱ्याउनु हुने सबै सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

राष्ट्रिय सतर्कता केन्द्रले भ्रष्टाचार निवारण ऐन (संशोधनसहित), २०५९ को दफा ३८ मा उल्लिखित काम, कर्तव्य, अधिकार र राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ ले राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकार निर्दिष्ट गरेबमोजिम आफ्नो कार्यसम्पादन गर्दै आइरहेको छ। साथै भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २०६० र सो कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति, २०६९ मा तोकिएका यस केन्द्रसँग सम्बन्धित कार्यका अतिरिक्त नेपाल सरकारबाट समय समयमा प्राप्त निर्देशन अनुसारका कामसमेत सम्पादन गर्दै आएको छ।

यस केन्द्रले २०८१ श्रावणदेखि २०८२ आषाढ मसान्तसम्म सम्पादन गरेका मुख्य मुख्य कार्यलाई समेटेर यो वार्षिक प्रतिवेदन तयार गरिएको हो। आर्थिक वर्ष २०८१/८२ मा प्राप्त १ हजार ३ सय ३० वटा उजुरी र गत आर्थिक वर्ष २०८०/८१ बाट जिम्मेवारी सरी आएका ६ सय ६ गरी कुल १ हजार ९ सय ३६ उजुरी रहेकामा तीमध्ये १ हजार ४ सय ५२ उजुरीहरू फछ्र्यौट गरिएको छ। भ्रष्टाचारलाई निरुत्साहित गर्ने उद्देश्यले जिल्लास्तरमा भ्रष्टाचारविरुद्धका सचेतनामूलक गोष्ठीहरू ६ वटा र स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूलाई सदाचार शिक्षाका १२ वटा कार्यक्रमहरू पनि सम्पन्न गरिएका छन्। त्यस्तै कास्की जिल्लाको पोखरा, मोरङ जिल्लाको बिराटनगर र धनुषा जिल्लाको जनकपुरमा ४ सय ३० जना इन्जिनियरहरूको सहभागितामा प्राविधिक परीक्षणको आवश्यकता र महत्त्वका विषयमा ३ वटा सचेतना गोष्ठी सम्पन्न भएका छन्। यस कार्यबाट उजुरी छानबिन तथा फछ्र्यौटमा तीव्रता आएको, सचेतनामूलक, सदाचार गोष्ठी सञ्चालनबाट भ्रष्टाचार रोकथाम र नियन्त्रणमा केही हदसम्म सघाउ पुऱ्याउन सक्ने विश्वास गरिएको छ।

यस अवधिमा राष्ट्रिय गौरवका र अन्य आयोजनातर्फ १२ वटा आयोजनाहरूको प्राविधिक परीक्षण कार्य सम्पन्न भएको छ। परीक्षणबाट देखिएका कैफियत Non-Conformance Report (NCR) सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाइएको छ। प्राविधिक परीक्षण कार्यबाट आयोजना सञ्चालनमा हुने कमीकमजोरीहरू पहिचान गरी अपरिपालना कार्यान्वयनमा सुधार भई आयोजना सञ्चालनमा गुणस्तर कायम हुने विश्वास लिएको छु।

आ.व. २०८०/८१ मा सार्वजनिक जवाफदेहिताको पदमा रहेका व्यक्तिले आफू र आफ्नो परिवारको नामको सम्पत्ति विवरण पेस गर्नुपर्ने कानुनको अनिवार्य व्यवस्थाबमोजिम सम्पत्ति विवरण पेस गर्नेहरूको सङ्ख्या ७ लाख ७५ हजार ९ सय ४९ र पेस नगर्नेहरूको सङ्ख्या ५ हजार ५ सय ४ रहेको छ। गत विगतका आ.व. र यस आ.व.को तथ्यलाई विश्लेषण गर्दा सम्पत्ति विवरण वुझाउनेको सङ्ख्यामा वढोत्तरी आएको व्यहोरासमेत जानकारी गराउँदछु। सार्वजनिक पदधारण गरेका सबै पदाधिकारी एवम् कर्मचारीहरूले समयमा सम्पत्ति विवरण बुझाउनु पर्ने विषयमा सचेतना अभिवृद्धि गर्दै सम्पत्ति विवरण बुझाउने अभियानमा केन्द्र लागिरहेको व्यहोरासमेत जानकारी गराउँदछु।

अन्त्यमा, भ्रष्टाचारविरुद्ध निरन्तर रूपमा क्रियाशील रही सुशासनमैत्री वातावरण सिर्जनामा योगदान पुऱ्याउनु हुने सबै सरोकारवालाहरूका साथै यस केन्द्रका सम्पूर्ण कर्तव्यनिष्ठ कर्मचारीहरूप्रति धन्यवाद ज्ञापन गर्दै आगामी वर्षहरूमा अझै सुशासनमैत्री वातावरण सिर्जना गर्नका लागि कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

सरजु कुमार बैद्य
सचिव

कार्यकारी सारांश

भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारीरूपमा नियन्त्रण गर्न र भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्न सम्माननीय प्रधानमन्त्रीज्यूको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधनसहित) को दफा ३७ बमोजिम वि.सं. २०५९ साल श्रावण २७ गते राष्ट्रिय सतर्कता केन्द्रको स्थापना भएको हो। सोही ऐनको दफा ३८ मा उल्लिखित काम, कर्तव्य र अधिकारले केन्द्रको कार्यक्षेत्र निर्धारण गरेको छ।

केन्द्रले आफ्नो कार्यक्षेत्रबमोजिमको कार्यसम्पादन गर्न भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधनसहित) बमोजिम तयार गरिएका राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५, राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१, नेपाल सरकारको भ्रष्टाचारविरुद्धको रणनीति तथा कार्ययोजना, २०६५ र अन्तर्गतको निकायगत कार्ययोजना, २०६७, राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८ लाई मुख्य आधार लिएको छ। त्यसै गरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ लगायतका अन्य क्षेत्रगत कानुनहरूकोसमेत आधार लिने गरेको छ।

भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रवर्धन गर्ने प्रमुख जिम्मेवारी रहेको यस केन्द्रले मुख्यरूपमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी प्रवर्धनात्मक तथा निरोधात्मक कार्य गर्दै आएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधनसहित) को दफा ३८ मा उल्लेख भएबमोजिम भ्रष्टाचार नियन्त्रणका लागि सूचना सङ्कलन गर्ने, सतर्क गराउने, अनुगमन, निगरानी, छड्के जाँच र अन्वेषण गर्ने, राष्ट्र सेवकहरूको सम्पत्ति विवरण तथा आयको अनुगमन गर्ने, भ्रष्टाचार नियन्त्रणका लागि सम्बन्धित निकायलाई सुझाव तथा निर्देशन दिने, कारबाहीका लागि लेखी पठाउने, प्राविधिक परीक्षण गर्ने, उजुरी पेटिका राख्ने व्यवस्था मिलाउने एवम् नागरिक बडापत्र कार्यान्वयनको अनुगमन गर्ने र भ्रष्टाचार नियन्त्रणका लागि नेपाल सरकारलाई नीतिगत सुझाव दिने लगायतका कार्य गर्ने गरेको छ।

केन्द्रद्वारा राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ३२ बमोजिम प्रत्येक आर्थिक वर्षमा आफूले सम्पादन गरेका प्रमुख कार्यहरू र मुख्य मुख्य उपलब्धिहरू समेटिएको वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेस गर्नुपर्ने व्यवस्थाबमोजिम आ.व. २०८१/८२ मा केन्द्रबाट सम्पादन भएका कार्य र भ्रष्टाचार नियन्त्रण सम्बन्धमा नेपाल सरकारसमक्ष प्रस्तुत गरिएका नीतिगत सुझावहरूसमेत समावेश गरी यो प्रतिवेदन तयार गरिएको छ।

यस प्रतिवेदनमा पाँच परिच्छेदहरू रहेका छन्। परिच्छेद एकमा सतर्कता केन्द्रको परिचय र सोअन्तर्गत केन्द्रको पृष्ठभूमि, दीर्घकालीन सोच, ध्येय, लक्ष्यका साथै केन्द्रसँग सम्बन्धित संवैधानिक तथा नीतिगत व्यवस्था, केन्द्रले कार्यसम्पादन गर्दा अपनाउने सिद्धान्त, मूल्य र मान्यता, कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार, सङ्गठन संरचना तथा जनशक्ति, सुशासनका लागि भएका प्रयासहरू समावेश गरिएको छ। परिच्छेद दुईमा आर्थिक वर्ष २०८१/८२ मा यस केन्द्रबाट सम्पादन भएका प्रमुख

कार्य र मुख्य मुख्य उपलब्धिहरू समेटिएको छ। परिच्छेद तीनमा केन्द्रले गरेका आर्थिक, प्रशासनिक तथा व्यवस्थापकीय कार्यहरू समेटिएको छ। परिच्छेद चारमा केन्द्रका अवसर, समस्या र चुनौतीहरू समावेश गरिएको छ। त्यसै गरी परिच्छेद पाँचमा केन्द्रलाई थप प्रभावकारी बनाउन गर्नुपर्ने सुधारका उपाय तथा सुझावहरू एवम् केन्द्रको भावी कार्यदिशा उल्लेख गरिएको छ।

केन्द्रले उजुरी व्यवस्थापनतर्फ आ.व. २०८१/८२ मा दर्ता भएका १ हजार ३ सय ३० र आर्थिक वर्ष २०८०/८१ बाट जिम्मेवारी सरी आएका ६ सय ६ गरी कुल १ हजार ९ सय ३६ उजुरीमध्ये छानबिनपश्चात् १ हजार ४ सय ५२ उजुरीहरू फछर्यौट गरेको छ। यसबाट केन्द्रले ७५ प्रतिशत उजुरी फछर्यौट गरेको देखिन्छ। यो नतिजा अघिल्लो आर्थिक वर्षको तुलनामा ११ प्रतिशतले बढी रहेको छ।

यसै गरी आ.व. २०८१/८२ मा सातै प्रदेशअन्तर्गत ३९ जिल्लाका ८ सय १६ कार्यालयमा निगरानी, अनुगमन, छड्के जाँचलगायतका कार्यहरू गरी समय पालना नगर्ने ५ हजार ९ सय ३७ र तोकिएको पोसाक नलगाउने १ हजार ४ सय ६२ जना कर्मचारीलाई कारबाहीका लागि सम्बन्धित निकायलाई निर्देशन दिइएको छ। साथै सोही जिल्लाअन्तर्गतका ७ सय १० कार्यालयहरूमा "नागरिक बडापत्र" कार्यान्वयनको अनुगमन गरी देखिएका कमजोरी सुधारका लागि सम्बन्धित निकायलाई सुझाव तथा निर्देशन दिइएको छ। त्यसै गरी सेवाग्राही सन्तुष्टि सर्वेक्षणतर्फ १४ जिल्लाका विभिन्न कार्यालयहरूबाट सेवा प्राप्त गरेका ७०० जनासँग केन्द्रले तयार गरेको प्रश्नावलीसहितको फारामको प्रयोग गरी सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी प्राप्त नतिजालाई विश्लेषण एवम् प्रस्तुतीकरण गरिएको छ। उक्त नतिजा विश्लेषणबाट सार्वजनिक संस्थाहरूबाट प्रवाह हुने सेवामा अझै उल्लेख्य कमीकमजोरी रहेको पाइएकाले सुधारका कदमहरू चाल्नुपर्ने देखिएको छ। हेलो सरकारसँगको सहकार्यमा करिब ५० कार्यालयमा सेवा प्रवाहमा सहजीकरण गरी सेवाग्राहीलाई सहजता प्रदान गरिएको छ। यसका साथै केन्द्रले विभिन्न स्थानको सूक्ष्म निगरानी एवम् विभिन्न निकायहरूको फाइल ट्र्याकिङ तथा कर्मचारी व्यवस्थापनसँग सम्बन्धित सघन अनुगमन गरेको छ।

केन्द्रबाट आ.व. २०८१/८२ मा १२ वटा विकास निर्माणसँग सम्बन्धित आयोजनाहरूको प्राविधिक परीक्षण गरी प्राप्त अपरिपालनाहरू कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाइएको छ। साथै गण्डकी, कोशी र मधेश प्रदेशमा सञ्चालित ९६ वटा विकास आयोजनाहरूको अपरिपालनाको स्थलगत अनुगमन गरी प्राप्त वस्तुस्थितिको प्रस्तुतीकरण गरी अपरिपालना कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला निकायहरूलाई निर्देशन दिइएको छ। विकास आयोजनाहरूको प्राविधिक परीक्षणका लागि दक्ष जनशक्ति तयार गर्न २५ जना इन्जिनियरहरूलाई २१ दिने प्राविधिक परीक्षक तालिम पनि प्रदान गरिएको छ। साथै विभिन्न आयोजनाबाट नमुना सङ्कलन गरी केन्द्रमा रहेको प्रयोगशालाबाट निर्माण सामग्रीको परीक्षण गरिएको छ।

केन्द्रले भ्रष्टाचार निवारण ऐन, २०५९(संशोधनसहित) को दफा ५० बमोजिम हरेक आ.व.मा राष्ट्रसेवकले बुझाउनु पर्ने सम्पत्ति विवरण बुझाए/नबुझाएको अनुगमन गर्नुपर्ने व्यवस्थाबमोजिम समयभित्रै सम्पत्ति विवरण बुझाउने ७ लाख ७५ हजार ९ सय ४९ जना र नबुझाउने ५ हजार ५ सय ४ जनाको विवरणसहितको प्रतिवेदन तयार गरी आवश्यक कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेस गरिएको छ।

यसैगरी ६ जिल्लामा **भ्रष्टाचार नियन्त्रण हाम्रो साझा दायित्व** विषयक जिल्लास्तरीय सचेतनामूलक कार्यक्रम, १२ स्थानीय तहमा पदाधिकारीहरू र कर्मचारीहरूको सहभागितामा सदाचार शिक्षासम्बन्धी कार्यक्रम र भ्रष्टाचारविरुद्ध प्राविधिक

कर्मचारीहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गरिएको छ।

केन्द्रमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि कार्यरत सबै कर्मचारीको सहभागितामा दुई दिने तालिम सञ्चालन गरिएको छ। त्यसैगरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा क्षमता विकास गर्न दुई जना कर्मचारीलाई वैदेशिक तालिमको लागि चीन पठाइएको र थप दुई जनाको सोही विषयमा चीनकै लागि मनोनयन गरिएको छ।

केन्द्रको कुल स्वीकृत दरबन्दीमध्ये राष्ट्रिय सतर्कता प्रहरीतर्फ २४ दरबन्दी रहेकोमा हाल १२ दरबन्दीमा कार्यरत रहेका निजामतीतर्फ कुल ९६ मध्ये ७१ पदपूर्ति भई २५ रिक्त रहेको छ। यसबाट स्वीकृत दरबन्दीको करिब ३१ प्रतिशत कर्मचारीको पदपूर्ति हुन नसकेको देखिन्छ। खासगरी प्राविधिक कर्मचारीहरूको पदपूर्ति एवम् टिकाउ (Retention) दर झनै निराशाजनक रहेको अवस्था छ। यसबाट केन्द्रको कार्य प्रभावकारितामा केही असर पर्न गएको महसुस गरिएको छ।

आ.व. ०८१/८२ मा केन्द्रको कुल बजेट १२ करोड ८ लाख ३३ हजारमध्ये चालुतर्फ ११ करोड ७९ लाख ३३ हजार (९७.६ प्रतिशत) र पुँजीगततर्फ २९ लाख (२.४ प्रतिशत) विनियोजन भएकोमा चालुतर्फ रु.१० करोड ४९ लाख ५९ हजार (८८.९ प्रतिशत) र पुँजीगत तर्फ रु.२३ लाख ९९ हजार (८२.७३ प्रतिशत) खर्च भई वित्तीय प्रगति ८८.८५ प्रतिशत रहेको छ।

मुलुकमा भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा अनुकूल वातावरण तयार भएको भएता पनि कानुनी अस्पष्टता, पर्याप्त स्रोत साधन एवम् प्राविधिक जनशक्तिको कमी लगायतका चुनौतीहरू विद्यमान छन्। यी चुनौतीहरूलाई चिर्दै पछिल्ला दिनमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने दिशामा अन्य सम्बद्ध निकायहरूसँगको समन्वयमा सक्रियताका साथ केन्द्र अगाडि बढेको छ। यसका लागि केन्द्रले सुधारका केही भावी कार्यदिशासमेत तय गरी यस प्रतिवेदनमा समावेश गरेको छ।

विषयसूची

कार्यकारी सारांश

परिच्छेद - १

परिचय

१.१ पृष्ठभूमि १

१.२ केन्द्रको दीर्घकालीन सोच, ध्येय, लक्ष्य र उद्देश्य २

१.२.१ दीर्घकालीन सोच (Vision) २

१.२.२ ध्येय (Mission) २

१.२.३. लक्ष्यहरू (Goals) २

१.२.४. उद्देश्यहरू (Objectives) २

१.३ केन्द्रसँग सम्बन्धित नीतिगत र कानुनी प्रावधान २

१.३.१ संवैधानिक व्यवस्था २

१.३.२ अन्य नीतिगत व्यवस्था ३

१.४ केन्द्रको कार्यसम्पादनका सिद्धान्त, मूल्य र मान्यता ५

१.४.१ केन्द्रले अपनाएको कार्य सम्पादनका सिद्धान्तहरू ५

१.४.२ केन्द्रको कार्य सम्पादनका मूल्य र मान्यताहरू ६

१.५ केन्द्रको कार्यक्षेत्र र सङ्गठन संरचना ७

१.५.१ केन्द्रको कार्यक्षेत्र ७

१.५.२ केन्द्रको सङ्गठन संरचना र जनशक्ति १०

१.५.३ केन्द्रको महाशाखाहरूको कार्य जिम्मेवारी १२

१.५.४ केन्द्रबाट सम्पादन गरिने मुख्य मुख्य कार्य र कार्य सञ्चालन प्रक्रिया १६

परिच्छेद - २

केन्द्रबाट आ.व. २०८१/०८२ मा सम्पादन गरिएका प्रमुख कार्यहरू र मुख्य मुख्य उपलब्धिहरू

२.१ सूचना तथा उजुरी सङ्कलन, छानबिन र कारबाही १९

२.१.१ सूचना तथा उजुरी सङ्कलन एवम् फछ्र्यौटको विवरण १९

२.१.२ केन्द्रबाट छानबिन र कारबाही भएका उजुरीको विवरण १९

२.२ उजुरी दर्ता भएका क्षेत्र र विषयहरू ४९

२.३ निगरानी, छड्के, अनुगमन, छानबिन तथा अन्वेषण ४९

२.३.१ निगरानी, छड्के तथा अनुगमन ४९

२.३.२ छानबिन तथा अन्वेषण ५२

२.४ भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि ५७

२.४.१ प्रदेश/स्थानीय तहमा सचेतनामूलक (गोष्ठी/अन्तरक्रिया) कार्यक्रम ५७

२.४.२ कर्मचारी/स्थानीय तहका पदाधिकारीहरूलाई सदाचार शिक्षा कार्यक्रम ५८

२.४.३ भ्रष्टाचारविरुद्ध/प्राविधिक परीक्षण अन्तर निकाय समन्वय गोष्ठी ५९

२.४.४ सेवाग्राही सर्वेक्षण एवम् विश्लेषण ६०

२.५ नागरिक बडापत्र, उजुरी पेटिका लगायतका अन्य कार्य ६१
२.५.१ नागरिक बडापत्र ६१
२.५.२ उजुरी पेटिका (गुनासो/सुझाव पेटिका) ६४
२.५.३ अन्य कार्य ६४
२.६ सुझाव एवम् निर्देशन कार्यान्वयनको अवस्था ६५
२.७ मुख्य उपलब्धिहरू ६७
२.८ सम्पत्ति विवरण ६८
२.८.१ सम्पत्ति विवरण प्राप्तिको अवस्था ६९
२.८.२ आ.व. २०८०/८१ को सम्पत्ति विवरण सम्बन्धी पूर्ण तथ्याङ्क उपलब्ध नगराएकाले कारबाहीका लागि सिफारिस गरिएका निकायहरू ७३
२.९ प्राविधिक परीक्षण ७४
२.९.१ आ.व. २०८१/८२ को प्राविधिक परीक्षण ७७
२.९.२ प्राविधिक परीक्षण परामर्श समितिको बैठक ७९
२.९.६ केन्द्रबाट विभिन्न निकायहरूलाई उपलब्ध गराइएको प्राविधिक परीक्षणसम्बन्धी सुझाव/निर्देशनहरू ८३

परिच्छेद - ३

आर्थिक, प्रशासनिक तथा व्यवस्थापकीय कार्य

३.१ कार्यक्रम, माइलस्टोन तथा बजेट ८५
३.१.१ वार्षिक कार्यक्रम कार्यान्वयन ८५
३.२ प्रशासनिक एवम् व्यवस्थापकीय कार्य ८६
३.२.१ अन्तरनिकाय समन्वय तथा सहकार्य ८६

परिच्छेद - ४

केन्द्रको अवसर, समस्या तथा चुनौती

४.१ अवसर ८९
४.२ समस्या तथा चुनौती ९०

परिच्छेद - ५

सुधारका लागि सुझावहरू तथा भावी कार्यदिशा

५.१ सुझावहरू ९२
५.२ भावी कार्यदिशा ९३
५.३ उपसंहार ९३
अनुसूचीहरू ९५
अनुसूची १ : केन्द्रको सङ्गठन संरचना ९५
अनुसूची २ : आ.व. २०८१/०८२ मा केन्द्रमा रहेका कर्मचारीहरूको विवरण ९६
अनुसूची ३ : केन्द्रको स्थापनादेखि हालसम्मका प्रमुख अधिकृत/सचिवहरूको नामावली १०१
अनुसूची ४ : आ.व. २०८१/८२ मा समय पालना र तोकिएको पोसाकसम्बन्धी भएको अनुगमन विवरण १०३
अनुसूची ५ : सम्पत्ति विवरण बुझाउन तोकिएका निकायहरूको विवरण १४०
अनुसूची ६ : अपरिपालनासम्बन्धी विवरण १४३
अनुसूची ७ : आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम १५४
अनुसूची ८ : आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना (माइलस्टोनसहित) १५८
अनुसूची-९ : राष्ट्रिय सतर्कता केन्द्रबाट सम्पादित केही कार्यहरू: तस्विरमा १५९

परिचय

१.१ पृष्ठभूमि

देशको समृद्धि, सामाजिक न्याय र समग्र सुशासनका लागि भ्रष्टाचार नियन्त्रण एक अपरिहार्य सर्त हो। भ्रष्टाचारका कारणले राज्यको स्रोतसाधनको दुरुपयोग भई लागत अनुसार प्रतिफल प्राप्त नहुनुका साथै सार्वजनिक सेवा प्रवाहमा अवरोध सिर्जना हुन्छ। त्यस्तै सार्वजनिक निकायप्रति नागरिकको विश्वास घटाउँछ र दण्डहीनतालाई प्रश्रय दिन्छ। यसले अन्ततः आर्थिक असमानता बढाउनुको साथै राष्ट्रिय विकासका लक्ष्य प्राप्तिमा प्रतिकूल असर पार्दछ। त्यसैले यसको नियन्त्रणका लागि विश्वभर विभिन्न संयन्त्र र रणनीतिहरू अवलम्बन गरिएका छन्। यस्ता संयन्त्रमध्ये राष्ट्रिय सतर्कता केन्द्र (National Vigilance Centre) जस्ता प्रकृतिका निकायहरूको स्थापना र क्रियाशीलता महत्त्वपूर्ण रहको हुन्छ। यी निकायहरूले विशेषगरी सार्वजनिक निकायहरूमा पारदर्शिता, जवाफदेहिता र सदाचार प्रवर्धन गर्ने उद्देश्यले प्रवर्धनात्मक र निरोधात्मक कार्य गरी भ्रष्टाचारको रोकथाममा जोड दिन्छन्।

नेपालमा राष्ट्रिय सतर्कता केन्द्रको स्थापना भ्रष्टाचार निवारण ऐन (संशोधनसहित), २०५९ को दफा ३७ बमोजिम वि.सं. २०५९ साल श्रावण २७ गते भएको हो। सम्माननीय प्रधानमन्त्रीज्यूको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही कार्य गर्ने यस केन्द्रले सार्वजनिक निकायहरूमा हुने अनियमितता, ढिलासुस्ती र भ्रष्टाचारजन्य क्रियाकलापहरूको अनुगमन तथा नियन्त्रणमा महत्त्वपूर्ण भूमिका खेल्दै सार्वजनिक प्रशासनलाई स्वच्छ, पारदर्शी र जवाफदेही बनाउन प्रवर्द्धनात्मक र निरोधात्मक कार्य गर्दै आएको छ। भ्रष्टाचारजन्य गतिविधिहरूलाई समयमै पहिचान गरी रोकथामका उपायहरू खोजी गर्ने र सुशासनको संस्कृति विकास गर्ने यसको मुख्य उद्देश्य रहेको छ। सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने र विकास निर्माणका काममा हुने अनियमितता एवम् भ्रष्टाचार नियन्त्रण गर्ने यसको प्रमुख भूमिका रहेको छ।

केन्द्रले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धन गर्नकालागि विभिन्न स्रोतबाट सूचना सङ्कलन तथा त्यसको विश्लेषण गरी आवश्यक देखिएमा कारबाहीका लागि सम्बन्धित सरोकारवाला निकायलाई लेखी पठाउँदछ। यसका साथै भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुका साथै विकास निर्माणका आयोजनाहरूको प्राविधिक परीक्षण गरी गुणस्तर सुनिश्चित गर्न सहयोग पुऱ्याउँदछ। सार्वजनिक संस्थाहरूको नियमित अनुगमन, छड्के जाँच र निगरानीसमेत गर्दछ। यस्ता संस्थामा अनियमितता वा ढिलासुस्ती देखिएमा सम्बन्धित निकायलाई सतर्क गराई अनियमितता र भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रण गर्दै सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र पारदर्शी बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ। यसले राष्ट्रसेवकहरूको सम्पत्ति विवरण र आयको अनुगमन पनि गर्दछ।

स्थापना कालदेखि केन्द्रले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। केन्द्रलाई

थप प्रभावकारी बनाउन यसको क्षेत्राधिकारलाई कानुनद्वारा स्पष्ट र फराकिलो बनाउने, पर्याप्त स्रोतसाधन उपलब्ध गराउने र राजनीतिक प्रभावबाट अलग राख्ने जस्ता उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ।

१.२ केन्द्रको दीर्घकालीन सोच, ध्येय, लक्ष्य र उद्देश्य

१.२.१ दीर्घकालीन सोच (Vision)

सुशासनयुक्त र भ्रष्टाचारमुक्त सार्वजनिक क्षेत्र।

१.२.२ ध्येय (Mission)

सार्वजनिक प्रशासनमा सदाचार, पारदर्शिता र जवाफदेहिता प्रवर्धन गर्दै भ्रष्टाचार नियन्त्रण तथा सेवाप्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्ने।

१.२.३. लक्ष्यहरू (Goals)

- सार्वजनिक सेवामा सदाचार, नैतिकता र जवाफदेहिता प्रवर्धन गर्ने,
- अनियमितता र भ्रष्टाचारको रोकथाम तथा नियन्त्रणका लागि नियन्त्रण एवम् सतर्कता प्रणालीको सुदृढीकरण गर्ने,
- सबै तहका सार्वजनिक संस्थाहरूमा सुशासन कायम गर्न सहयोग गर्ने,
- भ्रष्टाचार विरोधी संस्कृति निर्माण गर्ने,
- सेवाप्रवाह र विकास निर्माण कार्यमा पारदर्शिता, प्रभावकारिता र गुणस्तर सुनिश्चित गर्ने।

१.२.४ उद्देश्यहरू (Objectives)

- सार्वजनिक संस्थाहरूमा हुने अनियमितता एवम् भ्रष्टाचारजन्य कार्य नियन्त्रण गर्नु,
- राष्ट्रसेवकहरूको सम्पत्ति विवरण र आयको अनुगमन गर्नु,
- सार्वजनिक सेवा प्रवाहलाई स्वच्छ, पारदर्शी र सेवाग्राहीमैत्री बनाउनु,
- सार्वजनिक विकास निर्माणका आयोजनाहरूको गुणस्तर सुनिश्चित गर्नु,
- भ्रष्टाचार नियन्त्रणका लागि जनचेतना अभिवृद्धि गर्नु,
- भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्धनका लागि आवश्यक वातावरण तयार गर्नु।

१.३ केन्द्रसँग सम्बन्धित नीतिगत र कानुनी प्रावधान

१.३.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ५१ मा रहेको राज्यका नीतिहरूअन्तर्गत राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीतिमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने सम्बन्धमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख गरिएको छ। त्यसैगरी न्याय र दण्ड व्यवस्थासम्बन्धी नीतिमा राजनीतिक, प्रशासनिक,

न्यायिक, सामाजिकलगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने उल्लेख गरिएको छ।

१.३.२ अन्य नीतिगत व्यवस्था

१.३.२.१ सोह्रौं योजना (२०८१/८२-२०८५/८६) मा सुशासनसम्बन्धी नीति, कार्यक्रम र परिमाणात्मक लक्ष्यहरू

चालु सोह्रौं आवधिक योजनाको परिच्छेद १२ मा शासकीय सुधार तथा सुशासन प्रवर्धन सम्बन्धी व्यवस्था छ। यसअन्तर्गत केन्द्रसँग सम्बन्धित देहायका रूपान्तरणकारी रणनीति, प्रमुख कार्यक्रम र परिमाणात्मक लक्ष्यहरू सुशासन प्रवर्धन र भ्रष्टाचार नियन्त्रणसँग प्रत्यक्ष सम्बन्धित रहेका छन्:-

रूपान्तरणकारी रणनीतिहरू

- सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने,
- कानुनी शासनको प्रत्याभूति गर्ने,
- वित्तीय तथा प्रशासनिक सुशासन प्रवर्धन गर्ने,
- नैतिकता र सदाचारिता प्रवर्धन गर्ने,
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने,
- नियमनको गुणस्तरमा अभिवृद्धि गर्ने,
- विद्युतीय सुशासनमार्फत् शासकीय रूपान्तरण गर्ने।

प्रमुख कार्यक्रम

- सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि कार्यक्रम
- कानुनी शासनको प्रत्याभूति कार्यक्रम
- वित्तीय एवम् प्रशासनिक सुशासन प्रवर्धन कार्यक्रम
- नैतिकता तथा सदाचारिताको प्रवर्धन कार्यक्रम
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास कार्यक्रम
- प्रभावकारी नियमन कार्यक्रम
- सार्वजनिक सेवा प्रवाहमा सेवाग्राहीमैत्री प्रणालीको विकास र कार्यान्वयन।

परिमाणात्मक लक्ष्य

क्र.सं.	सूचक	एकाइ	आ.व. २०७९/८० को अवस्था	आ.व २०८५/८६ को लक्ष्य
१	विधिको शासन	सूचकाङ्क	०.५२	०.६०
२	सरकारको प्रभावकारिता	सूचकाङ्क	-०.८७	-०.३०
३	भ्रष्टाचार नियन्त्रण(-२.५देखि+२०५)	सूचकाङ्क	-०.५३	०.४०
४	भ्रष्टाचार न्यूनीकरण अनुभूति	सूचकाङ्क	३५	४३

क्र.सं.	सूचक	एकाइ	आ.व. २०७९/८० को अवस्था	आ.व २०८५/८६ को लक्ष्य
५	आवाज र उत्तरदायित्व	सूचकाङ्क	०.४२	०.६८
६	नियमनको गुणस्तर	सूचकाङ्क	-०.६२	०.५
७	खुला सरकार	सूचकाङ्क	०.५६	०.६३
८	हेलो सरकारमा प्राप्त उजुरी फछर्यौट (उजुरीकर्ताको पृष्ठपोषणसहित)	प्रतिशत	४३.२९	९०
९	व्यवस्थापन परीक्षण (स्वः मूल्याङ्कनसहित)	सङ्ख्या	७४०	७५३

१.३.२.३ नेपाल सरकारको आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा भएको व्यवस्था

नीति तथा कार्यक्रम

- नियामक निकायलाई कानुन, जनशक्ति, स्रोत र साधनसहित थप अधिकारसम्पन्न बनाई भ्रष्टाचारमा शून्य सहनशीलता अपनाइनेछ । प्रदेश तथा स्थानीय तहलाई भ्रष्टाचार नियन्त्रणसम्बन्धी रणनीति तथा कार्ययोजना कार्यान्वयनमा ल्याउन जिम्मेवार तुल्याइनेछ । भ्रष्टाचारको दृष्टिले उच्च जोखिमका क्षेत्र पहिचान गरी नियन्त्रणका लागि एकीकृत रूपमा प्रवर्धनात्मक, निरोधात्मक तथा उपचारात्मक उपाय अवलम्बन गरिनेछ। भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि तथा यस क्षेत्रमा नेपालले व्यक्त गरेका प्रतिबद्धताको कार्यान्वयन गर्न नयाँ राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयनमा ल्याइनेछ।
- राष्ट्रिय सतर्कता केन्द्रलाई भ्रष्टाचार नियन्त्रणसम्बन्धी निरोधात्मक तथा प्रवर्धनात्मक कार्यमा थप सुदृढ र प्रभावकारी बनाइनेछ। कानुनी व्यवस्थासमेत गरी यस केन्द्रलाई विकास निर्माणका आयोजनाको गुणस्तरको प्राविधिक परीक्षण गर्न सक्षम संस्थाका रूपमा विकास गरिनेछ।

बजेट बक्तव्य

- भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिइने छ। भ्रष्टाचारको दृष्टिले उच्च जोखिमका क्षेत्र पहिचान गरी नियन्त्रणका लागि एककृत रूपमा प्रवर्धनात्मक, निरोधात्मक तथा उपचारात्मक उपाय अवलम्बन गरिनेछ।

१.३.३ कानुनी व्यवस्था

केन्द्रको कार्यसम्पादनलाई मार्गदर्शन तथा सहजीकरण गर्न भ्रष्टाचार निवारण ऐन (संशोधनसहित), २०५९, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५, राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५, राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८, राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१ लगायतका कानुनहरूको व्यवस्था गरिएको छ। यी कानुनी प्रबन्धका बारेमा तल १.५ शीर्षकमा विस्तृतरूपमा उल्लेख गरिएको छ।

१.४ केन्द्रको कार्यसम्पादनका सिद्धान्त, मूल्य र मान्यता

१.४.१ केन्द्रले अपनाएको कार्य सम्पादनका सिद्धान्तहरू

कुनै पनि सङ्गठित संस्थाले निश्चित सिद्धान्तमा आधारित भई आफ्नो कार्य सम्पादन गर्ने प्रचलन रहेअनुसार राष्ट्रिय सतर्कता केन्द्रले पनि केही निश्चित सिद्धान्तलाई आफ्नो कार्य सञ्चालनको मार्गदर्शक सिद्धान्तका रूपमा अपनाउने गरेको छ। यस केन्द्रले आफ्नो कार्य सम्पादनमा अवलम्बन गरेका मुख्य कार्य सम्पादनका सिद्धान्तहरू यसप्रकार रहेका छन् :

क. गोपनीयताको सिद्धान्त (Principle of Confidentiality)

राज्यको सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त र जनउत्तरदायी बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने नीति कार्यान्वयनका सन्दर्भमा केन्द्रको कार्यक्षेत्रभित्र पर्ने भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न तथा भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने सिलसिलामा केन्द्रले आफ्नो कार्यसम्पादनअन्तर्गत सूचना सङ्कलन, निगरानी, छड्के जाँच, छानबिन जस्ता कार्यमा कानुनद्वारा गोप्य रहनुपर्ने भनिएका विषयका कार्यप्रक्रिया तथा सूचनाहरू गोप्य राख्दै निष्पक्षताका साथ कार्य गर्दछ। साथै आफ्नो कार्यप्रणालीमा आवश्यकताअनुसारका सूचना जानकारीहरूमा गोपनीयता कायम राख्दछ।

ख. निष्पक्षताको सिद्धान्त (Principle of Impartiality)

केन्द्रका निर्णयहरू पूर्वाग्रहरहित हुन्छन्। केन्द्रले अनियमितता र भ्रष्टाचारजन्य कार्य नियन्त्रण सम्बन्धी कामकारबाही र निर्णय गर्दा कुनै पूर्वाग्रह नराखी कोही कसैलाई अनावश्यक झन्झट तथा दुख नहोस् भन्नेतर्फ सचेतता र सजगता अपनाउने गरेको छ। साथै यस केन्द्रको कार्यप्रक्रियामा कुनै पनि ढङ्गले कसैलाई पनि पक्षपात नहोस् भन्ने कुरामा सजगता अपनाइने गरिएको छ। केन्द्रका निर्णयहरू पूर्वाग्रहरहित हुन्छन्। साथै यस केन्द्रका कामकारबाहीबाट कोही कसैलाई विचार, ओहदा वा पदका आधारमा अन्याय नहुनेमा पूर्ण सजगता अपनाउने गरिएको छ।

ग. स्वच्छताको सिद्धान्त (Principle of Fairness)

केन्द्रका सम्पूर्ण कामहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गर्ने प्रयत्न गरिन्छ। केन्द्रले लिने निर्णयहरू र गरिने क्रियाकलापलाई पूर्व निर्धारित मापदण्ड र कार्यविधिका आधारमा स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचनागत एवम् कार्यविधिगत प्रबन्ध गरिएको छ।

घ. कार्य गुणस्तरीयताको सिद्धान्त (Principle of Quality)

केन्द्रले आफ्ना कार्य प्रचलित कानुन, मापदण्ड र कार्यविधिका आधारमा वस्तुपरक रूपमा सम्पादन गर्दै गुणस्तरीय बनाउने प्रयत्न गर्दै आएको छ। साथै सार्वजनिक संस्थाबाट गरिने विकास निर्माणका कार्यको गुणस्तर मापन र परीक्षण गर्न वैज्ञानिक साधन तथा प्रविधिका माध्यमबाट प्राविधिक परीक्षणसमेत गर्दै आएको छ।

ङ. द्विअन्धताको सिद्धान्त (Principle of Double Blind)

गोप्यरूपमा गरिने सूचना सङ्कलन, छानबिन, अनुसन्धान तथा कारबाहीका निर्णयजस्ता कार्यका विभिन्न चरणहरू हुने गर्दछन्। यस्ता चरणबद्ध कार्यमा एक चरणमा सघन रूपमा कार्य गरेका कर्मचारीलाई पुनः दोस्रो चरणका कार्यमा लगाउँदा पूर्व दृष्टिकोण वा मान्यताकै आधारमा अनुसन्धान वा छानबिन हुन सक्ने तथा अर्को दृष्टिकोण वा फरक ढङ्गले नहेरिन

सक्ने भएकाले कुनै एक चरणमा कार्य गरेको उही व्यक्तिलाई अन्य निर्णायक चरणका काममा लगाउने गरिँदैन। यस केन्द्रले पनि भ्रष्टाचारजन्य कार्यका सूचना सङ्कलन, छानबिन, अनुगमन तथा कारबाहीको निर्णय र सिफारिसजस्ता कार्यका सुरु चरणदेखि अन्तिम चरणसम्म एउटै कर्मचारीलाई जिम्मेवारी नदिनेतर्फ सचेतता अपनाउने गरेको छ। त्यस्तै केन्द्रमा गोप्य रहनुपर्ने कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहुँच, प्रभाव र संलग्नता नरहने व्यवस्था सुनिश्चित गरिएको छ।

च. परिचय शून्यताको सिद्धान्त (Principle of Identity Masking)

अनियमितता र भ्रष्टाचारजन्य कार्य नियन्त्रण गर्न सूचना सङ्कलन, छानबिन, अनुगमन तथा कारबाहीको निर्णय र सिफारिस जस्ता कार्यमा संलग्न हुने कर्मचारीले कार्यसम्पादनको सिलसिलामा आफ्नो ओहदा वा पदको आधारमा प्रभावित पार्न नहुनेतर्फ केन्द्र सचेत छ। कुनै पनि उजुरी वा कारबाहीको सिलसिलामा हुने छानबिनमा संलग्न कर्मचारीले प्रचलित कानुन, कार्यविधि र मापदण्डको आधारमा निष्पक्ष र वस्तुनिष्ठ रूपमा कार्य गर्ने र कुनै पद प्रतिष्ठाका आधारमा छानबिन र कारबाही प्रभावित नहुने व्यवस्था सुनिश्चित गरिएको छ। साथै यस केन्द्रमा कार्यरत कर्मचारी भएकै कारणले अन्य निकायका कामकारबाहीमा पनि प्रत्यक्ष वा परोक्ष प्रभाव पार्न नहुनेतर्फ केन्द्र तथा केन्द्रमा कार्यरत कर्मचारीले सचेतता अपनाउने गरिएको छ।

छ. असंलग्नताको सिद्धान्त (Principle of Non-Involvement)

यस केन्द्रबाट सम्पादन हुने कुनै भ्रष्टाचारजन्य कार्यको सूचना सङ्कलन, छानबिन, अनुगमन तथा कारबाहीको निर्णय र सिफारिस जस्ता कार्यमा संलग्न हुने कर्मचारीको नातेदारसँग सम्बन्धित वा नातेदार संलग्न भएको अवस्थामा त्यस्तो पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त कार्यसम्बद्ध कुनै कार्यप्रक्रियामा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न नगराइने र प्रभाव नपर्ने गरी कार्यसम्पादन गर्नेतर्फ केन्द्र सजग र सचेत रहने गरेको छ।

१.४.२ केन्द्रको कार्य सम्पादनका मूल्य र मान्यताहरू

केन्द्रले देहायका मूल्य, मान्यताहरूको अनुशरण गरी आफ्नो कार्य सम्पादन गर्दछः

क. पेसागत पवित्रता र नैतिकताको सिद्धान्त (Principles of Professional Integrity and Ethics)

केन्द्रबाट सम्पादन हुने भ्रष्टाचारजन्य कार्यको सूचना सङ्कलन, छानबिन तथा कारबाहीका निर्णय लगायतका कार्य गर्दा कुनै अनावश्यक कारबाही तथा डर, त्रास सिर्जना नहुनका लागि यस संस्थाको कार्यप्रक्रियालाई पारदर्शी, अनुमानयोग्य र वस्तुनिष्ठ बनाउन कानुन, कार्यविधि तथा मापदण्डहरू बनाइएको छ। साथै केन्द्रका जनशक्तिमा कार्यसम्पादन गर्दा विशिष्ट पेसागत दक्षता, पेसागत पवित्रता र नैतिकता कायम गर्ने प्रयास गरिएको छ।

ख. पेसागत जिम्मेवारीप्रतिको स्वप्रत्यावर्तन (Reflection in Professional Responsibility)

केन्द्रले उजुरी छानबिन गर्ने लगायतका कार्यहरू प्रशासनिक मात्र नभई कानुनी तथा प्राविधिक प्रकृतिकासमेत हुने भएकाले आफ्नो पेसागत दक्षता र विज्ञता विकासका लागि निरन्तर प्रयास गर्दै आएको छ। आफ्नो कार्यजिम्मेवारीमा प्रभावकारिता ल्याउनका लागि स्वप्रत्यावर्तनका आधारमा आफ्नो पेसागत जिम्मेवारी पालनामा नियमित सुधार पनि गर्दै आएको छ। आफ्ना सहकर्मी तथा उपल्लो तहबाट प्राप्त पृष्ठपोषणका आधारमा पेसागत कार्यशैलीमा सुधार गरी सरोकारवाला र सेवाग्राहीबाट

प्राप्त पृष्ठपोषणलाईसमेत आत्मसात गर्ने गरिएको छ। पेसागत कार्यशैलीमा नवीनता, सैद्धान्तिक ज्ञानको व्यावहारिक प्रयोग, प्राप्त गरेका अनुभव तथा अभ्यासहरूको प्रवोधीकरणजस्ता कार्यमा सक्रिय सहभागी हुने गरेको छ। यसका लागि संस्थागत सिकाइका अवसर सिर्जना गरी केन्द्र अगाडि बढिरहेको छ।

ग. अरूप्रतिको सम्मान प्रदर्शन (Demonstrate Respect for Others)

केन्द्रको कार्यमा संलग्न व्यक्ति तथा पदाधिकारीहरूमा अरूप्रति सम्मान गर्ने आचरण तथा मूल्यको विकास हुनुपर्ने भएकाले केन्द्रले सूचना सङ्कलन, छानबिनलगायतका कार्यमा सम्बद्ध व्यक्ति तथा पदाधिकारीसँग सोधपुछ एवम् छलफल गर्दा मानवीय मूल्य, मान्यता र आदर्शलाई ख्याल गर्ने गरेको छ। सेवाग्राहीप्रति समान व्यवहार गरी सबै सहकर्मी तथा वाह्य निकायका कर्मचारीप्रति उच्च सम्मानका साथ मैत्रीपूर्ण व्यवहार गर्दै आएको छ। केन्द्रले कार्यसम्पादन गर्ने क्रममा सरोकारवालाहरूप्रति उचित सम्मान तथा समभाव प्रदर्शन गर्दै सेवाग्राहीको संवेगात्मक, शारीरिक तथा मनोवैज्ञानिक पक्षसमेतलाई ध्यानमा राख्ने गरेको छ।

घ. पेसाधर्मिता (Professionalism/Professional Ethics)

केन्द्रको काममा निश्चित पेसागत जवाफदेहिता र आचरण हुनुपर्ने भएकाले केन्द्रले पेसागत आचरण, नैतिकता, गोपनियताजस्ता पेसाधर्मिता कायम गर्ने गरिएको छ।

ङ. समाजप्रतिको उत्तरदायित्व (Responsibility towards Society)

नेपालको संविधान र प्रचलित कानुनहरूमा भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने उल्लेख भएको सन्दर्भमा सार्वजनिक संस्थाहरूमा हुने भ्रष्टाचारजन्य कार्यलाई नियन्त्रण गर्ने दायित्व निर्वाह गरी सामाजिक उत्तरदायित्व वहन गर्न केन्द्र प्रयत्नशील रहेको छ।

१.५ केन्द्रको कार्यक्षेत्र र सङ्गठन संरचना

१.५.१ केन्द्रको कार्यक्षेत्र

विभिन्न सार्वजनिक संस्थाबाट हुने सेवा प्रवाह तथा विकास निर्माणका गतिविधिमा गुणस्तर अभिवृद्धि गर्दै भ्रष्टाचार हुन नदिनु र सुशासनको संस्कृति विकास गर्नुमा केन्द्रको कार्यक्षेत्र केन्द्रित रहेको छ। केन्द्रले भ्रष्टाचार निवारण ऐन (संशोधनसहित), २०५९, राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५, राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८, प्राविधिक परीक्षकको आचारसंहिता, २०६७, भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना, २०६५ अन्तर्गतको निकायगत कार्ययोजना, २०६७, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३ कार्यान्वयन सम्बन्धी राष्ट्रिय रणनीति, २०६९ समेतको नीतिगत तथा कानुनी व्यवस्था अनुरूप भ्रष्टाचार नियन्त्रणका लागि निरोधात्मक (Preventive) र प्रवर्धनात्मक (Promotional) कार्यसम्पादन गर्दै आइरहेको छ। साथै नेपाल सरकारले समय समयमा दिने निर्देशनको आधारमासमेत केन्द्रले कार्यसम्पादन गर्दै आएको छ।

उपर्युक्त ऐन र नियमावलीलगायतका कानुनी व्यवस्था एवम् रणनीतिले व्यवस्था गरेबमोजिम यस केन्द्रको कार्यक्षेत्र निम्नानुसार रहेको छ:-

१.५.१.१ भ्रष्टाचार निवारण ऐन (संशोधनसहित), २०५९

सर्वसाधारण जनताको सुख, शान्ति र आर्थिक हितको निमित्त समाजमा विद्यमान आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्दै भ्रष्टाचार निवारण गर्ने उद्देश्यले जारी भएको भ्रष्टाचार निवारण ऐन (संशोधनसहित), २०५९ को दफा ३८ मा केन्द्रको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः

- सार्वजनिक संस्थाबाट सम्पादन हुनुपर्ने कार्यहरू नियमितरूपमा भए नभएको विषयमा सूचना सङ्कलन गर्ने,
- सार्वजनिक संस्थाबाट नियमितरूपमा हुनुपर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गराउने,
- कुनै राष्ट्रसेवकले यस ऐन वा प्रचलित कानुनबमोजिम पेस गरेको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने,
- भ्रष्टाचार हुन सक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्न आवश्यक व्यवस्था मिलाउने,
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत्सम्बन्धी कानुनमा कुनै सुधार गर्नुपर्ने देखिएमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
- सार्वजनिक संस्थामा उजुरी पेटिका राख्ने व्यवस्था मिलाउने,
- भ्रष्टाचार रोकथाम गर्ने उद्देश्यले आवश्यकताअनुसार सम्बन्धित निकायलाई कुनै सुझाव वा निर्देशन दिने,
- भ्रष्टाचारसम्बन्धी कसुरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचारसम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अद्यावधिक गराई राख्ने,
- भ्रष्टाचारसम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा लेखी पठाउने,
- सार्वजनिक संस्थाबाट निर्माण वा सञ्चालन भएका आयोजनाको आवश्यकताअनुसार प्राविधिक परीक्षण गर्ने,
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आइपर्ने अन्य कार्य गर्ने, गराउने,
- नेपाल सरकारले तोकेको अन्य कार्य गर्ने, गराउने।

१.५.१.२ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिएबमोजिम नागरिक बडापत्र राख्नुपर्ने व्यवस्था गरेको छ। यस्ता सरकारी निकायले नागरिक बडापत्र राखे नराखेको एवम् नागरिक बडापत्रबमोजिमको सेवा प्रवाह भए नभएको सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना, २०६५ अन्तर्गतको निकायगत कार्ययोजना, २०६७ ले केन्द्रलाई तोकिदिएको छ।

१.५.१.३ राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी केन्द्रको कार्य सञ्चालन नियमित र व्यवस्थित गर्न

नेपाल सरकारले जारी गरेको राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ ले केन्द्रको कार्यक्षेत्र देहायबमोजिम व्यवस्था गरेको छ:

क. सूचना सङ्कलन गर्ने: सरकारी कार्यालय वा सार्वजनिक संस्थाबाट सम्पादन हुने कार्यमा अनियमितता र भ्रष्टाचार भएको सम्बन्धमा विभिन्न माध्यमबाट सूचना सङ्कलन गर्ने, उजुरी तथा निवेदनहरू लिने, प्रारम्भिक छानबिन गरी आफ्नो नाम किटान गरी उजुरी दिने व्यक्तिले सो उजुरी उपर भएको कारबाहीको जानकारी माग गरेमा त्यस्तो उजुरीको सम्बन्धमा भए गरेको कारबाहीको जानकारी केन्द्रले सम्बन्धित उजुरीकर्तालाई गराउने ।

ख. अनुगमन गर्ने एवम् सुझाव वा निर्देशन दिने: सरकारी कार्यालय र सार्वजनिक संस्थाहरूबाट हुने आर्थिक, प्रशासनिक तथा प्राविधिक काम, जनतालाई पुऱ्याउनु पर्ने सेवा सुविधा कानुनबमोजिम भए वा नभएको, सम्पादन हुने काममा ढिलासुस्ती वा अनियमितता भए वा नभएको, प्रदान हुने सेवा सुविधा र सोसँग सम्बन्धित अन्य विषय तथा नेपाल सरकारको भ्रष्टाचार विरुद्धको रणनीति, कार्यनीति, कार्यक्रमहरूको कार्यान्वयन भए वा नभएको सम्बन्धमा नियमित अनुगमन गर्ने वा गराउने र नियमित तरिकाले भएको नदेखिएमा छिटो, छरितो र प्रभावकारी किसिमबाट कार्यसम्पादन गर्नका लागि आवश्यक सुझाव वा निर्देशन दिने ।

ग. सतर्क गराउने र कारबाहीको लागि लेखी पठाउने: सरकारी कार्यालय वा सार्वजनिक संस्थाको अनुगमन गर्दा कुनै किसिमको अनियमितता हुन लागेको वा नियमितरूपमा काम नभएको पाइएमा वा केन्द्रको सुझाव वा निर्देशन कार्यान्वयन नगरेमा यस्तो निकायको प्रमुख र त्यस्तो कार्यमा संलग्न कर्मचारीलाई सो विषयमा लिखित रूपमा सर्तक गराउने । साथै सतर्क गराइएको विषय पालना नगरेमा त्यस्तो प्रमुख वा कर्मचारीको अभिलेख राखी आवश्यक विभागीय कारबाहीका लागि सम्बन्धित निकाय र प्रचलित कानुनबमोजिम अन्य कारबाही गर्नुपर्ने भए अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउने ।

घ. सम्पत्ति विवरण तथा आयको अनुगमन गर्ने: राष्ट्रसेवकले नियमितरूपमा सम्पत्ति विवरण पेस गरे नगरेको तथा पेस गरेको सम्पत्ति विवरण राख्न तोकिएको निकायले नियमितरूपमा त्यस्तो सम्पत्ति विवरण राखे वा नराखेको अनुगमन गरी नियमित सम्पत्ति विवरण पेस नगर्ने राष्ट्रसेवकलाई भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधनसहित) को दफा ५०(३) बमोजिम कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउने ।

ङ. निगरानी, छड्के जाँच तथा अन्वेषण गर्ने: भ्रष्टाचार हुन सक्ने सरकारी कार्यालय वा सार्वजनिक संस्थाको काममा नियमित निगरानी वा छड्के जाँच गर्न सक्ने, त्यस्ता निकायबाट सम्पादन हुने काममा अनियमितता भएको छ भन्ने केन्द्रलाई लागेमा सो सम्बन्धमा केन्द्रको अधिकृतस्तरको कर्मचारीमार्फत् अन्वेषण गराउने, अन्वेषणका लागि आवश्यक जानकारी, सूचना, विवरण तथा कागजात एवम् लिखित जानकारी माग गर्ने ।

च. प्राविधिक परीक्षण गर्ने: सार्वजनिक संस्थाबाट निर्माण वा सञ्चालन गरिने विकास आयोजनाको लागत, समय, गुणस्तर, परिमाण, प्रभावकारिता र प्राप्त उपलब्धिका आधारमा आयोजनाको डिजाइनको उपयुक्तता, अपेक्षित उपलब्धि हासिल हुने/नहुने सम्भावना, आयोजनाको प्रभावकारिता र दिगोपनालगायतका कुराहरूको प्राविधिक परीक्षण गर्ने, प्राविधिक परीक्षण गर्दा देखिएका कमीकमजोरीलाई तत्काल सुधार गर्न र भविष्यमा त्यस प्रकारको कमी कमजोरी हुन नदिन आवश्यक व्यवस्था गर्न सरकारी कार्यालय वा सार्वजनिक संस्थाको माथिल्लो निकायलाई लेखी पठाउने, त्रुटि सच्याउन लेखी पठाउने, गम्भीर त्रुटि भएको पाइएमा आयोजनाको काम रोक्न निर्देशन दिन सक्ने ।

छ. जनचेतना अभिवृद्धिसम्बन्धी काम गर्ने: अनियमितता र भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारीरूपमा नियन्त्रण गर्न तथा भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्न केन्द्रको कार्यप्रकृति र क्षेत्राधिकारबारे सर्वसाधारणलाई जानकारी गराउने, निरोधात्मक तथा भ्रष्टाचार विरोधी प्रचारात्मक कार्यक्रम सञ्चालन गर्ने, भ्रष्टाचारविरोधी जनचेतना अभिवृद्धि गर्न तालिम, गोष्ठी, कार्यशाला तथा समुदायमा आधारित सामुदायिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने।

ज. अन्तरनिकाय सहकार्य: अनियमितता र भ्रष्टाचार नियन्त्रणको कार्यमा अन्य सम्बन्धित निकायसँग सहकार्य गर्ने।

१.५.१.४ भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना, २०६५ अन्तर्गतको निकायगत कार्ययोजना, २०६७

सार्वजनिक संस्थाले नागरिक बडापत्र राखे नराखेको एवम् नागरिक बडापत्रबमोजिमको सेवा प्रवाह भए नभएको सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना, २०६५ अन्तर्गतको निकायगत कार्ययोजना, २०६७ ले यस केन्द्रलाई तोकिदिएको छ।

१.५.१.५ राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८

सरकारी तथा सार्वजनिक निकायमा हुने भष्टाचार तथा अनियमिततासँग सम्बन्धित सूचनाको सङ्कलन, उजुरी ग्रहण र सोको व्यवस्थापन, अनुगमन, निरीक्षण, अन्वेषण, प्राविधिक परीक्षणलगायतका कार्यको सम्पादनमा एकरूपता ल्याई नियमित, व्यवस्थित र पारदर्शी बनाई भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्ने कार्यलाई प्रभावकारी तुल्याउन राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८ तर्जुमा गरी लागु गरिएको छ। निर्देशिकामा केन्द्रसँग सम्बन्धित ऐन तथा नियमावलीमा व्यवस्था गरिएका प्रावधानहरूको कार्यान्वयन गर्न विस्तृत कार्यविधिगत व्यवस्था गरिएको छ।

१.५.१.६ राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१

सरकारी तथा सार्वजनिक निकायमा हुने भष्टाचार तथा अनियमिततालाई प्रभावकारी रूपमा नियन्त्रण गर्न प्रहरी ऐन, २०१२ को दफा ३९ बमोजिम राष्ट्रिय सतर्कता प्रहरी नियमावली, २०७१ तर्जुमा गरी केन्द्रमा रहने प्रहरी कर्मचारीको सेवाको गठन, सङ्गठनात्मक संरचना र सेवा सर्तसम्बन्धी व्यवस्था गरिएको छ।

१.५.२ केन्द्रको सङ्गठन संरचना र जनशक्ति

१.५.२.१ सङ्गठन संरचना

केन्द्रमा राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख अधिकृत/सचिवको नेतृत्वमा रहने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०२।०६ को निर्णयानुसार स्वीकृत सङ्गठन संरचनाबमोजिम चारवटा महाशाखाहरू - *प्रशासन तथा अनुगमन महाशाखा, प्राविधिक परीक्षण तथा अनुगमन महाशाखा, नीति निर्माण तथा कानुनी राय परामर्श महाशाखा* र *प्रहरी व्यवस्थापन, सूचना सङ्कलन, निगरानी तथा अनुगमन महाशाखा* रहेका छन्। प्रशासन तथा अनुगमन महाशाखाअन्तर्गत उजुरी व्यवस्थापन, अन्वेषण तथा अनुगमन शाखा, सूचना सङ्कलन, अन्वेषण तथा अनुगमन शाखा, आर्थिक प्रशासन शाखा र प्रशासन तथा योजना शाखा रहेका छन्। प्राविधिक परीक्षण तथा अनुगमन महाशाखाअन्तर्गत प्राविधिक परीक्षण तथा अनुगमन शाखा नं. १, २, ३ र ४ एवम् प्रयोगशाला परीक्षण शाखा रहेका छन्। नीति निर्माण तथा कानुनी राय परामर्श महाशाखाअन्तर्गत सम्पत्ति विवरण तथा अनुगमन शाखा, नीति निर्माण तथा अनुगमन शाखा र कानुनी राय तथा परामर्श शाखा, छानबिन, अन्वेषण तथा अनुगमन शाखा रहेका छन्। यसैगरी प्रहरी व्यवस्थापन सूचना सङ्कलन, निगरानी तथा अनुगमन महाशाखाअन्तर्गत प्रहरी व्यवस्थापन, सूचना सङ्कलन, निगरानी तथा अनुगमन उपमहाशाखा, सूचना सङ्कलन

तथा अन्वेषण शाखा, निगरानी तथा अनुगमन शाखा, प्रहरी व्यवस्थापन तथा अनुगमन शाखा र अन्वेषण तथा अनुगमन शाखा रहेका छन्। केन्द्रको स्वीकृत सङ्गठन संरचना अनुसूची १ मा समावेश गरिएको छ।

१.५.२.२ जनशक्ति

स्वीकृत सङ्गठन संरचना र दरबन्दी तेरिजअनुसार हाल केन्द्रमा देहायबमोजिमका निजामती र राष्ट्रिय सतर्कता प्रहरी कर्मचारीहरूको दरबन्दी रहेको छ।

निजामतीतर्फ

सि.नं.	सेवा	श्रेणी	पदनाम	दरबन्दी सङ्ख्या
१	नेपाल इन्जिनियरिङ	विशिष्ट	सचिव	१
२	नेपाल प्रशासन	रा.प. प्रथम	सहसचिव	२
३	नेपाल इन्जिनियरिङ	रा.प. प्रथम	सहसचिव (प्रा.)	१
४	नेपाल प्रशासन	रा.प. द्वितीय	उपसचिव	५
५	नेपाल प्रशासन	रा.प. द्वितीय	उपसचिव (लेखा)	२
६	नेपाल न्याय	रा.प. द्वितीय	उपसचिव (कानुन)	१
७	नेपाल इन्जिनियरिङ	रा.प. द्वितीय	सि.डि.ई.	५
८	नेपाल प्रशासन	रा.प. तृतीय	शाखा अधिकृत	२१
९	नेपाल प्रशासन	रा.प. तृतीय	लेखा अधिकृत	२
१०	नेपाल न्याय	रा.प. तृतीय	कानुन अधिकृत	२
११	नेपाल इन्जिनियरिङ	रा.प. तृतीय	इन्जिनियर	१२
१२	नेपाल विविध	रा.प. तृतीय	कम्प्युटर अधिकृत	२
१३	नेपाल विविध	रा.प. तृतीय	वातावरणविद्	१
१४	नेपाल विविध	रा.प. तृतीय	समाजशास्त्री	१
१५	नेपाल विविध	रा.प. तृतीय	कम्प्युटर इन्जिनियर	१
१६	नेपाल प्रशासन	रा.प. अनं. प्रथम	नायब सुव्वा	१५
१७	नेपाल प्रशासन	रा.प. अनं. प्रथम	लेखापाल	२
१८	नेपाल इन्जिनियरिङ	रा.प. अनं. प्रथम	सव इन्जिनियर	८
१९	नेपाल इन्जिनियरिङ	रा.प. अनं. प्रथम	ल्याब असिस्टेन्ट	२
२०	नेपाल विविध	रा.प. अनं. प्रथम	कम्प्युटर अपरेटर	६
२१	नेपाल इन्जिनियरिङ	रा.प. अनं. द्वितीय	ल्याब ब्वाई	४

सि.नं.	सेवा	श्रेणी	पदनाम	दरबन्दी सङ्ख्या
२२	नेपाल इन्जिनियरिङ	श्रेणीविहीन	हलुका सवारी चालक	१०
२३	नेपाल प्रशासन	श्रेणीविहीन	कार्यालय सहयोगी	१७
			जम्मा	१२३

राष्ट्रिय सतर्कता प्रहरीतर्फ

सि.नं.	सेवा	श्रेणी	पदनाम	दरबन्दी सङ्ख्या
१	प्रहरी	रा.प.प्रथम सरह	प्रहरी नायब महानिरीक्षक	१
२	प्रहरी	रा.प.प्रथम सरह	प्रहरी वरिष्ठ उपरीक्षक	१
३	प्रहरी	रा.प.द्वितीय सरह	प्रहरी उपरीक्षक	५
४	प्रहरी	रा.प.द्वितीय सरह	प्रहरी नायब उपरीक्षक	८
५	प्रहरी	रा.प.तृतीय सरह	प्रहरी निरीक्षक	९
			जम्मा	२४

आर्थिक वर्ष २०८१/८२ मा केन्द्रमा कार्यरत रहेका कर्मचारीहरूको विवरण अनुसूची-२ मा समावेश गरिएको छ। साथै केन्द्रको स्थापनादेखि हालसम्मका प्रमुख अधिकृत/सचिवको नामावली अनुसूची ३ मा राखिएको छ।

१.५.३ केन्द्रका महाशाखाहरूको कार्य जिम्मेवारी

१.५.३.१ प्रशासन तथा अनुगमन महाशाखा

- कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, अवकाश, कार्य सम्पादन मूल्याङ्कन, बिदा, दण्ड र पुरस्कार एवम् वृत्ति विकाससम्बन्धी काम कारबाही प्रचलित कानुनबमोजिम गर्ने गराउने,
- केन्द्रलाई आवश्यक पर्ने भौतिक सम्पत्ति तथा साधन स्रोतको समुचित व्यवस्थाका साथै सुरक्षा व्यवस्थासमेत मिलाउने,
- केन्द्रलाई आवश्यक पर्ने विशेषज्ञ सेवा काजमा वा करारमा लिनेसम्बन्धी काम गर्ने,
- सूचना सङ्कलन, अध्ययन र अन्वेषणको क्रममा आवश्यक पर्ने जनशक्ति तथा सेवा सम्बन्धित निकायबाट माग गर्ने,
- केन्द्रका लागि आवश्यक पर्ने मानव संशाधन विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने तथा कर्मचारीहरूलाई प्राप्त छात्रवृत्ति एवम् तालिम कार्यक्रमहरूमा मनोनयन गर्ने,
- शाखाहरूबाट स्थलगत जाँच, प्रारम्भिक छानबिन, परीक्षण एवम् अन्वेषणका लागि आवश्यक पर्ने उपकरण, प्राविधिक जनशक्ति तथा अन्य सेवा सुविधा उपलब्ध गराउने,
- केन्द्रबाट तयार गरिएका तथा अन्यत्रबाट प्राप्त हुन आएका महत्त्वपूर्ण प्रतिवेदन, मिसिल एवम् कागजातहरूको अभिलेख व्यवस्थापन गर्ने,

- केन्द्रको कुनै काम कारबाहीमा आवश्यकताअनुसार आन्तरिक एवम् अन्तरनिकाय समन्वयसम्बन्धी काम गर्ने र अनुगमनको व्यवस्था मिलाउने,
- केन्द्रलाई आवश्यक पर्ने वार्षिक बजेट निर्माण, स्वीकृति, निकासा, खर्च, लेखापरीक्षण र बेरुजु फछ्र्यौटलगायतका कार्यहरू गर्ने,
- वैदेशिक सहयोग परिचालनसम्बन्धी कार्य गर्ने,
- केन्द्रको सङ्गठन विकास तथा सुदृढीकरणका लागि योजना तर्जुमा, कार्यशाला एवम् गोष्ठीहरूको आयोजना गरी जनशक्ति विकास र जनचेतना अभिवृद्धिसम्बन्धी कार्य गर्ने,
- केन्द्रले गरेका कामका सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गर्ने गराउने,
- भ्रष्टाचार सम्बन्धी कानुन एवम् नजीरहरू अद्यावधिक गर्ने,
- भ्रष्टाचारजन्य क्रियाकलापहरू हुन नदिन विभिन्न किसिमका जनचेतनामूलक कार्यक्रमहरूको तर्जुमा गरी केन्द्र आफैँले वा अन्य सरकारी निकाय, सङ्गठित संस्था, गैरसरकारी संस्था वा नागरिक समाजसँग सहकार्य एवम् समन्वय गरी सञ्चालन गर्नुका साथै विभिन्न माध्यमबाट भ्रष्टाचार विरोधी अभियानको प्रचार प्रसार गर्ने,
- केन्द्रमा प्राप्त उजुरी निवेदन, गोप्य सूचना, निरीक्षण/निगरानीसमेतबाट प्राप्त सूचनाको आधारमा केन्द्रले गरेको अन्वेषणबाट कुनै सार्वजनिक संस्था वा पदाधिकारीले आर्थिक वा प्रशासनिक अनियमितता गरेको देखिन आएमा त्यस्ता निकाय वा पदाधिकारीहरूलाई सतर्क गराउने व्यवस्था मिलाउने,
- सार्वजनिक संस्थाबाट सम्पादन हुनुपर्ने कार्य र जनतालाई पुऱ्याउनु पर्ने सेवा सुविधा नियमितरूपमा पुऱ्याइएका छन् छैनन् र त्यस्ता कार्यमा आर्थिक, प्रशासनिक, प्राविधिक आदि अनिमितता र ढिलासुस्ती भएको छ छैन भन्ने सम्बन्धमा नियमितरूपमा निगरानी राख्ने, छड्के जाँच वा अन्वेषण गर्ने जस्ता अनुगमनका प्रभावकारी उपायहरू अवलम्बन गर्ने,
- सार्वजनिक संस्थालगायत जनतालाई सेवा सुविधा प्रदान गर्ने उद्देश्यले स्थापना भएका सबै कार्यालयहरूमा उजुरी पेटिका राख्न लगाई प्राप्त उजुरीहरूको विषयमा भएका कारबाहीको अनुगमन गर्ने,
- सार्वजनिक संस्थाहरूबाट नियमितरूपमा सम्पादन हुनुपर्ने कार्यहरू नभएको र भ्रष्टाचार भएको विषयमा कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाएकोमा कारबाही भएको छ छैन अनुगमन गर्ने,
- महाशाखालाई तोकिएका अन्य कार्य गर्ने/गराउने ।

१.५.३.२ प्राविधिक परीक्षण तथा अनुगमन महाशाखा

- सार्वजनिक निर्माण तथा अन्य पूर्वाधार विकास कार्यको प्राविधिक परीक्षण (Technical Audit) गर्न प्रभावकारी परीक्षणको व्यवस्था गर्ने,
- वार्षिक बजेट तथा कार्यक्रम प्रस्तावना तयार गरी स्वीकृतिका लागि प्रमुख अधिकृतसमक्ष पेस गर्ने,
- वार्षिक कार्यतालिकाबमोजिमको प्राविधिक परीक्षण गर्न आवश्यक पर्ने प्राविधिक परीक्षकहरूको अन्तिम छनौट गरी स्वीकृतिका लागि प्रमुख अधिकृतसमक्ष पेस गर्ने,
- प्राविधिक परीक्षकहरूको नियुक्तिका लागि प्रमुख अधिकृतसमक्ष पेस गर्ने,
- प्राविधिक परीक्षकको अन्तिम सूची स्वीकृत भएपछि आफ्नो मातहतमा गरिने प्राविधिक परीक्षणहरूको

कार्यसर्त र पारिश्रमिक तथा सेवा शुल्कको लागत अनुमान स्वीकृत गर्ने,

- प्राविधिक परीक्षण कार्य वार्षिक कार्यक्रम अनुरूप भइरहेको छ, छैन अनुगमन गर्ने र प्रगति कम देखिएमा आवश्यक सुधारात्मक कदमहरू अपनाउने,
- प्राविधिक परीक्षकहरूको कामको समन्वय, सुपरिवेक्षण र निजहरूमार्फत् भइरहेका र भएका प्राविधिक परीक्षणहरूको मूल्याङ्कन गर्ने,
- प्राविधिक बेरुजु विवरणमा उल्लिखित 'तात्कालिक सुधारात्मक काम र 'दोहोरिन नदिने उपायहरूको कार्यान्वयन बारे विभागीय तहमा ताकेता गर्ने र मन्त्रालयस्तरबाट गरिनुपर्ने कामबारे प्रमुख अधिकृत समक्ष पेस गर्ने,
- प्राविधिक परीक्षकहरूको कामको मूल्याङ्कन गर्ने,
- अन्तर्गतका 'प्राविधिक बेरुजु विवरण' र 'प्राविधिक परीक्षण प्रतिवेदन' सङ्कलन र सम्पादन गरी आवश्यक सिफारिस तथा सुझावहरूसहितको वार्षिक प्राविधिक परीक्षण प्रतिवेदन तयार गरी प्रमुख अधिकृत समक्ष पेस गर्ने,
- प्राविधिक परीक्षण परामर्श समितिको बैठकको आयोजना गर्ने,
- महाशाखालाई तोकिएका अन्य कार्य गर्ने ।

१.५.३.३ नीति निर्माण तथा कानुनी राय परामर्श महाशाखा

- केन्द्रको सङ्गठनात्मक सुदृढीकरण एवम् विकासका लागि आवश्यक कार्यक्रम, कार्ययोजना तयार गरी पेस गर्ने,
- नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, कार्यालय एवम् सार्वजनिक संस्थाहरूबाट भइरहेका कार्यहरूको मूल्याङ्कनका आधारमा भ्रष्टाचार तथा अनियमितता नियन्त्रका लागि अल्पकालीन एवम् दीर्घकालीन योजना र कार्यक्रम तयार गर्ने,
- सम्पत्ति विवरण पेस गर्नुपर्ने दायित्व भएका व्यक्तिहरूले तोकिएबमोजिम पेस गरेको सम्पत्ति विवरणसम्बन्धी आवश्यक कार्य गर्ने,
- सार्वजनिक संस्था तथा पदाधिकारीलाई भ्रष्टाचारको रोकथामसम्बन्धी नीति, रणनीति निर्माण गर्ने र कानुन सुधारसम्बन्धी आवश्यक सुझाव वा निर्देशन दिनेसम्बन्धी काम गर्ने,
- महाशाखालाई आवश्यक पर्ने वार्षिक बजेट अनुमान तयार गरी प्रमुख अधिकृतसमक्ष पेस गर्ने,
- महाशाखाको कार्य प्रगतिका बारेमा मासिक रूपमा प्रमुख अधिकृतसमक्ष पेस गर्ने,
- अनियमितता र भ्रष्टाचार नियन्त्रण गर्ने सम्बन्धमा क्रियाशील सरकारी एवम् गैरसरकारी निकाय र नागरिक समाजहरूसँग समन्वय कायम गरी सञ्चालन गरिने वार्षिक कार्यक्रम र कार्ययोजना तयार गर्ने,
- नेपाल सरकारका विभिन्न निकायहरू र सार्वजनिक संस्थाहरूबाट नियमितरूपमा कार्य सम्पादन भए नभएको विषयमा सूचना तथा उजुरी सङ्कलन गर्ने,
- नेपाल सरकारका विभिन्न निकायहरू र सार्वजनिक संस्थाहरूमा भ्रष्टाचार तथा आर्थिक अपराध हुनसक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गरी नियमित निगरानी गर्ने,
- सङ्कलित सूचना सामग्रीको अभिलेख अद्यावधिक गर्ने,

- सङ्कलित सूचनाको अध्ययन तथा प्रशोधन गरी तथ्य पत्ता लगाई विभिन्न महाशाखा, शाखाहरूमा सम्बन्धित सूचनाहरू पठाउने तथा त्यसको अभिलेख राख्ने,
- भ्रष्टाचार सम्बन्धी कानुन एवम् नजीरहरू अद्यावधिक गर्ने,
- केन्द्रमा प्राप्त उजुरी निवेदन, गोप्य सूचना, निरीक्षण र निगरानीसमेतबाट प्राप्त सूचनाको आधारमा केन्द्रले गरेको अन्वेषणबाट कुनै सरकारी निकाय, सार्वजनिक संस्था वा पदाधिकारीले आर्थिक वा प्रशासनिक अनियमितता गरेको देखिन आएमा त्यस्ता निकाय वा पदाधिकारीहरूलाई सतर्क गराउने,
- सार्वजनिक संस्थाबाट सम्पादन हुनुपर्ने कार्य र जनतालाई पुऱ्याउनुपर्ने सेवा सुविधाहरू नियमितरूपमा पुऱ्याइएका छन् छैनन् र त्यस्ता कार्यमा आर्थिक, प्रशासनिक, प्राविधिक आदि अनियमितता र ढिलासुस्ती भएको छ छैन भन्ने सम्बन्धमा नियमितरूपमा निगरानी, छड्के जाँच वा अन्वेषण गर्ने,
- सरकारी वा सार्वजनिक संस्थाहरूबाट नियमितरूपमा सम्पादन हुनुपर्ने कार्यहरू र भ्रष्टाचार भएको विषयमा कारबाहीकालागि सम्बन्धित निकायमा लेखी पठाएकोमा कारबाही भएको छ, छैन अनुगमन गर्ने,
- मातहतका शाखाहरूलाई आवश्यक निर्देशन दिने,
- महाशाखालाई तोकिएको अन्य कार्य गर्ने ।

१.५.३.४ प्रहरी व्यवस्थापन, सूचना सङ्कलन, निगरानी तथा अनुगमन महाशाखा

- केन्द्रबाट महाशाखामा प्राप्त हुन आएका उजुरी/निवेदन, सूचना तथा पत्रका सम्बन्धमा भ्रष्टाचार निवारण ऐन (संशोधनसहित), २०५९, राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ तथा राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८ तथा सुशासनसम्बन्धी अन्य प्रचलित ऐन, नियममा निर्दिष्ट भएबमोजिम छानबिन एवम् अन्वेषण गरी रायसहित प्रमुख अधिकृतसमक्ष पेस गर्ने,
- केन्द्रको काम कारबाहीमा आवश्यकतानुसार आन्तरिक एवम् अन्तरनिकाय समन्वयसम्बन्धी काम गर्ने र अनुगमनको व्यवस्था मिलाउने,
- प्रमुख अधिकृतले दिएको निर्देशन मातहतका कर्मचारीबाट पालना भए नभएको अनुगमन गरी समय समयमा शाखाहरूको बैठक बोलाई आवश्यक निर्देशन दिने,
- भ्रष्टाचार विरुद्धको अभियानमा महत्त्वपूर्ण योगदान पुऱ्याउने तथा भ्रष्टाचारसँग सम्बन्धित महत्त्वपूर्ण सूचना दिने व्यक्तिलाई मनासिव पुरस्कारको लागि सिफारिस गर्ने,
- केन्द्रमा प्राप्त उजुरी निवेदन, गोप्य सूचना, निरीक्षण अनुगमन तथा निगरानीबाट प्राप्त सूचनाका आधारमा केन्द्रले गरेको अन्वेषणबाट कुनै सरकारी निकाय, सार्वजनिक संस्था वा पदाधिकारीलाई सतर्क गराउनका लागि प्रमुख अधिकृतसमक्ष राय पेस गर्ने,
- सरकारी वा सार्वजनिक संस्थाहरूबाट नियमितरूपमा सम्पादन हुनुपर्ने कार्य र भ्रष्टाचार भएको विषयमा कारबाहीकालागि सम्बन्धित निकायमा लेखी पठाएकोमा कारबाही भएको छ, छैन अनुगमन गर्ने/गराउने,
- नेपाल सरकारका विभिन्न निकायहरू र सार्वजनिक संस्थाहरूमा भ्रष्टाचार तथा आर्थिक अपराध हुनसक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गरी नियमित निगरानी गर्ने, शंकास्पद स्थान तथा कामको आकस्मिक छड्के

जाँच गर्ने, अनुगमन र अन्वेषण गर्न आवश्यक व्यवस्था मिलाउने,

- सेवा सुविधा आपूर्तिसम्बन्धी र प्रशासनिक काम कारबाही उपर निगरानी राख्ने तथा सूचना सङ्कलन तथा अन्वेषण गर्ने,
- सार्वजनिक पद धारण गर्ने व्यक्तिहरूको शंकास्पद क्रियाकलापमाथि निगरानी राखी अभिलेख अद्यावधिक गर्दै जाने,
- भ्रष्टाचारजन्य कार्य हुन लागेको वा हुने सम्भावना देखिएको सरकारी एवम् सार्वजनिक संस्था र निकायलाई सजग गराउने र त्यस्तो कार्य भइसकेको देखिएमा सम्बन्धित निकायमा कानुनी कारबाहीका लागि लेखी पठाउने,
- सङ्कलित सूचनाको प्रशोधन तथा आवश्यक अन्वेषण गराई तथ्य पत्ता लगाउने,
- सङ्कलित सूचनाको अन्वेषण र अनुसन्धानबाट दोषी देखिन आएको पक्षलाई सतर्क गराउने सम्बन्धमा प्रमुख अधिकृत समक्ष राय पेस गर्ने,
- सार्वजनिक संस्थाबाट नियमितरूपमा कार्य सम्पादन भए नभएको विषयमा सूचना सङ्कलन गर्ने,
- विभिन्न माध्यमहरूबाट भ्रष्टाचारसम्बन्धी सूचना तथा उजुरीहरू सङ्कलन गर्ने,
- सङ्कलित सूचना सामग्रीको अध्ययन गरी अभिलेख अद्यावधिक गर्ने,
- आफ्नो महाशाखाको कार्य प्रगतिको बारेमा मासिक प्रतिवेदन प्रमुख अधिकृत समक्ष पेस गर्ने,
- आफू मातहतका कर्मचारीहरूलाई कामप्रति वफादार, अनुशासित तथा केन्द्रको कामप्रति उत्तरदायित्व वहन गर्ने क्षमता अभिवृद्धि गर्न समय समयमा कामको अनुगमन गरी आवश्यक निर्देशन दिने,
- केन्द्रको कार्य सम्पादनमा थप प्रभावकारिता ल्याउन सम्बन्धित महाशाखा/उपमहाशाखा तथा शाखाहरूलाई आवश्यक सहयोग गर्ने,
- केन्द्रमा कार्यरत प्रहरी कर्मचारीहरूको प्रभावकारी व्यवस्थापनका लागि उपमहाशाखा तथा शाखाहरूको अनुगमन र सुपरिवेक्षण गरी रायसहित प्रमुख अधिकृत समक्ष पेस गर्ने,
- राष्ट्रिय सतर्कता प्रहरी समूहका प्रहरी कर्मचारीको कामको सुपरीवेक्षण गर्ने, कार्यमूल्याङ्कनका आधारमा पुरस्कार तथा कारबाहीका लागि सिफारिस गर्ने,
- महाशाखालाई तोकिएका अन्य कार्य गर्ने।

१.५.४ केन्द्रबाट सम्पादन गरिने मुख्य मुख्य कार्य र कार्य सञ्चालन प्रक्रिया

राष्ट्रिय सतर्कता केन्द्रले आफ्नो लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्नबमोजिमका कार्य सम्पादन गर्दछ। यी कार्यमार्फत् सुशासनको प्रत्याभूति गर्दै अनियमितता र भ्रष्टाचार न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

१.५.४.१ केन्द्रबाट सम्पादन गरिने मुख्य मुख्य कार्यहरू

क. **सूचना सङ्कलन, उजुरी तथा निवेदन उपर छानबिन तथा कारबाही**: सार्वजनिक संस्थामा हुने अनियमितता, ढिलासुस्ती र भ्रष्टाचारजन्य कार्यसम्बन्धी केन्द्रमा प्राप्त उजुरी, गुनासो र सूचनाहरूको अध्ययन तथा छानबिन गरी

सम्बन्धित निकाय तथा पदाधिकारीलाई ध्यानाकर्षण तथा सतर्क गराउने, सुझाव तथा निर्देशन दिने गर्दछ।

ख. सार्वजनिक सेवा प्रवाहको अनुगमनः सार्वजनिक संस्थाबाट प्रवाह गरिने सेवाहरू तोकिएको समयमा पारदर्शी र झन्झटमुक्त ढङ्गले भइरहेको छ वा छैन भनी अनुगमन गर्दछ।

ग. निगरानी, छड्के जाँच र अन्वेषणः भ्रष्टाचार हुनसक्ने स्थान वा कामको नियमित निगरानी, छड्के जाँच र अन्वेषण गर्दछ।

घ. नागरिक बडापत्र कार्यान्वयनको अनुगमनः विभिन्न सार्वजनिक संस्थाहरूमा राखिएका नागरिक बडापत्रमा उल्लिखित सेवाहरू तोकिएबमोजिम प्रदान भइरहेको छ वा छैन भनी अनुगमन गर्दछ।

ङ. विकास आयोजनाहरूको प्राविधिक परीक्षणः सार्वजनिक संस्थाहरूबाट निर्माण भएका सडक, भवन, पुल, सिँचाइ, खानेपानीलगायतका विकास निर्माणका आयोजनाहरूको भौतिक प्रगति, गुणस्तर, लागत अनुमान र प्राविधिक स्पेसिफिकेसनको पालनाबारे स्थलगत परीक्षण तथा मूल्याङ्कन गर्दछ। यसअन्तर्गत केन्द्रले खटाएका प्राविधिक परीक्षकबाट सम्बन्धित आयोजना निरीक्षण, आयोजनासँग सम्बन्धित पदाधिकारीसँग छलफल एवम् राय/सुझावसमेत संलग्न गरी अन्तिम प्राविधिक परीक्षण प्रतिवेदन (Final Technical Audit Report) तयार गरिन्छ। प्रतिवेदनमा उल्लेख भएको अपरिपालना (Non-Conformance) सच्याउन केन्द्रले सम्बन्धित निकायमा लेखी पठाउँछ। त्यसरी पठाएका अपरिपालनाहरू सच्याए/नसच्याएको सम्बन्धमा केन्द्रले नियमित अनुगमन गरी आवश्यकताअनुसार कारबाही गर्दछ।

च. सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति विवरण र आयको अनुगमनः सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले सम्पत्ति विवरण बुझाए नबुझाएको सम्बन्धमा केन्द्रले अनुगमन गरी नबुझाउनेहरूको प्रतिवेदन तयार गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउँदछ।

छ. सुशासन प्रवर्धनका लागि नीतिगत सुझावः सार्वजनिक प्रशासनमा सदाचार, नैतिकता, र जवाफदेहिता अभिवृद्धि गर्नका लागि आवश्यक नीतिगत, कानुनी र प्रक्रियागत सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव पेस गर्दछ।

ज. भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धिः भ्रष्टाचारका नकारात्मक असर र प्रभावबारे आम जनतालाई सचेत गराउन र भ्रष्टाचारविरुद्धको अभियानमा नागरिक समाजलाई सहभागी गराउँदै भ्रष्टाचार नियन्त्रण गरी सुशासन अभिवृद्धि गर्न केन्द्रले विभिन्न प्रदेश, जिल्ला तथा स्थानीय तहमा राजनीतिक दल, कार्यालय प्रमुख तथा कर्मचारीहरू, नागरिक समाज, पत्रकार तथा अन्य बुद्धिजीवी वर्गको सहभागितामा भ्रष्टाचारविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दछ।

झ. अन्तरनिकाय समन्वयः केन्द्रमा प्राप्त उजुरी एवम् सूचनाको प्रकृतिअनुसार भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनमा संलग्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका निकायसँग आवश्यक समन्वय, सहकार्य र सहयोगको आदान प्रदान गर्दछ।

१.५.४.२ केन्द्रको कार्य सञ्चालन प्रक्रिया

भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधनसहित) को दफा ३७ बमोजिम भ्रष्टाचारजन्य कार्य प्रभावकारीरूपमा नियन्त्रण गर्न तथा भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले स्थापना भएको यस केन्द्रले ऐनको दफा ३८ ले प्रदान गरेका काम, कर्तव्य र अधिकारबमोजिम कार्य सञ्चालन गर्दै आएको छ। केन्द्रलाई प्राप्त जिम्मेवारी वहन गर्न नियमावली, निर्देशिका

र कार्यविधि तर्जुमा गरी कार्य सञ्चालनलाई सहजीकरण गरिएको छ । यसअन्तर्गत सार्वजनिक संस्थामा हुन सक्ने अनियमितता र भ्रष्टाचार सम्बन्धी सूचना सङ्कलन गर्ने, विभिन्न माध्यमबाट प्राप्त उजुरी दर्ता गर्ने, केन्द्रका प्रमुख अधिकृतको संयोजकत्वमा रहेको उजुरी व्यवस्थापन समितिको निर्णयबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउने गर्दछ। केन्द्रले उजुरीका सम्बन्धमा राय/प्रतिक्रिया एवम् सम्वद्ध कागजात माग गर्ने, स्थलगत अनुगमन, निगरानी, छड्के जाँच र अन्वेषणका लागि आवश्यकताअनुसार छानबिन टोली गठन गरी खटाउने गर्दछ । साथै उजुरीसँग सम्बन्धित निकायका पदाधिकारीहरूसँग छलफल एवम् अन्तरक्रिया गर्दछ । उजुरी छानबिनबाट प्राप्त निष्कर्षका आधारमा सम्बन्धित निकायलाई सतर्क गर्ने, सुझाव/निर्देशन दिने वा प्रचलित कानुनबमोजिम कारबाहीका लागि सम्बन्धित अख्तियारवालासमक्ष लेखी पठाउने गर्दछ।

भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत्सम्बन्धी कानुनमा कुनै सुधार गर्नुपर्ने देखिएमा वार्षिक प्रतिवेदनमार्फत् र आवश्यकताअनुसार नेपाल सरकार समक्ष सुझाव प्रस्तुत गर्दछ । भ्रष्टाचार हुनसक्ने काम वा स्थानको पहिचान गरी नियन्त्रणका लागि केन्द्रका कर्मचारीमार्फत् सघन रूपमा निगरानी गर्दछ। भ्रष्टाचार निवारण ऐन (संशोधनसहित), २०५९ को दफा ५० बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिले प्रचलित कानुनबमोजिम पेस गरेको सम्पत्ति विवरण र आयको अनुगमन गरी सम्पत्ति विवरण पेस नगर्ने व्यक्तिको विवरण समेटिएको प्रतिवेदन आवश्यक कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष पेस गर्दछ।

केन्द्रले विकास निर्माणसँग सम्बन्धित आयोजनाको सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका, २०६८ को परिच्छेद ८ बमोजिमको प्रक्रिया पूरा गरी सार्वजनिक संस्थाहरूबाट सञ्चालित आयोजनाहरूको प्राविधिक परीक्षण गर्दछ। प्रदेश, जिल्ला र स्थानीय तहसम्म भ्रष्टाचारविरुद्ध सचेतनामूलक तथा सदाचार शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन गर्दछ। यी कार्यहरू स्वीकृत वार्षिक नीति, कार्यक्रम र बजेटबमोजिम वार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दछ।

केन्द्रबाट आ.व. २०८१/८२ सम्पादन गरिएका प्रमुख कार्यहरू र मुख्य मुख्य उपलब्धिहरू

२.१ सूचना तथा उजुरी सङ्कलन, छानबिन र कारबाही

केन्द्रले सार्वजनिक संस्थाबाट सम्पादन हुने कार्यमा भएको अनियमितता र भ्रष्टाचार सम्बन्धमा विभिन्न माध्यमबाट सूचना सङ्कलन गर्ने, उजुरी तथा निवेदन लिने एवम् छानबिन गर्ने कार्य गर्दै आएको छ। आर्थिक वर्ष २०८०/८१ बाट जिम्मेवारी सरी आएका र आ.व. २०८१/८२ मा दर्ता भएका उजुरी एवम् निवेदनउपर छानबिन गरी सम्बन्धित निकाय तथा पदाधिकारीलाई सतर्क गराइएको, सुझाव तथा निर्देशन दिइएको, कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाइएको र कानुनबमोजिम कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको तथा छानबिनको क्रममा आरोप पुष्टि हुने आधार र प्रमाण फेला नपरेका उजुरीलाई पछि प्रमाण फेला परेमा सोही बखत कानुनबमोजिम हुने गरी फाइल तामेलीमा राखिएको छ।

२.१.१ सूचना तथा उजुरी सङ्कलन एवम् फछर्यौटको विवरण

सार्वजनिक संस्थाबाट सम्पादन हुने कार्यमा भएको अनियमितता सम्बन्धमा विभिन्न माध्यमबाट सूचना सङ्कलन गर्ने, उजुरी तथा निवेदनहरू लिने, छानबिन गर्ने कार्यहरू गर्दै आएको यस केन्द्रमा आ.व. २०८१/८२ मा १ हजार ३ सय ३० उजुरी दर्ता भएका, ६ सय ६ उजुरी गत आ.व.बाट जिम्मेवारी सरी आएकासमेत जम्मा १ हजार ९ सय ३६ उजुरी रहेका थिए। उक्त उजुरी मध्ये हेलो सरकारबाट प्राप्त गुनासो १ सय ४६, अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरी ६, हटलाईनमार्फत् प्राप्त उजुरी २८ र अन्य माध्यमबाट प्राप्त उजुरी १ हजार ७ सय ५६ रहेका थिए। जसमध्ये कुल १ हजार ४ सय ५२ अर्थात् ७५ प्रतिशत उजुरी फछर्यौट भएका छन्।

२.१.२ केन्द्रबाट छानबिन र कारबाही भएका उजुरीको विवरण

(क) केन्द्रबाट सम्बन्धित निकायमा दिइएका सुझाव एवम् निर्देशन तथा सतर्क गराइएका विवरण

भ्रष्टाचार निवारण ऐन (संशोधनसहित), २०५९ को दफा ३८ (छ) तथा राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम ३ अनुसार सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहअन्तर्गतका निकायहरूका उजुरीसँग सम्बन्धित सुझाव तथा निर्देशन एवम् सतर्क गराइएको विवरण देहायबमोजिम छुट्टाछुट्टै राखिएको छ।

सङ्घीय सरकारअन्तर्गतका निकायहरू

क्र.स.	उजुरीको संक्षिप्त व्यहोरा	विरुद्ध	केन्द्रबाट भएको निर्णय	कैफियत
		प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत		
१	मर्यादा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले सार्वजनिक खरिद अनुगमन कार्यालयमा मिति २०८१।०९।०४ र २०८१।०९।०५ मा दुई दिन दुईवटा बोलपत्र पेस गरी बोलपत्र संशोधन गर्ने प्रयास गर्दा दुवै पटक कार्यालयको सर्भरले काम नगरेको कारण संशोधन हुन नसकेको साथै समस्याको सम्बन्धमा कार्यालयको कर्मचारीहरूलाई सम्पर्क गरेको तर समस्याको उचित समाधान नभएको भन्ने लगायत।	सार्वजनिक खरिद अनुगमन कार्यालय	कानुनद्वारा सबै बोलपत्रदातालाई बिना भेदभाव बेरोकतोक बोलपत्र पेस गर्न पाउने गरी कानुनी प्रत्याभूत भएको व्यवस्थालाई कार्यान्वयन गर्न/गराउन श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र सूचना प्रविधि विभागमा सहजीकरणका लागि अनुरोध गरी पठाइएको र संस्थागत प्रयाससहितको सार्थक कार्यान्वयन व्यवस्था मिलाउन श्री सार्वजनिक खरिद अनुगमन कार्यालयलाई निर्देशन दिइएको।	
		अन्य आयोग		
२	बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका केही कर्मचारीहरू कार्यालय समयमा नै कार्यालय छोडी घुम्न भृकुटीमण्डप, न्युरोडतिर जाने गरेकाले काममा बाधा उत्पन्न भएको र त्यसपछि कार्यालय नगई घर जाने गरेको भन्ने लगायत।	बेपत्ता पारिएको व्यक्तिको छानबिन आयोग	छिटो, छरितो र प्रभावकारी किसिमबाट सेवाप्रवाहमा सहयोग पुग्ने गरी कर्मचारी लगबुक राख्ने व्यवस्था गर्न बेपत्ता पारिएको व्यक्तिको छानबिन आयोगलाई सुझाव दिइएको।	
		अर्थ मन्त्रालय		
३	राष्ट्रिय बीमा कम्पनी लि. को मिति २०७९।१२।२४ मा प्रकाशित विज्ञापन नं. १३/२०७९/८० (पद: सहायक व्यवस्थापन, तह: ६ र समूह: खुला) को पदमा खेमराज पन्त (रोल नं. ०९) लाई श्री लोकसेवा आयोगले लिएको लिखित र अन्तर्वार्ता परीक्षामा सफल भई पदपूर्ति समितिले मिति २०८०।१०।१४ मा स्थायी नियुक्तिका लागि सिफारिस गरेकोमा कम्पनीले नियुक्ति नदिएको भन्ने लगायत।	राष्ट्रिय बीमा कम्पनी लिमिटेड	समयमा नै कर्मचारीलाई नियुक्ति नदिँदा कर्मचारीको व्यक्तिगत एवम् पेसागत वृत्ति विकासमा प्रत्यक्ष असर पर्ने देखिएकाले आगामी दिनमा यस्तो ढिलासुस्ती नगर्न एवम् नीतिगत र कानुनी व्यवस्थाको कार्यान्वयनमा उदासिन नहुन राष्ट्रिय बीमा कम्पनी लिमिटेडलाई निर्देशन दिइएको।	
		सञ्चार तथा सूचना प्रविधि मन्त्रालय		
४	रेडियो नेपालले विनियमावली विपरीत तहविहीन पदका कर्मचारीलाई चौथो तहको पदमा समायोजनका लागि सूचना प्रकाशित गरेको भन्ने लगायत।	रेडियो नेपाल	रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपालको कर्मचारी सेवा सर्त विनियमावली २०७७ लगायत प्रचलित कानुनबमोजिम गर्न/गराउन सार्वजनिक सेवा प्रसारण नेपाल (रेडियो नेपाल) लाई निर्देशन दिइएको।	

क्र.स.	उजुरीको संक्षिप्त व्यहोरा	विरुद्ध	केन्द्रबाट भएको निर्णय	कैफियत
५	जनकपुर, मुजेलियाको मिल्स एरियामा अप्टिकल फाइबर विस्तार गर्दा अनियमितता भएको भन्ने लगायत।	नेपाल टेलिकम	अप्टिकल नेटवर्क विस्तार तथा निर्माण कार्यहरूको कार्य सम्पन्न नहुँदा सम्म नियमित अनुगमन, निरीक्षण, मूल्याङ्कन तथा कार्य प्रगतिको विवरण लिने व्यवस्था गर्न/गराउन नेपाल टेलिकम, केन्द्रीय कार्यालयलाई निर्देशन दिइएको।	
६	सार्वजनिक सेवा प्रसारण नेपाल (नेपाल टेलिभिजन) सिंहदरबारले एक नम्बरमा रहेका वैकल्पिक उम्मेद्वारालाई करारमा नियुक्त नगरी दुई नम्बरमा रहेकालाई नियुक्त गरेको भन्ने लगायत।	सार्वजनिक सेवा प्रसारण नेपाल सिंहदरबार	आइन्दा यस्ता नियक्ति प्रक्रियामा कानुनबमोजिम सूचना दिने व्यवस्था मिलाउन सार्वजनिक सेवा प्रसारण नेपाल (नेपाल टेलिभिजन) सिंहदरबारलाई सतर्क गराइएको।	
७	नेपाल टेलिभिजन इटहरी च्यानलमा करार सेवामा नियुक्त भएकी दुर्गा खड्कालाई विगत तीन वर्षदेखि करारको सिद्धान्त विपरीत नेपाल टेलिभिजन केन्द्रीय कार्यालय सिंहदरबारमा कामकाज गर्न खटाइएको भन्ने लगायत।	नेपाल टेलिभिजन केन्द्रीय कार्यालय सिंहदरबार	नेपाल टेलिभिजन सेवा सर्त विनियमावलीको अक्षरस पालना गर्न/गराउन सार्वजनिक सेवा प्रसारण नेपाल (नेपाल टेलिभिजन) सिंहदरबारलाई निर्देशन दिइएको।	
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय				
८	नेपालभरको सहायक कम्प्युटर अपरेटर र कम्प्युटर अपरेटरको स्थायी दरबन्दी एकिन गरी पदपूर्ति गर्नु पर्नेमा सो नगरी नियम विपरीत करारमा राखी गैरकानुनी कार्य गरेको भन्ने लगायत।	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	निजामती सेवा नियमावली, २०५० को नियम १२ (१) (३) र १३ (२) मा उल्लिखित प्रावधानको पूर्ण पालना गर्न गराउन श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सुझाव दिइएको।	
युवा तथा खेलकुद मन्त्रालय				
९	ग्रीष्मकालीन ओलम्पिक प्रतियोगितामा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङ कानुन विपरीत सहभागी हुनुका साथै निजले प्रचलित कानुनको उल्लङ्घन गरी राष्ट्रिय सम्पत्ति दुरुपयोग गरेको भन्ने लगायत।	राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङ	अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी पठाउँदा खेलकुद विकास ऐन, २०७७ को पूर्ण पालना गर्न र आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वयन गर्न राष्ट्रिय खेलकुद परिषद्लाई निर्देशन दिइएको।	
१०	नेपाल स्काउट ऐन, २०५० को दफा ७ र १० मा भएको व्यवस्थाबमोजिम नियुक्तिका लागि सिफारिस समिति गठन नगरी प्रमुख आयुक्त नियुक्त गरिएकाले नियुक्ति बदर गरी कानुनबमोजिम उपयुक्त व्यक्तिलाई सो पदमा नियुक्तिका लागि प्रक्रिया अगाडि बढाइएकोले गैरकानुनी नियुक्ति छानबिन गरी बदर गरी पाऊँ भन्ने लगायत।	नेपाल स्काउटका प्रमुख आयुक्त महेन्द्रराज रन्जित	नेपाल स्काउट ऐन,२०५० को दफा ७(३) बमोजिमको कानुनी प्रक्रिया पूरा गरेर मात्र प्रमुख आयुक्तको पदमा नियुक्ति गर्न/गराउन श्री युवा तथा खेलकुद मन्त्रालयलाई निर्देशन दिइएको।	

क्र.स.	उजुरीको संक्षिप्त व्यहोरा	विरुद्ध	केन्द्रबाट भएको निर्णय	कैफियत
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय				
११	समाज कल्याण परिषद् तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले परियोजना प्रस्ताव दिन ढिलासुस्ती गरेको भन्ने लगायत।	समाज कल्याण परिषद्का कोषाध्यक्ष विनय लामालगायत	प्रचलित कानुनको अक्षरस पालना गर्न समाज कल्याण परिषद्लाई निर्देशन दिइएको।	
१२	समाज कल्याण परिषद्का सदस्य सचिव मनोज भट्टले मापदण्ड बिनानै परियोजना छनौटलगायतका कार्य गरेको भन्ने लगायत।	समाज कल्याण परिषद्, ललितपुर, सदस्य सचिव मनोज भट्ट	समाज कल्याण परिषद् परियोजना सम्झौता सम्बन्धी निर्देशिका, २०७१ बमोजिम मापदण्ड बनाई सोको पूर्ण पालना गर्न समाज कल्याण परिषद्लाई निर्देशन दिइएको।	
कृषि तथा पशुपन्छी विकास मन्त्रालय				
१३	काठमाडौँ दूग्ध वितरण आयोजना बालाजुमा कार्यरत कर्मचारीहरूले पोसाक भत्ता लिने र पोसाक नलगाउने हुँदा हप्तादिनको सीसी टिभी फुटेजको आधारमा पोसाक भत्ता कटाइदिनु हुन भन्ने लगायत।	दूग्ध वितरण आयोजना बालाजु	कर्मचारीहरूलाई तोकिएको पोसाक नियमितरूपमा लगाई कार्यालयमा उपस्थित हुने व्यवस्था मिलाउन दूग्ध वितरण आयोजना बालाजु काठमाडौँलाई निर्देशन दिइएको।	
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय				
१४	देशैभरका भूमिसुधार तथा मालपोत कार्यालयमा करार सेवामा सहायक कम्प्युटर अपरेटर तथा कम्प्युटर अपरेटर नियुक्त गर्दा विना सूचना, विना प्रतिस्पर्धा आफ्ना नातेदारलाई नियुक्त गरेकाले प्रतिस्पर्धाबाट मात्र नियुक्ति गर्ने व्यवस्था गराई पाऊँ भन्ने लगायत।	भूमि सुधार तथा मालपोत कार्यालय	भूमिसुधार तथा मालपोत कार्यालयहरूमा प्रक्रिया पूरा नगरी नियुक्ति दिने कार्यालय प्रमुख एवम् पदाधिकारीहरूलाई प्रचलित निजामती सेवा ऐनको दफा ७(क) दफा ७ग.(१)(२) उपदफा (१)बमोजिम कारबाही गर्न र रिक्त पदहरूमा कानुनी प्रक्रियाबमोजिम तत्कालै कर्मचारी छनौट गरी पदपूर्ति गर्नु/गराउनु हुन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिइएको।	
१५	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका नायव सुब्बा युवराज गिरीले स्टोर शाखामा बसी सवारी साधन दुरुपयोग गरेको भन्ने लगायत।	ना.सु. युवराज गिरी	अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिका, २०७७ (आठौँ संस्करण) परिच्छेद-७ मा भएको व्यवस्था अनुसार गर्न/गराउन तथा उक्त निर्देशिका प्रतिकूल हुने गरी सुविधा लिएकालाई सवारी साधन उपलब्ध गराउनु पर्ने नै भए कानुन बनाएर मात्र दिने व्यवस्था मिलाउन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई निर्देशन दिइएको।	

क्र.स.	उजुरीको संक्षिप्त व्यहोरा	विरुद्ध	केन्द्रबाट भएको निर्णय	कैफियत
१६	जिल्ला भक्तपुर मालपोत तथा भूमिसुधार कार्यालय र नापी कार्यालयमा सेवा लिने क्रममा अनेकौं बेथिति देखिएको, कार्यालय समयमा अधिकांश कर्मचारीको उपस्थिति नरहेको, कार्यालय पोसाक एवम् परिचय पत्रको प्रयोग नगरेको, कार्यालयभित्र अनधिकृत व्यक्ति प्रवेश गरेको, सेवा प्रवाहमा ढिलासुस्ती हुने गरेको भन्ने लगायत।	मालपोत तथा भूमिसुधार कार्यालय र नापी कार्यालय भक्तपुर	कार्यालयको काम र कर्मचारीको उपस्थितिलाई नियमित र व्यवस्थित गर्न मालपोत तथा भूमिसुधार कार्यालय र नापी कार्यालय, भक्तपुरलाई निर्देशन दिइएको।	
१७	वि.सं. २०७३ सालमा बर्दिवास-जलेश्वर नगरपालिकासम्मको सडकको हदमा पर्ने जग्गा अधिग्रहण गरी सडक निर्माण कार्य भएकोमा केही जग्गाधनीको प्रभावमा परी निजी जग्गामा एकतर्फी सडक निर्माण भएको भन्ने लगायत।	सडक सुधार तथा विकास आयोजना कार्यालय, बारा	सडक निर्माण कार्यलाई कानुनबमोजिम तीव्र रूपमा अगाडि बढाउने कार्य गर्न/गराउनु हुन सडक सुधार तथा विकास आयोजना कार्यालय, बारालाई निर्देशन दिइएको।	
१८	नापी कार्यालय, सिरहाका नापी टोलीका कर्मचारी निकेश देवले जग्गा दर्ता प्रमाण पत्र लिनका लागि जाँदा रकम मागेको र दिदैनौ भन्दा काममा ढिलासुस्ती र भोलि भोलि भनेर बारम्बार दुःख दिएको भन्ने लगायत।	कर्मचारी निकेश देव	उजुरीको विषय संवेदनशील देखिएकाले नापी कार्यालय, सिराहालाई ध्यानाकर्षण गराइएको।	
	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय			
१९	लुम्बिनी विकास कोषको वरिष्ठ प्रशासकीय प्रमुख ग्यानिन राई लगायतले गरेको अनियमिततताहरूमाथि छानबिन गरी पाऊँ भन्ने लगायत।	लुम्बिनी विकास कोष	उजुरीका विषयमा प्रचलित कानुनबमोजिम गर्न लुम्बिनी विकास कोषलाई निर्देशन दिइएको।	
२०	नेपाल प्रज्ञा प्रतिष्ठानमा कार्यरत कर्मचारी श्री सन्ध्या पहाडीलाई नियम विपरीत अष्ट्रेलिया जानको लागि भ्रमण काजको व्यवस्थालगायत सञ्चित बिदा वापतको रकम दिई प्रतिष्ठानको व्ययभार थपी अनियमितता गरेको भन्ने लगायत।	नेपाल प्रज्ञा प्रतिष्ठान	आगामी दिनमा त्यस्ता कार्यक्रममा सहभागी हुँदा को/कस्लाई/कसरी तथा कस्तो काज बिदा स्वीकृत गर्ने भन्नेसमेतको स्पष्ट मापदण्ड तयार गरी कार्यान्वयन गर्न नेपाल प्रज्ञा प्रतिष्ठानलाई निर्देशन दिइएको।	

क्र.स.	उजुरीको संक्षिप्त व्यहोरा	विरुद्ध	केन्द्रबाट भएको निर्णय	कैफियत
२१	लुम्बिनी विकास कोषमा भ्रष्टाचार खुलेआम भएको, करोडौँको ठेक्कामा परेको आइटीमा कमिशनको खेल भएको, खानेपानी ट्याङ्कीको निर्माण नभएको, लुम्बिनी गुरुयोजना अलपत्र परेको भन्ने लगायत।	लुम्बिनी विकास कोष	उजुरीका सम्बन्धमा लुम्बिनी विकास कोषलाई देहायबमोजिमका निर्देशन दिइएकोः- - कोषको कार्यालयमा ५०००।– क्षमता रहेको सभाहलमा जडान भएको Sensor Operated Gate मर्मत गर्नुपर्ने देखिएको हुँदा सोको व्यवस्था गरी पूर्ण र व्यवस्थितरूपमा तत्काल सञ्चालन गर्न। - कोषको कार्यालयमा रहेको Data Center लाई तत्काल मर्मत प्रक्रिया अगाडि बढाएर सञ्चालनमा ल्याउने। - Incident reporting system लाई चुस्तदुरुस्त बनाउनको साथै जवाफदेहिता बढाउन मुचुल्का तथा अन्य नियमानुसार प्रक्रियाहरू अपनाउने। - कोषमा घाटगद्धि गरी राखिएका काठदाउराहरू नियमानुसार यथाशीघ्र लिलामी प्रक्रिया अगाडि बढाउने। - कोषको कार्यालय रहेको भौतिक संरचना तथा उपकरणको Insurance को व्यवस्था गर्न।	
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय				
२२	शिक्षा विकास तथा समन्वय इकाइ ताहाचल काठमाडौले माध्यमिक शिक्षा परीक्षा (SEE) परीक्षा केन्द्र पार्न १५ लाख लिएर भौतिक पूर्वाधार नै नभएका विद्यालयमा सेन्टर पारी विद्यार्थीहरूलाई असहज वातावरण बनाएको। इकाइ प्रमुख विचारी प्रसाद अधिकारीको मृत्यु पश्चात् नयाँ इकाइ प्रमुखलाई केही थाहा नभएको मौका छोपी सेन्टर बेचेर लाखौँ लाख रकम उठाएको र वैशाखमा हुने कक्षा १२ कोसमेत सेन्टर बिक्री गरेर निजी विद्यालयलाई सेन्टर दिए वापत १५ लाखका दरले रकम उठाई करिब २ करोड रूपैयाँ उठाएको भन्ने लगायत।	शिक्षा विकास तथा समन्वय इकाइ ताहाचलका शा. अ. चन्द्र प्रसाद अधिकारी, शा. अ. कृष्ण कु. श्रेष्ठ लगायत	आर्थिक रकम लेनदेन भएको/गरेको भन्ने सम्बन्धमा कही कतैबाट प्रमाण फेला परेमा सोही बखत कानुनबमोजिम हुने गरी कारबाही गर्ने र तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक पालना गर्न शिक्षा विकास तथा समन्वय इकाइ, ताहाचल, काठमाडौँमा कार्यरत जिम्मेवार पदाधिकारीहरूलाई सतर्क गराइएको।	

क्र.स.	उजुरीको संक्षिप्त व्यहोरा	विरुद्ध	केन्द्रबाट भएको निर्णय	कैफियत
२३	सिरहा जिल्ला, सिरहा न.पा. वडा नं. १ स्थित श्री चन्द्र नमुना मा.वि.का प्र.अ. मधुसुदन कर्णले विद्यालयलाई प्राप्त अनुदान वापतका रकमहरू नियम, कानुन एवम कार्यविधि तथा निर्देशिकाले तोकेका प्रक्रिया एवम् मापदण्डअनुसार खर्च व्यवस्थापन नगरी आफूखुशी कामकाज गरी गराई लाखौँ भ्रष्टाचार गरेको भन्ने लगायत।	श्री चन्द्र नमुना मा.वि.का प्र.अ. मधुसुदन कर्णल	श्री चन्द्र मा.वि., सिरहाको आ.व. २०७८/७९ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुसार विद्यालयका खरिदार प्रदिप कुमार यादव, अ.फ.ना.सु. बासुदेव यादव र खरिदार बद्री नारायण यादव लगायतका कर्मचारीले विद्यालयको सटर तथा कोठा भाडा र पेस्की लिएको रकम नियमानुसार पेस्की फछ्र्यौट एवम् असुल उपर गरी विद्यालयको खातामा दाखिला गर्न तथा सटर तथा कोठा भाडा लिएका व्यक्तिहरूबाट आ.व. ०७८/७९ सम्मको बाँकी रु. ३९४६३११।४२ नियमानुसार असुल उपर गरी विद्यालयको खातामा दाखिला गर्न श्री चन्द्र मा.वि., सिरहालाई निर्देशन दिइएको।	
२४	Manipal Pokhara College of Medical Sciences ले विद्यार्थीहरूसँग अतिरिक्त शुल्क असुली रहेको भन्ने लगायत।	Manipal Pokhara College of Medical Sciences	अतिरिक्त शुल्क लिन मिल्ने वा नमिल्ने विषयमा नियममा नै स्पष्ट व्यवस्था गर्न गराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, चिकित्सा शिक्षा आयोग, सानोठिमी र काठमाडौँ विश्वविद्यालय, धुलिखेललाई निर्देशन दिइएको।	
२५	राम स्वरूप राम सागर बहुमुखी क्याम्पस, जनकपुरका क्याम्पस प्रमुख प्रदिप कुमार प्रसादले आफ्नो कार्यकालमा आर्थिक चलखेल गरी प्रयोगात्मक परीक्षामा विषयगत शिक्षकलाई नसोधी फर्जी मार्कसिट पठाएको भन्ने लगायत।	राम स्वरूप राम सागर बहुमुखी क्याम्पस, जनकपुरका क्याम्पस प्रमुख प्रदिप कुमार प्रसाद	आंशिक शिक्षक कार्यविधि, २०७९ लगायत प्रचलित कानुनअनुसार कारबाही गर्न/गराउन त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालयलाई निर्देशन दिइएको।	
२६	विद्यार्थीहरूको भविष्य माथि खेलवाड गर्ने गरी उत्तरपुस्तिकाहरू हराउनेसम्मका लापरवाही हुँदा पनि परीक्षा नियन्त्रकले नैतिकताको आधारमा राजीनामा दिनुपर्नेमा नदिएको भन्ने लगायत।	त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय	उत्तरपुस्तिका हराउनुमा जिम्मेवार परीक्षा नियन्त्रक, सह-परीक्षा नियन्त्रक, शाखा प्रमुख लगायतका पदाधिकारीहरूलाई कारबाही गरी सोको जानकारी केन्द्रमा पठाउन त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयलाई निर्देशन दिइएको।	
२७	पद्मकन्या क्याम्पस बागबजारका उप-प्राध्यापक राजु मल्लले विभिन्न शीर्षकमा लिएको भत्ता बेरुजु हुँदासमेत उक्त भत्ता रकम दाखिला नगरेको भन्ने लगायत।	पद्मकन्या क्याम्पस बागबजारका उपप्राध्यापक राजु मल्ल	उप-प्राध्यापक राजु मल्लका सम्बन्धमा आ.व. ०७७/७८ को म.ले.प. प्रतिवेदनले औँल्याएको विषय कार्यान्वयन गर्न पद्मकन्या क्याम्पस, बागबजारलाई निर्देशन दिइएको।	

क्र.स.	उजुरीको संक्षिप्त व्यहोरा	विरुद्ध	केन्द्रबाट भएको निर्णय	कैफियत
२८	अमृत साइन्स क्याम्पस काठमाडौँका शिक्षक/कर्मचारीले क्याम्पसको आम्दानीबाट निर्णय बेगर भत्ता लिने गरेको, नियम विपरीत अतिरिक्त समय भत्ता लिने गरेको र शिक्षक/कर्मचारीले तोकिएको समय पालना नगरेको भन्ने लगायत।	अमृत साईन्स क्याम्पसका प्रमुखसमेत	उजुरीका विषयमा त्रिभुवन विश्वविद्यालय अनुगमन निर्देशनालयबाट नियमितरूपमा अनुगमन गर्न/गराउन त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयलाई निर्देशन दिइएको।	
२९	योग्यताक्रमको सूचीमा अगाडि रहँदा रहँदै CTEVT मधेस प्रदेश कार्यालय जनकपुरले Priority list को माथिल्लो शैक्षिक संस्थामा सिफारिस गर्नुपर्नेमा सोको सट्टामा सबैभन्दा तल्लो स्तरको संस्थामा सिफारिस गरेको भन्ने लगायत।	CTEVT मधेस प्रदेश कार्यालय जनकपुर	विद्यार्थीहरूको भविष्यसित जोडिने नतिजा प्रकाशन जस्तो विषयलाई गम्भीरतापूर्वक हेरी त्रुटि नदोहोरिने गरी नतिजा प्रकाशन गर्न/गराउन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी, भक्तपुरलाई निर्देशन दिइएको।	
३०	त्रिभुवन विश्वविद्यालय, नेपाल भाषा केन्द्रीय विभाग पाटनमा एम.फिल र पि.एच.डिको कार्यक्रम सञ्चालन भइरहेकोमा दर्शनाचार्य तथा विद्यावारिधि कार्यक्रम सञ्चालन विनियम, २०७७ को ५ (क) अनुसार विभागअन्तर्गत पाँच सदस्यीय अनुसन्धान समिति गठन नभएको, नेपाल भाषा केन्द्रीय विभागमा इ-लाइब्रेरीको लागि काठमाडौँ महानगरपालिकाबाट प्राप्त रू. ६० लाख विभागीय प्रमुखले आफूखुसी खर्च गरेको र एम.फिल कक्षाको लागि नेपाल भाषाका सक्षम रिटायर्ड प्रोफेसरहरू हुँदा हुँदै पनि अन्य संकायका शिक्षकहरूबाट कक्षा सञ्चालन गरेको भन्ने लगायत।	नेपाल भाषा केन्द्रीय विभाग र विभाग प्रमुख	प्रचलित कानुनको पूर्ण रूपमा पालना गर्न/गराउन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक संकाय, डीनको कार्यालय, कीर्तिपुरलाई र सोको अनुगमन गरी आवश्यक कारबाही गर्न त्रिभुवन विश्वविद्यालयलाई निर्देशन दिइएको।	
३१	पाठ्यक्रम विकास केन्द्रमा समकक्षता लिनका लागि २०८१/०७/२० मा पेस भएको निवेदनको हालसम्म सुनुवाई नभएको भन्ने लगायत।	पाठ्यक्रम विकास केन्द्र	विद्यार्थीको भविष्य जोडिएको समकक्षता निर्धारणसम्बन्धी विषयमा तत्काल निर्णय गरी ढिलासुस्ती नगर्न/नगराउन त्रिभुवन विश्वविद्यालय शिक्षाध्यक्षको कार्यालय, पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुरलाई निर्देशन दिइएको।	
३२	श्री जनता मा.वि., सिरहा न.पा.-२२ सिरहाका निमित्त प्र.अ.ले वडा अध्यक्ष र सञ्चालक समितिसँग मिलेर करारमा शिक्षक तथा कर्मचारी भर्ना गरेको भन्ने लगायत।	श्री जनता मा.वि., सिरहा न.पा.-२२ सिरहाका निमित्त प्र.अ., वडा अध्यक्ष र सञ्चालक समिति	करारमा शिक्षक तथा कर्मचारी भर्ना सम्बन्धमा प्रचलित नियम-कानुन एवम् विधि-प्रक्रियाबमोजिम गर्न/गराउन सिरहा नगरपालिकालाई निर्देशन दिइएको।	

क्र.स.	उजुरीको संक्षिप्त व्यहोरा	विरुद्ध	केन्द्रबाट भएको निर्णय	कैफियत
३३	स्वास्थ्य सेवाका कतिपय स्वास्थ्यकर्मी कुनै पनि बिदा नलिई जागिर अवधिमा नै Bachelor in Public Health अध्ययन गरेको र त्यही Overlap Certificate को आधारमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग मिलेमतो गरेर पूर्व अध्ययन स्वीकृति लिई तलवी अध्ययन बिदामा अध्ययनसमेत गरिरहेको, त्यस्तै केहीले चिकित्सा शिक्षा आयोगद्वारा सञ्चालित PG लेभलको Master in Public Health समेत अध्ययन गरिरहेको भन्ने लगायत।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय	उजुरीका विषयमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिइएको।	
३४	त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, सामान्य प्रशासन शाखा प्रमुख श्री रोशन कुमार पोखरेलले मनोमानी ढङ्गले व्यापारीसँग मिलेमतो गरी अनियमितता गरेको भन्ने लगायत।	त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, सामान्य प्रशासन शाखा प्रमुख श्री रोशन कुमार पोखरेल	त्रिभुवन विश्वविद्यालय अनुगमन निर्देशनालयका डा. पुष्करसिंह रखौलाको संयोजकत्वको छानबिन समितिले पेस गरेको प्रतिवेदनको सिफारिसबमोजिम कारबाही गर्न त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयलाई निर्देशन दिइएको।	
३५	पाटन संयुक्त क्याम्पस लालितपुरका क्याम्पस प्रमुख लक्ष्मण सिंह कुँवरले विद्यार्थी भर्ना शीर्षकको रकम अनियमितता गरेको भन्ने लगायत।	पाटन संयुक्त क्याम्पस लालितपुरका क्याम्पस प्रमुख लक्ष्मण सिंह कुँवर	उजुरी उपर आवश्यक कारबाही गर्न त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयलाई निर्देशन दिइएको।	
३६	• नेपाल संस्कृत विश्वविद्यालय, सेवा आयोगको कार्यालय, दाङबाट २०७८ सालमा प्रकाशित विज्ञापनको परीक्षा रोकी छानबिन गर्ने, • नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतको सेवा आयोगले कर्मचारी तथा प्राध्यापक नियुक्तिका लागि परीक्षाको प्रश्नपत्र बनाउन बाल्मिकी विद्यापिठका प्राचार्यलाई समावेश गरी सबैले थाहा पाउने गरी खुल्लम खुल्लारूपमा विज्ञलाई नियुक्ति पत्र बाँड्ने गैर जिम्मेवार पदाधिकारी माथि छानबिन गरी कारबाही गरी पाऊँ, • नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगद्वारा लिइएको परीक्षामा प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिका परीक्षण गर्दा सेटिङ्ग गरिएको भन्ने लगायत।	नेपाल संस्कृत विश्वविद्यालय	कर्मचारी नियुक्ति प्रक्रियामा संलग्नलाई कानुनबमोजिम कारबाही गरी रिक्त पदहरूमा पदपूर्ति गर्दा सम्बन्धित कानुनी व्यवस्था अनुसार प्रतिस्पर्धा हुनेगरी गर्न गराउन र खरिद प्रक्रियामा संलग्नलाई कारबाही गर्न नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी, दाङलाई निर्देशन दिइएको।	

क्र.स.	उजुरीको संक्षिप्त व्यहोरा	विरुद्ध	केन्द्रबाट भएको निर्णय	कैफियत
		खानेपानी मन्त्रालय		
३७	खानेपानी मन्त्रालयले विगत पाँच वर्षदेखि सेवा करारमा रहेका कर्मचारीहरू सब-ईन्जिनियर, कम्प्युटर अपरेटर, खा.पा.स.टे, केमिस्टक लगायतलाई बिना कुनै कारण मौखिक रूपमा कार्यालयमा नआउन भनी बिना सूचना हटाई परिवारकोसमेत बिचल्ली भएको भन्ने लगायत।	खानेपानी मन्त्रालय	उजुरी उपर आवश्यक कारबाही गर्न खानेपानी तथा ढल व्यवस्थापन विभागलाई निर्देशन दिइएको।	
३८	सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन विभागको, सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरूमा रा.प.तृ. सिभिल ईन्जिनियर पदमा करारमा कार्यरत कर्मचारीहरूको मिति २०८१/५/२७ गतेको मन्त्रिपरिषद्को निर्णयद्वारा स्वीकृत दरबन्दीबमोजिम सम्झौता नवीकरण हुनुपर्ने तर सम्झौता नवीकरण नगराएको भन्ने लगायत।	खानेपानी तथा ढल व्यवस्थापन बिभाग	उजुरी उपर कानुनबमोजिम आवश्यक कारबाही गर्न खानेपानी तथा ढल व्यवस्थापन विभागलाई निर्देशन दिइएको।	
		उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय		
३९	नेपाल गुणस्तर तथा नापतौल विभागबाट नापतौल यन्त्र क्यालिब्रेसन गर्दा राजश्व बाहेक पनि सेवाग्राहीसँग कानुन विपरीत मौखिक रूपमा हवाई टिकट, होटल खर्च लगायत भत्तासमेत लिई भ्रष्टाचार गरेको भन्ने लगायत।	नेपाल गुणस्तर तथा नापतौल विभाग	नापतौल यन्त्र क्यालिब्रेसन गर्न जाने कर्मचारीलाई सेवाग्राहीले हवाई टिकट, होटल बास खर्च र दैनिक भ्रमण भत्ता दिने व्यवस्था गरेकोमा आइन्दा सेवाग्राहीबाट सो वापतको एकमुष्ठ राजश्व लिई क्यालिब्रेसन गर्न जाने कर्मचारीलाई विभागबाटै नै दैनिक भ्रमण भत्ता भुक्तानी दिने व्यवस्था मिलाउन नेपाल गुणस्तर तथा नापतौल विभागलाई निर्देशन दिइएको।	
४०	हेटौँडा सिमेन्ट उद्योगमा कार्यरत कर्मचारीहरूले तोकिएको पोसाक नलगाएको भन्ने लगायत।	हेटौँडा सिमेन्ट उद्योगमा कार्यरत कर्मचारीहरू	उद्योगमा कार्यरत पोसाक भत्ता वापत रकम पाउने सम्पूर्ण कर्मचारीले प्रचलित नियम/कानुनले तोकिएको पोसाकको अनिवार्य पालना गर्न/गराउन हेटौँडा सिमेन्ट उद्योगलाई सतर्क गराइएको।	
		वन मन्त्रालय		
४१	वौधवन उपभोक्ता समिति वर्दिवास-१० महोत्तरीमा अनियमितता भन्ने लगायत।	वौधवन उपभोक्ता समिति	उजुरी उपर आवश्यक कारबाही गर्न डिभिजन वन कार्यालय महोत्तरीलाई निर्देशन दिइएको।	

क्र.स.	उजुरीको संक्षिप्त व्यहोरा	विरुद्ध	केन्द्रबाट भएको निर्णय	कैफियत
४२	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनीले नियम विपरीत नयाँ पदपूर्ति गर्न लागेको भन्ने लगायत।	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	उजुरी उपर आवश्यक कारबाही गर्न जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लि. र वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिइएको।	
४३	मसलाको रुखले पानीको मुहान सुक्दै जाने, भूमिगत पानीको सतह इनार तथा कुवा सुक्ने, नदी नालामा पानीको सतह कम हुँदै जाने, माटोको उर्वराशक्ति कमजोर हुने वैज्ञानिक अनुसन्धानबाट देखिएको भन्ने व्यहोरा जनाई कर्जन्हा नगरपालिकाअन्तर्गतका निजी जग्गा जमिनको रुख काट्न निर्णय गरेको भन्ने लगायत।	कर्जन्हा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय	सम्बन्धित विशिष्टीकृत संस्थाको रायसमेत लिई प्रचलित नियमबमोजिम रुख कटानसम्बन्धी निर्णय लिने व्यवस्था मिलाउन कर्जन्हा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिइएको।	
४४	गोरखा जिल्ला चुमनुब्री गाउँपालिका वडा नं. ४ बस्ने ५२ वर्षको छिरिङ थुङडुप लामाले सार्वजनिक जग्गामा रहेको वन जङ्गल फडानी गरी आफ्नो घर तथा हेलिप्याड बनाएको भन्ने लगायत।	छिरिङ थुङडूप लामा	उजुरी उपर आवश्यक कारबाहीको लागि डिभिजन वन कार्यालय गोरखालाई निर्देशन दिइ सोको बोधार्थ जिल्ला प्रशासन कार्यालय, गोरखालाई दिइएको।	
	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय			
४५	स्वास्थ्य बीमा बोर्डबाट करार सेवामा २०८० असार २ गते लिएको दर्ता अधिकारी पदको परीक्षाफल १ महिनाभित्र प्रकाशित हुनुपर्नेमा ५ महिनासम्म पनि नभएको भन्ने लगायत।	स्वास्थ्य बीमा बोर्ड	उजुरी उपर छानबिन गरी कारबाही गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिइएको।	
४६	गैरकानुनीरूपमा सेवा करारमा जनशक्ति छनौट भइरहेको प्रक्रिया तुरून्त स्थगित गरी छानबिन गर्ने भन्ने लगायत।	वीर अस्पताल	कानुनी प्रक्रिया पुऱ्याई पुनः सेवा करारमा कर्मचारी भर्ना गर्न वीर अस्पताललाई निर्देशन दिइएको।	
४७	स्वास्थ्य मन्त्रालय र प्रदेश स्वास्थ्य मन्त्रालयले ऐन विपरीत विभिन्न कार्य गरेकाले कारबाही गरी पाऊँ भन्ने लगायत।	स्वास्थ्य मन्त्रालय साथै प्रदेश स्वास्थ्य मन्त्रालय	प्रचलित कानुनबमोजिम गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिइएको।	
४८	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कानुन शाखा अन्तर्गतको अनुसन्धान समितिको सचिवालयले हालसम्म फाइल नेपाल मेडिकल काउन्सिलमा नपठाएकाले कामकाज रोकिएको भन्ने लगायत।	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, कानुन शाखा	उजुरी/गुनासो सम्बन्धमा यथाशीघ्र प्रक्रिया अगाडि बढाउन नेपाल मेडिकल काउन्सिल, बाँसबारीलाई निर्देशन दिइएको।	

क्र.स.	उजुरीको संक्षिप्त व्यहोरा	विरुद्ध	केन्द्रबाट भएको निर्णय	कैफियत
४९	शहिद गंगालाल हृदय रोग केन्द्रका लेखा प्रमुख मनोज विष्टले भ्रष्टाचार गरेको भन्ने लगायत।	लेखा प्रमुख मनोज विष्ट	महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा औल्याईएका विषयहरूलाई यथाशीघ्र सम्बोधन गर्न शहिद गंगालाल हृदय रोग केन्द्रलाई निर्देशन दिइएको।	
५०	चिकित्सा विज्ञान प्रतिष्ठान, वीर अस्पतालको चमेना गृह सञ्चालनको टेण्डर प्रक्रियामा अनियमितता गरेको भन्ने लगायत।	चिकित्सा विज्ञान प्रतिष्ठान, वीर अस्पताल	योग्यता नै नपुगेको गुजेश्वरी होटल प्रा.लि.को प्रस्ताव रद्ध गरी Eligblity Criteria पुगेका प्रस्तावदाताहरू मध्येबाट छनौट गर्न गराउन वीर अस्पताललाई निर्देशन दिइएको।	
५१	आयुर्वेद चिकित्सालय नरदेवीमा डा. रामदेव यादवले प्रोत्साहन भत्ता वितरणमा गम्भीर अनियमितता गरेको भन्ने लगायत।	डा. रामदेव यादव	लेखा परीक्षणबाट औँल्याइएका विषयहरूलाई कार्यान्वयन गर्न आयुर्वेद चिकित्सालय नरदेवीलाई निर्देशन दिइएको।	
५२	वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा इन्सिनेटर मेसिनबाट निस्किएको धुँवाले वरिपरिका जनताको स्वास्थ्यमा गम्भीर असर परेकाले उचित व्यवस्थापनका साथ इन्सिरेसन गर्नु पर्ने भन्ने लगायत।	वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	उजुरीमा उठाइएका विषयमा उचित व्यवस्थापन गर्न वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानलाई निर्देशन दिइएको।	
५३	राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले MRI मेसिनको बोल्पत्र अनुसार सम्पूर्ण कार्य पूरा गरी मेसिन जडान भई सञ्चालनमा रहेको अवस्थामा पनि LC वापतको २० प्रतिशत रकम हालसम्म पनि आलटाल गरी बिना कारण भुक्तानी नदिएकाले समयमा भुक्तानी नदिएमा मेसिन सञ्चालनमा अवरूद्ध हुने भन्ने लगायत।	राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान	प्रतिष्ठानको MRI मेसिन सञ्चालन प्रक्रियामा अवरूद्ध नहुने गरी व्यवस्था मिलाउन राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई निर्देशन दिइएको।	
५४	सेती प्रादेशिक अस्पतालमा कार्यरत छात्रवृत्ति करारका विशेषज्ञ चिकित्सकहरूलाई नेपाल सरकार छात्रवृत्ति चिकित्सक परिचालन कार्यविधि, २०७२ बमोजिम सेती अस्पतालले निजी अस्पताल तथा क्लिनिकमा काम गर्न बन्देज लगाएता पनि स्वास्थ्य कार्यालय कैलालीले निजी संस्थामा सेवा गर्ने अनुमति दिई चिकित्सकहरूले अस्पतालको समय र अन्य समयमा पनि निजी स्वास्थ्य संस्थामा काम गरिरहेको भन्ने लगायत।	स्वास्थ्य कार्यालय कैलाली	उजुरीका विषयमा नियमानुसार आवश्यक कारबाही तथा प्रभावकारी अनुगमन गर्न सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेशलाई निर्देशन दिइएको।	

क्र.स.	उजुरीको संक्षिप्त व्यहोरा	विरुद्ध	केन्द्रबाट भएको निर्णय	कैफियत
५५	स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाबाट बालबालिकाको कुपोषण स्थिति पत्ता लगाउने High Board and Weight Mechine को Technical Specification स्वीकृत गरी खरिद गर्न सातै प्रदेशमा परिपत्रसमेत गरेको भएता पनि सामाजिक विकास मन्त्रालय सुदूरपश्चिम प्रदेशले मापदण्ड फेरबदल गरिएको हुँदा कारबाही गरियोस् भन्ने लगायत।	सामाजिक विकास मन्त्रालय सुदुरपश्चिम प्रदेश	सो Technical Specification मापदण्ड अनुसार भए नभएको छानबिन गरी संशोधन गर्नु पर्ने हो वा के कसो गर्नु पर्ने हो? नियमानुसार गर्न स्वास्थ्य सेवा विभागलाई निर्देशन दिइएको।	
५६	नुवाकोट जिल्लामा सञ्चालनमा रहेको नेपाल अस्पताल प्रा.लि.ले स्वास्थ्य बीमा बोर्डबाट २०८१ साल पौष १ गतेबाट स्वास्थ्य बीमा लागु हुने गरी भएको सम्झौता कार्यान्वयन नगरेको भन्ने लगायत।	स्वास्थ्य बीमा बोर्ड	सम्बन्धित सम्झौताको यथाशीघ्र कार्यान्वयन गर्न स्वास्थ्य बीमा बोर्डलाई निर्देशन दिइएको।	
५७	नेपाल मेडिकल काउन्सिलले चिकित्सकहरूको नाम दर्ता गर्ने क्रममा समितिका संयोजक डा. विक्रान्त ढकाल र कालुसिंह खत्रीले परीक्षार्थी र निजका अभिभावकसँग आर्थिक लाभ लिई स्नातक र स्नाकोत्तर दर्ता परीक्षा सञ्चालन गर्ने क्रममा कच्चा प्रश्नपत्र निर्माण गर्ने र मिलेमतो गरी प्रश्नपत्रहरू पेन ड्राइभमा केही परीक्षार्थीलाई परीक्षा पूर्व नै उपलब्ध गराएको भन्ने लगायत।	डा. विक्रान्त ढकाल र कालु सिंह खत्री	उजुरीमा उठान गरिएका विषयहरूमा आवश्यक कारबाही गर्न र यस्ता परीक्षाहरू सञ्चालन गर्दा प्रभावकारी अनुगमनको व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिइएको।	

प्रदेश

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
		कोशी प्रदेश		
५८	स्वास्थ्य कार्यालय ताप्लेजुङमा मिति २०८१।०२।२९ देखि ३१ गतेसम्म सञ्चालित तालिममा सहभागीलाई भर्पाईमा बढी रकम राखेर हस्ताक्षर गराई थोरै रकम दिएको भन्ने लगायत।	स्वास्थ्य कार्यालय ताप्लेजुङ	भुक्तानी दिँदा भर्पाईबाट नगद रकम बुझाउने कार्य बन्द गरी सम्बन्धित व्यक्तिको बैंक खातामा जम्मा हुने गरी विद्युतीय भुक्तानीको व्यवस्था अवलम्बन गर्न स्वास्थ्य कार्यालय, ताप्लेजुङलाई निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
५९	पूर्वाधार विकास कार्यालय, उदयपुरका कर्मचारीहरू कार्यालयमा झुठो निवेदन पेस गरी अति आवश्यक काम र बिरामीको बहाना बनाई एकैचोटी भारतको गोवा सहर घुम्न गएकाले सेवाग्राहीहरू मर्कामा परेको भन्ने लगायत।	पूर्वाधार विकास कार्यालय, उदयपुर	कार्यालयमा कार्यरत कर्मचारीहरूको बिदा तथा काज स्वीकृत गर्दा कार्यालयको कामकाजमा बाधा नपर्ने गरी व्यवस्था गर्न पूर्वाधार विकास कार्यालय, उदयपुरलाई निर्देशन दिइएको।	
	मधेश प्रदेश			
६०	प्रदेश स्वास्थ्य निर्देशनालय, मधेश प्रदेशले स्वास्थ्य सेवाको विभिन्न पदहरूको करार सेवामा भर्ना लिन मिति २०८०/९/५ र २०८०/९/११ मा विज्ञापन गरेकोमा उक्त विज्ञापनको नतिजा प्रकाशन तथा नियुक्तिका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, मधेश प्रदेशका केही कर्मचारीहरूको मिलेमतोमा समिति बनाई कार्य थालनी गरेको भन्ने लगायत।	स्वास्थ्य निर्देशनालय, मधेश प्रदेश	कर्मचारी भर्ना गर्दा प्रचलित कानुनअनुसार पारदर्शी तरिकाले गर्न गराउन प्रदेश स्वास्थ्य निर्देशनालय, मधेश प्रदेशलाई निर्देशन दिइएको।	
	बागमती प्रदेश			
६१	गंगा जमुना गाउँपालिका वडा नं ३ स्थित रातमाटेदेखि सातदोबाटो जाने बाटो पहिले देखि नै भएकोमा सोही ठाउँ जाने गरी स्थानीय बासिन्दाको विरोध हुँदाहुँदै गाउँपालिकाले पहिलेदेखि भएको बाटोमा ठिक तलबाट बाटो खन्न सुरु गरेको हुँदा पहिलेको बाटोमा क्षति पुगेकाले उक्त बाटो निर्माण कार्य रोकी पाऊँ भन्ने लगायत।	गंगा जमुना गाउँपालिका	भौतिक विकासका संरचनाहरू निर्माण गर्दा पहिला भइसकेका पूर्वाधारलाई प्रतिकूल असर नपर्ने गरी आयोजना छनौट तथा निर्माण गर्न गंगा जमुना गाउँपालिकालाई निर्देशन दिइएको।	
६२	नमोबुद्ध नगरपालिका, काभ्रेमा दरबन्दी विपरीत तोक आदेशको भरमा करिब ३० जना कर्मचारी नियुक्त गरेको भन्ने लगायत।	नमोबुद्ध नगरपालिका	कर्मचारीको दरबन्दी यकिन गर्न यथाशीघ्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पन्न गरी कार्यान्वयन गर्ने र आगामी दिनमा पालिकामा स्थायी कर्मचारीको पदपूर्ति हुँदाहुँदै स्थायी कर्मचारीले गर्ने कामका लागि करार वा ज्यालादारीमा कर्मचारी भर्ना गरी वित्तीय व्ययभार सिर्जना गर्ने कार्य बन्द गर्न नमोबुद्ध नगरपालिकालाई निर्देशन दिइएको।	
६३	गोदावरी नगरपालिका, ललितपुरस्थित बज्रबाराही अस्पतालमा कार्यरत जनस्वास्थ्य निरीक्षक किरण नगरकोटीले विभिन्न विषयमा अनियमितता गरेको भन्ने लगायत।	गोदावरी नगरपालिका	उजुरी उपर आवश्यक कारबाहीको लागि बज्रबाराही अस्पताल चापागाउँ, ललितपुरलाई निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
६४	थाहा नगरपालिका वडा नं. ९, मकवानपुरस्थित श्री जलदेवी प्रा.वि.का करार शिक्षक प्र.अ निर्मल गोपाली अवकाशपछि पनि विद्यालय व्यवस्थापन समितिको बैठकमा सहभागी भई शिक्षकको दरबन्दी सट्टापट्टा गरेको भन्ने लगायत।	थाहा नगरपालिका	अनियमित कार्यमा संलग्न कर्मचारी तथा पदाधिकारीलाई प्रचलित कानुनबमोजिम कारबाही गर्न थाहा नगरपालिकालाई निर्देशन दिइएको।	
६५	सिन्धुपाल्चोक जिल्ला लिसंखुपाखर गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरूको म्याद थप नभएको भन्ने लगायत।	लिसंखुपाखर गाउँपालिका	उजुरीउपर आवश्यक कारबाहीका लागि लिसंखुपाखर गाउँपालिकालाई निर्देशन दिइएको।	
६६	काठमाडौँ जिल्ला सर्वेश्वर माध्यमिक विद्यालय, काठमाडौँमा कार्यरत नवेन्द्र पराजुली मिति २०७५ चैत्रमा नेपाल सरकारले प्रदान गरेको गोल्डेन ह्यान्डसेकको रकम लिई अवकाश भएकोमा वडा नं ३२ का वडाध्यक्ष नवराज पराजुलीको मिलेमतोमा विद्यालय व्यवस्थापन समितिले शिक्षा नियमावली विपरीत निजलाई पुनः नियुक्ति गरेको भन्ने लगायत।	सर्वेश्वर माध्यमिक विद्यालय, काठमाडौँमा कार्यरत नवेन्द्र पराजुली	विद्यालयका शैक्षिक प्रशासनसम्बन्धी काम कारबाहीहरू गर्दा नियमसङ्गत रूपबाट गर्न सर्वेश्वर माध्यमिक विद्यालयलाई निर्देशन दिइएको।	
६७	केही सार्वजनिक विद्यालयहरूका प्रधानाध्यापक तथा शिक्षकहरूले विद्यालयको कामभन्दा बढी गैरसरकारी संस्थाको काममा संलग्न हुने गरेको भन्ने लगायत।		देशभर रहेका सार्वजनिक विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूले पठन पाठन बाहेकका के-कस्ता क्रियाकलापमा माग लिन पाउने हो सोको स्पष्ट आधार तोकी आधार पूरा भएमा मात्र त्यस्ता क्रियाकलापमा संलग्न हुने पूर्व स्वीकृति प्रदान गर्ने गरी कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिइएको।	
६८	शिक्षाशास्त्र संकायमा स्नातकोत्तर गरी माध्यमिक तहमा स्थायी नियुक्ति पाई कम्तीमा ५ वर्षको सेवा गरेको वरिष्ठ शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको प्रधानाध्यापक पदमा नियुक्त गर्ने प्रचलित व्यवस्था रहे पनि ज्वालामुखी गाउँपालिकाले गाउँपालिकाको शिक्षा ऐन, २०७९ को बुँदा नं १८ मा सामुदायिक माध्यमिक विद्यालयको स्थायी शिक्षक कम्तीमा १० वर्ष सेवा गरेको वरिष्ठ शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक नियुक्त गर्ने व्यवस्था राखेको भन्ने लगायत।	ज्वालामुखी गाउँपालिका	प्रचलित शिक्षा ऐन तथा नियमावलीअनुसार कार्यविधि तयार गरी विद्यालयमा नियमानुसार पारदर्शी र व्यवस्थित रूपमा प्रधानाध्यापक नियुक्ति गर्न ज्वालामुखी गाउँपालिकालाई निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
६९	हेलम्बु गाउँपालिकाका उपाध्यक्ष अप्सरा लामिछानेले विभिन्न बाहाना बनाई आफूले गाउँपालिकाको गाडी प्रयोग गर्दै आएको भए तापनि भाडाको जिप प्रयोग गरेको भनी गाउँपालिका अध्यक्षले सिफारिस गर्नुपर्ने ठाउँमासमेत निज आफैले अध्यक्षको सही नक्कल गरी ३६५ दिनमा ११० वटा भ्रमण आदेश पेस गरी पैसा लिएको भन्ने लगायत।	हेलम्बु गाउँपालिकाका उपाध्यक्ष अप्सरा लामिछाने	उपाध्यक्ष अप्सर लामिछानेको भ्रमण बिल तथा भुक्तानीका सम्बन्धमा अन्तिम लेखा परीक्षणबाट औँल्याएका बेरुजु फछर्यौट गर्न हेलम्बु गाउँपालिकालाई निर्देशन दिइएको।	
७०	लिसंखुपाखर गाउँपालिकाको आफ्नै सवारी साधन भएको अवस्थामा पालिकाले जनताको जीवनस्तर वृद्धि एवम् विकास गर्नका लागि बजेट व्यवस्थापन गर्नुपर्नेमा सो कुरालाई बेवास्ता गरी थप सवारी साधन खरिद गर्ने निर्णय गरेको भन्ने लगायत।	लिसंखुपाखर गाउँपालिका	सवारी साधन खरिद गर्ने सम्बन्धमा आवश्यकता औचित्यता र पालिकाको आन्तरिक स्रोत साधनलाईसमेत ध्यानमा राखी मितव्ययिता अपनाएर मात्र कानुनबमोजिम गर्न लिसंखुपाखर गाउँपालिकालाई निर्देशन दिइएको।	
७१	यातायात व्यवस्था कार्यालय भरतपुरमा ट्रायल सेन्टरको परीक्षा गराउने कम्पनी महालक्ष्मी ड्राइभिङ सेन्टरमा विशेष गरी 'क' वर्गको तीन वटा स्कुटर मध्ये दुई वटा स्कुटर स्वरूपमा परिवर्तन गरी अनियमितता गरेको भन्ने लगायत।	यातायात व्यवस्था कार्यालय	केन्द्रको मिति २०८०/१०/०७ को निर्देशनात्मक पत्रमा उल्लेख गरिएबमोजिमको व्यवस्था सुनिश्चित गर्न यातायात व्यवस्था कार्यालय, भरतपुरलाई निर्देशन दिइएको।	
७२	सङ्घीय सचिवालय नियोग तथा व्यवस्थापन कार्यालयका ना.सु. पुशपति पोखरेलले सवारी साधनको दुरुपयोग गरेको भन्ने लगायत।	सङ्घीय सचिवालय नियोग तथा व्यवस्थापन कार्यालय	सङ्घीय सचिवालय नियोग तथा व्यवस्थापन कार्यालयलाई सवारी साधनको अनधिकृत प्रयोग नगर्न र सवारी मर्मतमा मितव्ययिता अपनाउन निर्देशन दिइएको।	
७३	चन्डेश्वरी अस्पताल टोखा न.पा.का सञ्चालक तथा व्यवस्थापन समितिका अध्यक्ष युथ महर्जनले आर्थिक अनियमितता गरेको भन्ने लगायत।	टोखा नगरपालिका	युथ मर्हजनले अस्पतालको आम्दानी अस्पतालको खातामा जम्मा नगरी व्यक्तिगत खातामा जम्मा गरी खर्च गर्ने विषय कानुन सम्मत नरहेकाले त्यस्तो व्यक्तिलाई सार्वजनिक पदमा रही काम काज गर्न नदिने, खाता सञ्चालनमा रोक लागाउने साथै अस्पताललाई आफ्नो हिसाब किताब पारदर्शी बनाई कानुनसम्मत ढङ्गले लेखा राख्न लगाउन टोखा नगरपालिकालाई निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
७४	भरतपुर जिल्ला अस्पताल, भरतपुर चितवनमा विभिन्न ल्याब मेसिन तथा रिएजेन्टहरू खरिद गरिएको, उक्त मेसिन तथा रिएजेन्टहरू अस्पतालका ल्याब इन्चार्ज, ल्याब HOD तथा अन्य प्रशासनका कर्मचारीहरूले व्यक्तिगत स्वार्थका कारण सञ्चालन नगरेको भन्ने लगायत।	भरतपुर जिल्ला अस्पताल	बिग्रेका उपकरणहरू यथाशीघ्र मर्मत गरी सञ्चालनमा ल्याउन र रिएजेन्टहरू उपलब्ध नभएका उपकरणका सम्बन्धमा रिएजेन्टहरूको उपलब्धता सुनिश्चित गरी सञ्चालनमा ल्याउन भरतपुर अस्पताललाई निर्देशन दिइएको।	
७५	भक्तपुर अस्पतालमा नर्सिङ प्रशासकको स्थायी दरबन्दी हुँदाहुँदै प्रदेश लोकसेवा आयोगबाट नवौँ तह, अस्पताल नर्सिङ प्रशासकको आन्तरिक विज्ञापन भइसकेपछि अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिबाट सोही पदको लागि स्वास्थ्य मन्त्रालयबाट सहमति लिई राख्न लागिएकाले तत्काल रोकी पाऊँ भन्ने लगायत।	भक्तपुर अस्पताल	अस्पतालमा कर्मचारीको दरबन्दी स्वीकृति र नियुक्तिसम्बन्धी कार्य गर्दा प्रचलित कानुनबमोजिम गर्न गराउन भक्तपुर अस्पताललाई निर्देशन दिइएको।	
७६	टोखा नगरपालिका वडा नं. ४ धापासी सेल्सबेरी जनता देउराली जाने बाटोमा ढलानका लागि बाटो खनेर त्यसै छोडेको तथा रोड डाइभर्सनको लागि उपयुक्त स्थानमा सूचना बोर्ड नराखेको भन्ने लगायत।	टोखा नगरपालिका	निर्माण कार्यमा सम्बन्धित निकायहरूबिच समन्वय गरी/गराई कार्य सम्पन्न गर्न टोखा नगरपालिकालाई निर्देशन दिइएको।	
७७	श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश र यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र ठुलोभञ्याङ, काठमाडौँका केही कर्मचारी र बिचौलिया तथा माफियाहरूको मिलेमतोमा अनुचित आर्थिक लाभ लिई थप आर्थिक भार पर्ने गरी हाल यातायात व्यवस्था कार्यालय रहेको स्थानबाट अन्यत्र सार्ने प्रपन्च भइरहेको भन्ने लगायत।	श्रम रोजगार तथा यातायात मन्त्रालय	कार्यालय तथा ट्रायल सेन्टर स्थानान्तरण गर्दा कार्यालयले प्रदान गर्ने सेवाको गुणस्तर र प्रभावकारिता अभिवृद्धि हुने गरी प्रचलित ऐन, कानुनको परिपालना गरी गर्न गराउन श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेशलाई निर्देशन दिइएको।	
७८	बागमती प्रदेश स्वास्थ्य मन्त्रालय अन्तर्गत रहेको बज्रबाराही चापागाउँ अस्पताल, ललिपुरमा कार्यरत जनस्वास्थ्य निरीक्षक किरण कुमार नगरकोटीले विभिन्न विषयमा आर्थिक अनियमितता गरेको हुँदा निज उपर छानबिन गरी पाऊँ भन्ने लगायत।	जनस्वास्थ्य निरीक्षक किरण कुमार नगरकोटी	अस्पतालको वित्तीय व्यवस्थापनमा बेरुजु नउठ्ने गरी अस्पताल सञ्चालन गर्न बज्रबाराही चापागाउँ अस्पताललाई निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
७९	भक्तपुर जिल्लाको भक्तपुर क्यान्सर अस्पतालमा ल्याब मेसिनहरू र थप मेसिन आवश्यक परे दाताहरूबाट निःशुल्क उपलब्ध हुने हुँदा BCH/GOODS/०८१/८२/१० Fully Automatic Biochemistry with Re-agents /BCH/GOODS/NCB/८१/८२/११ Fully Chmiluminescent Analyzer (CLIA) सम्बन्धी टेण्डर क्यान्सिल गरी पाऊँ भन्ने लगायत।	भक्तपुर क्यान्सर अस्पताल	उजुरीका सम्बन्धमा भक्तपुर क्यान्सर अस्पताललाई देहायबमोजिमका निर्देशनहरू दिइएकोः - प्रचलित खरिद ऐन, नियमावली प्रतिकुल नहुने गरी Specification र Cost Estimate तयार गरी अस्पतालको आवश्यकताअनुसार गुणस्तरीय मेसिन खरिद गरी उपचार सेवा प्रवाह गर्ने। - यसरी खरिद गर्दा वीर अस्पताल र कान्ति बाल अस्पतालले खरिद गरेको Modlity लाई पनि विचार गरी सकेसम्म मितव्ययी हुने गरी मेसिन खरिद गर्ने। - सार्वजनिक अस्पतालका चिकित्सकहरूले निजी स्वास्थ्य संस्थाका पर्चाहरू प्रयोग गरी बिरामीहरूलाई निजी स्वास्थ्य संस्थातर्फ आकर्षित गर्ने काम स्वार्थको द्वन्द्व र व्यावसायिक आचरण विरुद्वको कार्य भएकाले अस्पताल प्रशासनले यस्तो गतिविधिलाई अविलम्ब निरुत्साहित गर्ने र यस्तो गतिविधिमा संलग्न हुने चिकित्सक तथा स्वास्थ्यकर्मीलाई कानुनी कारबाही गर्ने। - अस्पतालको वित्तीय अवस्थाले धान्न सक्ने भएमा आफ्नै MRI मेसिन खरिद गरी सेवा प्रवाह गर्ने। आफैले खरिद गर्न नसकिने भएमा वार्षिक रूपमा निजी सेवा प्रदायकबाट दरभाउ पत्रमार्फत् सबैभन्दा कम मूल्यमा गुणस्तरीय MRI सेवा प्रदान गर्ने। - Radiography सेवा सम्बन्धमा मेसिनको क्षमता विचार गरी चौबिसै घण्टा सञ्चालन गरी बिरामीले लामो समय कुर्नुपर्ने अवस्थाको अन्त्य गर्ने र दबाब तथा प्रभावबाट पालो मिच्नेलाई निरुत्साहित गर्ने। - औषधी खरिद, वितरण तथा व्यवस्थापन लगायत अस्पतालको फार्मेसी कक्षको भौतिक संरचना विस्तार गर्ने, रिक्त रहेको फार्मेसी स्टाफको पदपूर्ति यथाशीघ्र गर्ने, औषधी खरिद गर्दा बोलपत्र प्रक्रियालाई थप सुधार गरी औषधीको सहज आपूर्ति तथा वितरण सुनिश्चित गर्ने।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
८०	सिन्धुपाल्चोक जिल्ला चौतारा अस्पताल सिन्धुपाल्चोकमा कार्यरत कार्यालय प्रमुख, मेडिकल सुपरिटेन्डेड डा. त्रिभुवन झाले आ.व ०७९/८० मा आर्थिक अनियमितता गरी भ्रष्टाचार गरेको हुँदा निज उपर छानबिन गरी कारबाही गरी पाऊँ भन्ने लगायत।	कार्यालय प्रमुख, मेडिकल सुपरिटेन्डेड डा. त्रिभुवन झा	प्रभावकारी रूपमा छानबिन गरी कार्य सम्पादनमा सुधार ल्याउन र भ्रष्टाचार एवम् अनियमितता न्यूनीकरण गरी सुशासन प्रर्वद्धन गर्न स्वास्थ्य मन्त्रालय, बागमती प्रदेश, हेटौँडालाई निर्देशन दिइएको।	
८१	चितवन जिल्ला राप्ती नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको बारम्बार सरुवा हुँदा उपभोक्ता समिति मार्फत आ.व २०८०/८१ मा गरेको कामहरूको पनि भुक्तानी नदिएको, आ.व. २०८१/८२ मा गर्नुपर्ने कामहरूको सुरुवात नै नभएको, जेष्ठ नागरिक, एकल महिला र अपाङ्ग व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा भत्ता वितरण सुरुवात नै नभएको, भण्डारा अस्पतालका कर्मचारीहरूले विगत ८ महिनादेखि तलब लगायतका सुविधा नपाउँदा आकस्मिक बाहेकका सबै सुविधाहरू बन्द रहेको भन्ने लगायत।		स्थानीय तहमा हुने दैनिक प्रशासनिक तथा विकास निर्माणका कार्यहरूलाई सहज बनाउन प्रमुख प्रशासकीय अधिकृतको पदपूर्ति सुनिश्चित गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिइएको।	
८२	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हुने सरुवामा अनियमितता हुने गरेको तथा सरुवा भएका कर्मचारीहरू सरुवा भएको कार्यालयमा नगई अन्यत्र आफू अनुकूलको कार्यालयमा सरुवा भई जाने गरेको भन्ने लगायत।		आगामी दिनमा कर्मचारीको सरुवालाई व्यवस्थित, गुनासोरहित र नियमसम्मत बनाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिइएको।	
८३	मकवानपुर जिल्ला हेटौँडा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको कृषि विकास बैंक, हेटौँडा शाखामा रहेको मौज्दात रकम प्रदेश लेखा नियन्त्रक कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, हेटौँडामा रहेको एकल खातामा मौज्दात रकम ट्रान्सफरका लागि अस्पतालले पत्र पठाएकोमा कृषि विकास बैंक, हेटौँडाले हालसम्म पनि ट्रान्सफर नगरेको कारणले नयाँ सरुवा भई आउनु भएको निमित्त अस्पताल प्रमुख डा. श्रीधर अर्यालको दस्तखतबाट कुनै पनि कारोबार गर्न आनाकानी गरेको, विकास समितिको तर्फबाट कर्मचारीको वि.सं. २०८० फागुनको तलब भत्ता भुक्तानीका लागि पठाएको चेक मात्र भुक्तानी गरिएको, राजश्वका चेकहरूसमेत सटही नगरी दिएको तथा मन्त्रालयको निर्देशनसमेत पालना नगरेको भन्ने लगायत।	मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान	यस सम्बन्धमा प्रचलित कानुनबमोजिम गर्नु गराउनु हुन निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
		गण्डकी प्रदेश		
८४	अजिरकोट गाउँपालिका वडा नं ४ को कार्यालयबाट प्रवाह हुने प्रशासन, पञ्जीकरण र सामाजिक सुरक्षा नवीकरणलगायत सेवाहरू कर्मचारी अभाव भएका कारण अर्को सूचना जारी नभएसम्म वडा कार्यालय बन्द रहेको भन्ने सूचना निकालेकाले सेवाग्राही मर्कामा परेकाले कानुनअनुसार कारबाही गरी पाऊँ भन्ने लगायत।	अजिरकोट गापा वडा नं. ४	सेवा सुचारु राख्ने व्यवस्था मिलाउन अजिरकोट गाउँपालिकाको कार्यालय गोरखा र अजिरकोट गाउँपालिका वडा नं. ४ को कार्यालयलाई निर्देशन दिइएको।	
		लुम्बिनी प्रदेश		
८५	लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलले पाँच करोड कमिसनको लागि पन्ध्र करोडको एम.आर. आई. मेसिन खरिद गर्न मिलेमतोमा प्राविधिक स्पेसिफिकेशन तयार गरी निश्चित कम्पनीलाई मिल्ने गरी खरिद प्रक्रिया अगाडि बढाएको भन्ने लगायत।	लुम्बिनी प्रादेशिक अस्पताल	खरिद प्रक्रिया सुरुवाती चरणमा नै भएको देखिँदा Initial Technical Specification को SN ४.२२ "A fully digital RF system capable of transmitting power of at least १० KV" लाई संशोधन गरी राखिएको "A fully digital RF system capable of transmitting power of at least १५ KV" र SN ११.३३ को "The manufacturer should have at least १० superconductiong MRI system installed in Nepal Evidence document from the manufacturer should be attached" लगायतका उजुरीमा उठान भएका विषयहरूमा मनन गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवम् सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत बोलपत्रसम्बन्धी कागजातको व्यवस्थाहरूको पूर्ण पालना गरी कार्य गर्न लुम्बिनी प्रादेशिक अस्पताललाई सुझाव दिइएको।	
८६	रूपन्देही जिल्ला सिद्धार्थनगर न.पा. मा अवस्थित भीम अस्पतालले बिरामीलाई गलत रिपोर्ट दिएर हेयभाव गरेको, बिरामी र आफन्तलाई मानसिक तनावमा पारेको हुँदा ल्याब प्रशासन साथै मेडिकल सुपररिन्टेन्डेन्टलाई कारबाही गरी पाऊँ भन्ने लगायत।	भिम अस्पताल सिद्धार्थनगर, रूपन्देही	लापरवाही कार्यमा संलग्न दोषीहरूलाई कारबाही गरी सोको जानकारी केन्द्रमा दिन र यस्ता गल्ती नदोहोर्‍याउन साथै गुणस्तरहीन किटहरू प्रयोग नगर्न/नगराउन भिम अस्पताल, रूपन्देहीलाई निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
८७	कपिलवस्तु जिल्ला अस्पताल, तौलिहवामा कर्मचारीले लापरवाही गरेको, अस्पतालमा डाक्टरको कमी भएको, औषधी उपचार सामग्रीको अभाव भएको लगायतका समस्याहरू भएको भन्ने लगायत।	कपिलवस्तु जिल्ला अस्पताल, तौलिहवा	अस्पताल सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेशलाई निर्देशन दिइएको।	
	कर्णाली प्रदेश			
८८	मुसिकोट बहुमुखी क्याम्पस, खलङ्गा र सामुदायिक क्याम्पस खलङ्गामा आंशिक शिक्षकको रूपमा अध्यापन गर्ने शिक्षकहरूले सम्बन्धित निकायबाट अनुमति नलिई गैरकानुनी रूपमा पठन पाठन गर्ने कार्य गरेको भन्ने लगायत।	मुसिकोट बहुमुखी क्याम्पस, खलङ्गा र सामुदायिक क्याम्पस खलङ्गामा आंशिक शिक्षकको रूपमा अध्यापन गर्ने शिक्षकहरू	अध्यापनसम्बन्धी प्रचलित कानुनबमोजिम गर्न दोहोरो संस्थामा कार्यरत शिक्षकलाई सतर्क गराइएको।	
८९	रास्कोट नगरपालिका कालिकोटले कर्मचारी नियुक्ति, सरुवा वढुवामा आर्थिक चलखेल गर्ने गरेको, एक आर्थिक वर्षमा जनप्रतिनिधि र कर्मचारीले ६१ लाखभन्दा बढी इन्धन दुरुपयोग गरेको भन्ने लगायत।	रास्कोट नगरपालिका कालिकोट	वार्षिक बजेट तयारी गर्दाको अवस्था देखिनै आवश्यकता तथा औचित्यका आधारमा बजेट शीर्षकमा रकम विनियोजन गर्न र विनियोजित रकमलाई मितव्ययी किसिमबाट खर्च गर्न/गराउन रास्कोट नगरपालिका कालिकोटलाई सुझाव दिइएको।	
	सुदूरपश्चिम प्रदेश			
९०	बाजुरा जिल्लाको खप्तड छेडेदह गाउँपालिका वडा नं. १ स्थित श्री काँडा भवानी माध्यमिक विद्यालयका प्रधानाध्यापक हिरालाल रेग्मीले सो विद्यालयको नयाँ भवन निर्माणमा, विद्यालयका सामान, विज्ञानको ल्याबको सामान खरिद, शिक्षक भर्ना र लेखाको कर्मचारीलाई दोहोरो तलब भुक्तानी गरी अनियमितता गरेको भन्ने लगायत।	श्री काँडा भवानी माध्यमिक विद्यालयका प्रधानाध्यापक हिरालाल रेग्मी	विद्यालयको पुरानो भवन भत्काउँदा प्राप्त कर्कटपाता, ढुङ्गा र काठवापतको रकम विक्रम रावलबाट विद्यालयको खातामा जम्मा गर्न लगाउन श्री काँडा भवानी माध्यमिक विद्यालय, खप्तडछेडेदह, बाजुरालाई निर्देशन दिइएको।	
९१	दार्चुला जिल्लाको शैल्यशिखर नगरपालिकामा काजमा कार्यरत खरिदार मनोरथ जोशीले आफू सरुवा भएको कार्यालयमा रमाना लिई नगएको भन्ने लगायत।	खरिदार मनोरथ जोशी	प्रचलित ऐन/नियमानुसार आवश्यक कारबाही गर्न श्री शैल्य शिखर नगरपालिका, दार्चुलालाई निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
९२	डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिकामा कार्यरत अधिकृत बिष्णुराज जोशीसमेतका कर्मचारीहरूको नियम विपरीत नगरपालिकाबाट स्तर/तह वृद्धि गरिएको भन्ने लगायत।	दिपायल सिलगढी नगरपालिका, डोटी	कर्मचारीहरूको स्तर/तह वृद्धि गर्दा सुदूरपश्चिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७ बमोजिम गर्न दिपायल सिलगढी नगरपालिका, डोटीलाई निर्देशन दिइएको।	
९३	डोटी जिल्लाको शिखर नगरपालिकाका उपप्रमुखले सवारी साधन सुविधा विपरीत रु. १,४०,०००/- लिएको यस्तो अनियमितता सम्बन्धमा छानबिन गरी कारबाही गरियोस् भन्ने लगायत।	उप प्रमुख, शिखर नगरपालिका, डोटी	सवारी साधन सुविधा सम्बन्धमा म.ले.प.को प्रतिवेदनमा औँल्याएको बेरुजुको नियमानुसार असुल उपर गर्न शिखर नगरपालिका, डोटीलाई निर्देशन दिइएको।	
९४	कञ्चनपुर जिल्लाको भिमदत्त नगरपालिकाका नगर प्रमुख पदम बोगटी र प्रमुख प्रशासकीय अधिकृत महेश बहादुर बमसमेतको मिलेमतोमा दरबन्दी नै नरहेको मेकानिकल ईन्जिनियर र वातावरण अधिकृत पदमा आफ्ना मान्छे भर्नाको लागि सूचना प्रकाशन गरेकाले छानबिन गरी कारबाही गरियोस् भन्ने लगायत।	नगर प्रमुख पदम बोगटी र प्रमुख प्रशासकीय अधिकृत महेश बहादुर बम।	कर्मचारी नियुक्तिका सम्बन्धमा कानुनबमोजिमका आवश्यक सम्पूर्ण प्रक्रिया अवलम्बन गरी गर्न/गराउन श्री भिमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुरलाई निर्देशन दिइएको।	
९५	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेश तथा मातहतका निकायहरूबाट निर्माण हुने भौतिक संरचनाहरू कोल्ड स्टोर, कोल्ड च्याम्बर, हाट बजार, सङ्कलन केन्द्र, प्रशोधन केन्द्र, मिट मार्ट, डेरी उद्योग, सहकारीका भवनहरू, भण्डारण केन्द्रलगायतका पूर्वाधारहरू निर्माण गर्दा अधिकांश पूर्वाधारहरू निर्माण नै नहुने, निर्माण भए पनि सञ्चालनमा नआउने गरेको भन्ने लगायत।	सुदूरपश्चिम प्रदेश सरकार, मातहतका मन्त्रालय तथा अन्तर्गत निकायहरू।	उजुरीमा उल्लिखित विषयका सम्बन्धमा आवश्यक कारबाही गर्न श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदूरपश्चिम प्रदेशलाई निर्देशन दिई सोको बोधार्थ श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेशलाई दिइएको।	
९६	अछाम जिल्लाको ढकारी गाउँपालिका वडा नं. ८ स्थित श्री विश्व सरस्वती आधारभूत विद्यालयका प्र.अ. रामचन्द्र जैसी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चक्र प्रसाद धमला र उक्त पालिकाका शिक्षा शाखा अधिकृत टेकनारायण पोखेलसमेतको मिलेमतोमा दिवा खाजा, पाठ्यपुस्तकमा अनियमितता गरेकाले छानबिन गरी कारबाही गरियोस् भन्ने लगायत।	प्र.अ. रामचन्द्र जैसी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चक्रप्रसाद धमला, शिक्षा शाखा अधिकृत टेकनारायण पोखेल	विद्यार्थी सङ्ख्याका आधारमा रु. ९,६३०/- (नौ हजार छ सय तीस) बढी भुक्तानी भएकोले उक्त रकम फिर्ता गर्न विश्व सरस्वती आधारभूत विद्यालय, ढकारी -८, अछामलाई निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
९७	बैतडी जिल्लाको मेलौली नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष लोकराज भट्टले सार्वजनिक जग्गा गैरकानुनी रूपमा प्रयोग गरेको र विभिन्न कार्यहरू गर्दा अख्तियारको दुरुपयोग गरेको भन्ने लगायत।	वडा नं.९ का वडा अध्यक्ष लोकराज भट्ट	सम्बन्धित स्थानीय निकाय तथा डिभिजन वन कार्यालय, बैतडी र पूर्वाधार विकास कार्यालय, बैतडीका साथै नापी कार्यालयसँग समन्वय गरी मेलौली नगरपालिकाको वडा नं. ७ को काँडा बजारमा सडकको जग्गामा घर निर्माण भएको बारेमा प्रचलित कानुनको परिपालना गर्न श्री डिभजन वन कार्यालय, बैतडी र श्री पूर्वाधार विकास कार्यालय, बैतडीलाई निर्देशन दिइएको।	

स्थानीय तह

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
		कोशी प्रदेश		
९८	ग्रामथान गाउँपालिकामा कार्यरत सि.अ.हे.व. राजकुमार झा र कल्पना घिमिरेले राजनीतिक संरक्षणमा पदीय दुरुपयोग गरी कोभिडसँग सम्बन्धित औषधिजन्य सामग्री खरिदमा अनियमितता गरेको भन्ने लगायत।	ग्रामथान गाउँपालिका, मोरङ	उजुरीसँग सम्बन्धित विषयहरू सम्बोधन गरी प्रचलित कानुन तथा मापदण्डअनुसार गर्न/गराउन ग्रामथान गाउँपालिकालाई निर्देशन दिइएको।	
९९	कटारी नगरपालिकाबाट सञ्चालित सुनकोशी लिफ्ट खानेपानी योजनामा भ्रष्टाचार भएको र एकलौटी रूपमा आफ्नो मान्छेलाई ठेक्का दिई भ्रष्टाचार गरेको भन्ने लगायत।	कटारी नगरपालिका	उजुरीको विषयमा महालेखाको प्रतिवेदनमा उल्लिखित बेरुजु नियमानुसार सम्परीक्षण गर्न श्री सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनालाई निर्देशन दिइएको।	
१००	इलाम नगरपालिकामा भारतीय सहयोगसहित झण्डै ६ करोड रूपैयाँमा निर्मित शीतभण्डार सञ्चालनमा नल्याई उपयोग विहीन भएको, कृषि मन्त्रालयले डेढ करोड रूपैयाँभन्दा बढी पर्ने डेरीको मेसिनहरू अनुदानमा उपलब्ध गराएको एक दशक बित्न लाग्दा पनि सञ्चालन नभएको भन्ने लगायत।	इलाम नगरपालिका	उजुरीको सम्बन्धमा सार्वजनिक निर्माण, खरिद र सञ्चालन गर्दा प्रचलित कानुनको पालना गरेर मात्र गर्नु/गराउनु हुन र आवश्यक कानुन/कार्यविधि बनाई सञ्चालन गर्न निर्देशन दिइएको।	
१०१	कोशी प्रदेश, विराटनगर महानगरपालिका, इटहरी उपमहानगरपालिका र धरान उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले कोशी प्रदेश लोकसेवा आयोगलाई कानुनबमोजिम नवौं र दशौं तहको रिक्त पद उपलब्ध नगराएको भन्ने लगायत।	विराटनगर महानगरपालिका, इटहरी उपमहानगरपालिका र धरान उपमहानगरपालिका	उजुरीको सम्बन्धमा नियमानुसार रिक्त दरबन्दीको लागि पदपूर्ति गर्न प्रदेश लोकसेवा आयोगमा माग गर्न हुन भनी विराटनगर महानगरपालिका, इटहरी उपमहानगरपालिका र धरान उपमहानगरपालिकालाई निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
		मधेश प्रदेश		
१०२	वृन्दावन नगरपालिका, रौतहटका मेयरले निजी खेतको माटो खनी सडक निर्माणमा प्रयोग गरेको भन्ने लगायत।	वृन्दावन नगरपालिका, रौतहट	व्यक्ति विशेषको निजी खेत खनी किसानलाई मार नपार्ने र सार्वजनिक निर्माण कार्य गर्दा सरोकारवालासँग समन्वय गरी कार्य गर्न गराउन निर्देशन दिइएको।	
१०३	छिपहरमाई गाउँपालिका, पर्सामा आ.व. २०७९/०८० मा नियम विपरीत कर्मचारीले बैठक/प्रोत्साहन भत्ता लिएको भन्ने लगायत।	छिपहरमाई गाउँपालिका, पर्सा	कानुनबमोजिम कार्यविधि बनाई आन्तरिक आयलाईसमेत विचार गरी सूचक तयार पारी नियमानुसार खर्च लेख्न निर्देशन दिइएको।	
१०४	छिपहरमाई गाउँपालिका, पर्सामा आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदनमा औँल्याएको बेरुजु ३,८८,२८०/- बढी बैठक भत्ता असुल उपर गर्नुपर्ने, आ.व. २०७९/०८० मा सहलेखापालले रु. ८,४६२/- कानुन विपरीत प्रोत्साहन भत्ता लिएको भन्ने लगायत।	छिपहरमाई गाउँपालिका, पर्सा	लेखापरीक्षण प्रतिवेदनमा औँल्याएको बेरुजु असुल उपर गरी जानकारी गराउन छिपहरमाई गाउँपालिकालाई निर्देशन दिइएको।	
१०५	छिपहरमाई गाउँपालिकाले नियम विपरीत कर्मचारीहरू नियुक्ति गरेको भन्ने लगायत।	छिपहरमाई गाउँपालिका, पर्सा	कार्यालयको कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टताका आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत सङ्गठन संरचना र दरबन्दीको आधारमा मात्रै कर्मचारी भर्ना तथा नियुक्ति गर्ने व्यवस्था गर्न/गराउन छिपहरमाई गाउँपालिकालाई निर्देशन दिइएको।	
१०६	छिपहरमाई गाउँपालिका, पर्साले नियम विपरीत काज सरुवा गरेको, बिदा स्वीकृत गरेको तथा सरकारी सम्पत्तिको दुरुपयोग गरेको भन्ने लगायत।	छिपहरमाई गाउँपालिका, पर्सा	बिदा स्वीकृतलगायतका विषयहरूमा नियमबमोजिम गरी/गराई सोको जानकारी यस केन्द्रमा दिन छिपहरमाई गाउँपालिका, पर्सालाई निर्देशन दिइएको।	
१०७	छिपहरमाई गाउँपालिका, पर्साले २०७४/०७५ देखि हालसम्म कार्यपालिकाबाट हुने महत्त्वपूर्ण निर्णयहरू, योजनाहरू, रेडबुक, कर्मचारी पदाधिकारी विवरण लगायत जनतासँग सरोकार राख्ने सबै सूचनाहरू वेबसाईटमा अपलोड नगरी लुकाएको भन्ने लगायत।	छिपहरमाई गाउँपालिका, पर्सा	गाउँपालिकाको कार्यालयबाट भए/गरेका कार्यहरूको विवरण तथा सूचनाहरू वेभसाइटमा अपलोड तथा अद्यावद्यिक गर्ने व्यवस्था मिलाउन छिपहरमाई गाउँपालिका, पर्सालाई निर्देशन दिइएको।	
१०८	छिपहरमाई गाउँपालिका, पर्सामा आ.व. २०७४/०७५ मा रु. १० लाखको सामाजिक सुरक्षा भत्ताको चेक सुरक्षित नराखी क्षति भएकाले बेरुजु असुल गर्नुपर्ने भन्ने लगायत।	छिपहरमाई गाउँपालिका, पर्सा	लेखापरीक्षण प्रतिवेदनले औँल्याएको बेरुजु प्रचलित कानुनअनुसार असुल उपर गर्न/गराउन छिपहरमाई गाउँपालिका, पर्सालाई निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
१०९	जि.स.स. पर्साको पूर्व सदस्य सुवास साहले आ.व. २०७४/०७५ देखि ०७८/०७९ सम्म जिल्ला समन्वय समितिको कार्यालय र छिपहरमाई गाउँपालिकाबाट दोहोरो सुविधा वापत रु. १ लाख १२ हजार लिएको बेरुजु असुल गर्ने भन्ने लगायत।	छिपहरमाई गाउँपालिका, पर्सा	लेखापरीक्षण प्रतिवेदनले औँल्याएको बेरुजु प्रचलित कानुनअनुसार असुल उपर गर्न/गराउन छिपहरमाई गाउँपालिका, पर्सालाई निर्देशन दिइएको।	
११०	छिपहरमाई गाउँपालिकाले आ.व. २०७४/०७५ मा सामाजिक सुरक्षा भत्ता वापत ४४ हजार बढी भुक्तानी दिएको बेरुजु असुल गर्ने भन्ने लगायत।	छिपहरमाई गाउँपालिका, पर्सा	लेखापरीक्षण प्रतिवेदनले औँल्याएको बेरुजु प्रचलित कानुनअनुसार असुल उपर गर्न/गराउन छिपहरमाई गाउँपालिका, पर्सालाई निर्देशन दिइएको।	
१११	दुर्गा भगवती गाउँपालिका, रौतहटमा कार्यरत कर्मचारी अ.स.ई. संजेश प्रसाद यादवले रमाना पत्रको लागि निवेदन पेस गरेकोमा दर्ता गर्न नमानेको र हुलाकबाट पत्र पठाउँदा पनि जानकारी नपाएको भन्ने लगायत।	दुर्गा भगवती गाउँपालिका, रौतहट	सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम कारबाहीको सूचना उपलब्ध गराउनु हुन दुर्गा भगवती गाउँपालिका, रौतहटलाई निर्देशन दिइएको।	
११२	देवाही गोनाही न.पा. २ स्थित श्री जनप्रिय प्रा. वि.मा करार शिक्षकमा नियुक्ति भएको शिक्षक काजल किरणले मिति २०७८ साउन देखि २०७९ कार्तिकसम्म आफूलाई काममा लगाई काम गरेको अवधिको जम्मा ४० हजार मात्र तलव भुक्तानी पाई बाँकी तलब नपाएको भन्ने लगायत।	देवाही गोनाही न.पा	करार शिक्षक काजल किरण विद्यालयमा हाजिर भएको मितिको गणना गरी निजले पाउने पारिश्रमिक उपलब्ध गराउन देवाही गोनाही नगरपालिकालाई निर्देशन दिइएको।	
११३	छिपहरमाई गाउँपालिका, पर्साको गा.पा. अध्यक्ष मनोज कुमारको प्रत्यक्ष निर्देशनमा क.अ. तथा योजना शाखा सहायक प्रशान्त कुमार साहले रु. ४ लाख १९ हजार अनियमितता गरेको भन्ने लगायत।	छिपहरमाई गाउँपालिका, पर्सा	महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख भएको बेरुजु कानुनबमोजिम फछ्र्यौट गर्न छिपहरमाई गाउँपालिका, पर्सालाई निर्देशन दिइएको।	
११४	छिपहरमाई गाउँपालिका, पर्साका पदाधिकारीहरूले कानुन विपरीत आ.व. २०७९/०८० मा आर्थिक सहायता दिने, पुरस्कार एवम् संस्थागत अनुदान, महोत्सव र चाडपर्वको नाममा १४ लाख ५९ हजार ६ सय खर्च गरेको भन्ने लगायत।	छिपहरमाई गाउँपालिका, पर्सा	आर्थिक सहायता, पुरस्कार एवम् संस्थागत अनुदान, महोत्सव र चाडपर्व जस्ता कार्यमा खर्च गर्दा प्रचलित कानुनअनुसार मात्र गर्न गराउन छिपहरमाई गाउँपालिका, पर्सालाई निर्देशन दिइएको।	
११५	बरागढी गाउँपालिका बाराको कार्यालयमा कर्मचारी अनुपस्थित हुने भन्ने लगायत।	बरागढी गाउँपालिका	कार्यालयमा कर्मचारीको उपस्थिति र सेवा प्रवाह नियमित र व्यवस्थित गर्न/गराउन बरागढी गाउँपालिकालाई निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
११६	पचरौता नगरपालिका, बाराले योजना तथा रातो किताब वेबसाईटमा अपलोड नगरेको र कर्मचारीलाई शिक्षा शाखाको जिम्मेवारी नदिई शिक्षकलाई काजमा ल्याई जिम्मेवारीमा राखेको।	पचरौता नगरपालिका	नगरसभाबाट स्वीकृत भएको आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम नगरपालिकाको वेबसाईटमा प्रकाशन गर्न र विद्यालयका शिक्षक तथा कर्मचारीहरूलाई काज फिर्ता गर्न पचरौता नगरपालिकालाई निर्देशन दिइएको।	
११७	हंसपुर नगरपालिका, धनुषा वडा नं. ४ को राष्ट्रिय प्रा.वि.का प्र.अ. रमेश दासले विद्यालयको विभिन्न स्रोतको रकम हिनमिना गरेको, सार्वजनिक सुनुवाईसमेत नगर्ने गरेको भन्ने लगायत।	हंसपुर नगरपालिका धनुषा	विद्यालयमा भए/गरेका काम कारबाहीको बारेमा सार्वजनिक सुनुवाई लगायत कानुनी प्रक्रिया पूरा गर्न/गराउन हंसपुर नगरपालिकालाई निर्देशन दिइएको।	
११८	हनुमाननगर कंकालिनी नागरपालिकाअन्तर्गत महाविर मा.वि. हनुमाननगर सप्तरीका प्र.अ. छत्र नारायण दासले पाठ्यपुस्तक रकम र दलित छात्रवृत्ति रकमको झुठो भर्पाइ पेस गरी हिनामिना गरेको भन्ने लगायत।	हनुमाननगर कंकालिनी नागरपालिका	हानी नोक्सानी भएको रकम सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गर्ने र त्यस्तो गलत कार्य गर्ने कर्मचारी उपर विभागीय कारबाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको।	
११९	जिल्ला सिरहा, लक्ष्मीपुर पतारी गाउँपालिकाको कार्यालय तथा वडा नं. ३ मा कार्मचारीहरू लगायत जनप्रतिनिधिहरू समयमा कार्यालयमा उपस्थित नहुने हुँदा सेवाग्राहीले कार्यालयमा सेवा लिन लामो समयसम्म प्रतिक्षा गर्नुपर्ने तथा सेवाबाट वञ्चित हुनु परेको भन्ने लगायत।	लक्ष्मीपुर पतारी गाउँपालिकाको कार्यालय	कर्मचारीहरूको समय पालनाको व्यवस्थापनको लागि विद्युतीय हाजिर राख्न लगाई कार्यालयबाट नियमित अनुगमन गर्ने, कर्मचारीलाई तोकिएको पोसाकमा उपस्थित हुने र कार्यालय बाहिर जाँदा अनिवार्य रूपमा लक बुकमा जनाएर मात्र जाने प्रवन्ध मिलाउन लक्ष्मीपुर पतारी गाउँपालिकाको कार्यालयलाई निर्देशन दिइएको।	
१२०	सिरहा नगरपालिकाको शिक्षा शाखा प्रमुखको जिम्मेवारी पाएका चन्द्र मा.वि. सिरहामा कार्यरत मा.वि. शिक्षक कासिन्द्र प्रसाद यादवसमेतको मिलेमतोमा नगरपालिकाले पटक पटक नियम विपरीत शिक्षकको काज सरुवा गर्ने, काज सरुवा गराएर अदालतमा मुद्दा लड्न बाध्य पार्ने, विद्यालयभित्र र बाहिर शिक्षकहरूको अपमान गर्ने भन्ने लगायत।	सिरहा नगरपालिका	शिक्षक कासिन्द्र प्रसाद यादवलाई आफ्नो दरबन्दी रहेको विद्यालयमा काज फिर्ता गर्न र सोको जानकारी १५ दिन भित्र यस केन्द्रलाईसमेत उपलब्ध गराउन सिरहा नगरपालिकालाई निर्देशन दिइएको।	
१२१	महोत्तरी जिल्लाको एकडारा गाउँपालिकामा आ.व. २०८०।०८१ मा निर्माण, खरिद लगायतमा व्यापक अनियमितता भएको, कमिसनका कारण कमसल काम गरेको, आफ्नालाई ठेक्का पठ्ठा दिने गरेको भन्ने लगायत।	एकडारा गाउँपालिका	सार्वजनिक निर्माण, खरिद लगायतका कार्य गर्दा प्रचलित कानुनअनुसार गर्न गराउन एकडारा गाउँपालिकालाई निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
१२२	माध्यमिक शिक्षक दिनेश राई यादव ज.मा. वि. चक्रघट्टा सर्लाहीमा काज फिर्ता भए पनि हालसम्म हाजिर नभएको भन्ने लगायत।	कविलासी नगरपालिका	करारमा रहेको शिक्षक दिनेश राई यादवलाई तुरुन्तै काज फिर्ता गर्न कविलासी नगरपालिकालाई निर्देशन दिइएको।	
१२३	सप्तरी जिल्ला कन्चनरूप नगरपालिकाका नगरप्रमुख ललन प्रसाद गुप्ता र प्रमुख प्रशासकीय अधिकृत राम नारायण साहको मिलेमतोमा अग्रिम रकम असुली सेवा करारमा कर्मचारी पदपूर्तिको विज्ञापन गरेको भन्ने लगायत।	कन्चनरूप नगरपालिका	कर्मचारी पदपूर्ति गर्दा औचित्य पुष्टि हुने गरी प्रचलित कानुनअनुसार गर्न गराउन कन्चनरूप नगरपालिकालाई निर्देशन दिइएको।	
	लुम्बिनी प्रदेश			
१२४	बढैयाताल गा.पा. मैनापोखर लुम्बिनी प्रदेश शिक्षा शाखा प्रमुख श्री विष्णु प्रसाद ढकालले उक्त पालिकामा सञ्चालित संस्थागत विद्यालयको कक्षा ८ को परीक्षा शुल्क वापतको रकम प्रतिव्यक्ति रु.३००/- का दरले आ.व. २०७४/०७५ देखि ०७९/८० सम्मको रकम बुझेको तर कहिँकतै जम्मा नगरी रकम दुरुपयोग गरेको भन्ने लगायत।	बढैयाताल गा.पा. मैनापोखरका शिक्षा शाखा प्रमुख श्री विष्णु प्रसाद ढकाल	बढैयाताल गा.पा. मैनापोखरका शिक्षा शाखा प्रमुख श्री विष्णु प्रसाद ढकाललाई सतर्क गराइएको।	
१२५	लुम्बिनी सांस्कृतिक नगरपालिकाले नेपालको संविधान, नीति नियम, ऐन कानुन, कार्यविधि विपरीत स्वीकृत दरबन्दीमा पद रिक्त नभएको अवस्थामा करारमा कर्मचारी नियुक्त गरेको, एक जना अमिन कार्यरत हुँदाहुँदै कमिसन खाई अर्कै अमिन भर्ना गरी भुक्तानी गरेको भन्ने लगायत।	लुम्बिनी सांस्कृतिक नगरपालिका, कपिलवस्तु	करारमा कर्मचारी नियुक्त गर्ने कार्य प्रचलित नियम कानुनबमोजिम मात्र गर्न गराउन लुम्बिनी सांस्कृतिक नगरपालिकालाई निर्देशन दिइएको।	
१२६	कोहलपुर न.पा. कार्यालयमा कर्मचारीले विभिन्न विषयमा आर्थिक चलखेल गरेको भन्ने लगायत।	कोहलपुर न.पा., बाँके	सरकारी रकम दुरुपयोगमा संलग्न जिम्मेवार पदाधिकारीलाई कारबाही गर्न, जिन्सी निरीक्षण गरी सरकारी जिन्सी तथा नगद रकमको दुरुपयोग हुन नदिने व्यवस्था मिलाउन कोहलपुर न.पा.लाई निर्देशन दिइएको।	
१२७	बुद्धभूमि नगरपालिकाका सहायकस्तरका कर्मचारी केशव बेलबासेले मनोमानी तरिकाले बिदा लिने र सरकारी सेवाको दुरुपयोग गर्ने गरेको भन्ने लगायत।	केशव बेलबासे, सहायक पाँचौं, बुद्धभूमि नगरपालिका, कपिलवस्तु	कार्यालयको सेवा प्रवाह अवरुद्ध नहुने गरी प्रचलित कानुनबमोजिम गर्न बुद्धभूमि नगरपालिका, कपिलवस्तुलाई निर्देशन दिइएको।	
१२८	कपिलवस्तु जिल्ला मायादेवी गाउँपालिकाका अध्यक्षले पालिका अन्तर्गत विभिन्न पदमा नियुक्ति दिई, अवैधानिक रूपमा तलब भत्ता दिई भ्रष्टाचार गरेको भन्ने लगायत।	मायादेवी गाउँपालिकाका अध्यक्ष	कानुन विपरीत वा कानुनमा उल्लेख नभएका कुनै पनि पदमा नियुक्ति गर्ने पारिश्रमिक भुक्तानी दिने जस्ता कार्यहरू नगर्न/नगराउन मायादेवी गा.पा., कपिलवस्तुलाई निर्देशन दिइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
१२९	मायादेवी गाउँपालिका बरेवा, रूपन्देहीका इ. रोहित यादव, ओभरसियर प्रकाश थापा, योजना शाखा प्रमुख निरञ्जन गुप्ता, विकास गैरे, वडा नं. ३ का अध्यक्ष मोहम्मद रफिक खान, प्रशासन शाखा प्रमुख पम्फा पन्थ, नेता/पत्रकार पदमपानी भण्डारी लगायतको मिलोमतोमा लुम्बिनी विकास कोषको नाममा नदीजन्य पदार्थ उत्खनन् र बेचबिखन गरी महदेवा र निबिहवा गाउँबासीको घरहरू जोखिममा पारेको भन्ने लगायत।	मायादेवी गाउँपालिका बरेवा, रूपन्देहीका इ.रोहित यादव लगायत ६ जना	नदीजन्य पदार्थको सम्भावित अनियमितताको रोकथाम सम्बन्धमा कानुनबमोजिम अनुगमन, नियन्त्रण तथा कारबाही गर्न जिल्ला समन्वय समितको कार्यालय, रूपन्देहीलाई निर्देशन दिइएको र सूचना प्रविधि अधिकृतको हकमा प्रचलित कानुनबमोजिम प्रक्रिया पूरा गरेर करारमा नियुक्ति गर्ने व्यवस्था मिलाउन मायादेवी गा.पा. रूपन्देहीलाई निर्देशन दिइएको।	
१३०	सम्मरीमाई गा.पा., रूपन्देहीस्थित श्री रामनगर झगरहवा प्रा.वि.का प्र.अ. रणजित यादवले गैर कानुनी कार्य गरेको भन्ने लगायत।	रामनगर झगरहवा प्रा.वि.का प्र.अ. रणजित यादव	प्र.अ.लाई विद्यालयमा आफ्नो हाजिरी रजिष्टर दुरुस्त बनाई राख्न श्री रामनगर झगरहवा प्रा.वि., सम्मरीमाई-२, रूपन्देहीलाई सुझाव दिइएको।	

ख) आ.व २०८१/८२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आवश्यक कारबाहीका लागि पठाइएका उजुरीको विवरण

सङ्घ

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय			
१	पशुपति क्षेत्र विकास कोषमा भएको ठेक्कामा तोकिएबमोजिम काम सम्पन्न गरिएको तर भुक्तानी नभएको भन्ने लगायत।	पशुपति क्षेत्र विकास कोष, गौशाला	आवश्यक कारबाहीको लागि सिफारिससहित सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।	
	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय			
२	नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानको केन्द्रीय कार्यालय परिसर खुमलटारमा प्रविधि संकायको नवनिर्मित अत्याधुनिक भवन निर्माण, Animal House निर्माण, NMR मेसिन खरिद कार्यको भुक्तानीमा आर्थिक अनियमितता तथा भ्रष्टाचार भएको भन्ने लगायत।	नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान	थप अनुसन्धानका लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।	
३	नेपाल संस्कृत विश्वविद्यालय, दाङमा भएको अनियमितता र सेवा आयोगको कार्यालय, दाङबाट २०७८ सालमा प्रकाशित विज्ञापनको परीक्षा रोकी छानबिन गर्ने भन्ने लगायत।	नेपाल संस्कृत विश्वविद्यालय	आवश्यक कारबाहीको लागि केन्द्रमा प्राप्त उजुरी र छानबिन टोलीबाट प्राप्त प्रतिवेदनको छायाँप्रति संलग्न गरी सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
		स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय		
४	वि.पि. कोइराला स्वा.वि.प्र.का रजिष्ट्रार डा. सूर्य संग्रौलाले सनराइज बैंकको म्यानेजरसँग साँठगाँठ गरी विगत दुई वर्षदेखि प्रतिष्ठानको बिल काउन्टरबाट दैनिक जम्मा हुने राजश्व प्रतिष्ठानको खातामा दाखिला नगरी नगद रकम पटक पटक हिनामिना गरेको भन्ने लगायत।	डा. सूर्य संग्रौला, रजिष्ट्रार वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	थप अनुसन्धानका लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।	
		सहरी विकास मन्त्रालय		
५	राष्ट्रिय आवास कम्पनी लिमिटेडमा २०७८ माघदेखि सिभिल इन्जिनियरको रूपमा कार्यरत रहेको सुमन खनालले गलत र गैरकानुनी तरिका अपनाएर इन्जिनियरिङ लाइसेन्स र इन्जिनियरिङ प्रमाण पत्र किर्ते गरी नक्कली बनाएको भन्ने लगायत।	राष्ट्रिय आवास कम्पनी लिमिटेडमा कार्यरत सिभिल इन्जिनियर सुमन खनाल	थप अनुसन्धानका लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।	

प्रदेश

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
		गण्डकी प्रदेश		
६	गोरखा जिल्ला पालुङटार न.पा.मा ग्रामीण सडक स्तरोन्नति कार्यमा भएका अनियमितता र लुइँटेल-गाइखुर सडक चौडा गर्दा भएको वातावरणीय हानि नोक्सानी, हडपिएको सार्वजनिक जग्गा फिर्ता गरी उक्त सडकमा भएको अनियमितता छानबिन गरी पाऊँ भन्ने लगायत।	पालुङटार नगरपालिका	थप अनुसन्धानका लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।	
७	कास्की जिल्ला माछापुच्छ्रे गा.पा.मा तिन वटा क्रसर उद्योग सञ्चालन भएको र अहिलेसम्म उत्खनन् वापतको कुनै राजस्व नतिरेको हाल पश्चिमाञ्चल इन्जिनियरिङ संस्थानबाट के कति उत्खनन् भयो भनी अध्ययन गर्दा ५० करोडको उत्खनन् भएको प्रतिवेदन राजस्व समितिलाई बुझाए पनि पालिकामा प्रमुखसहितको मिलेमतोमा मिलाउन खोजिएको भन्ने लगायत।	माछापुच्छ्रे गाउँपालिका	थप अनुसन्धानका लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।	

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
		लुम्बिनी प्रदेश		
८	कपिलवस्तु जिल्ला अस्पताल, तौलिहवा, कपिलवस्तुका मे. सु. डा. किशोर बन्जाडेले कार्यालय सहयोगी दुर्गेश रैदासलाई नगद काउन्टरको प्रमुख बनाएको साथै लेखा प्रमुख, मे. सु. र सूचना अधिकारीको संलग्नतामा रू. ५० लाख सरकारी खातामा जम्मा नगरी मिटर व्याजमा चलाएको भन्ने लगायत।	कपिलवस्तु जिल्ला अस्पताल, तौलिहवा, कपिलवस्तुमा मे. सु. डा. किशोर बन्जाडे, दुर्गेश रैदास र सूचना अधिकारी श्री रत्नाकर शुक्ला	थप अनुसन्धानका लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।	
		सुदूरपश्चिम प्रदेश		
९	पञ्चदेवल न.पा. अछामका पुर्व प्रशासकीय अधिकृत ध्रुव प्रसाद सापकोटा मिति २०८०/०६/१२ गतेदेखि मिति २०८१/०३/२१ गतेसम्म एक दिन पनि सो कार्यालयमा हाजिर नभई काठमाडौँबाटै कामकाज गरेको, सह लेखापाल लोग बहादुर चलाउनेले २/३ महिनाको अन्तरालमा उक्त पालिकाबाट फाइलहरू काठमाडौँ ल्याई लैजाने गरेको, नगर प्रमुख अम्बिका चलाउनेले आफ्नो भतिजलाई ना.सु. सरहको पदमा र उपमेयर हर्क बहादुर रावलको छोरा हेमन्त रावललाई खरिदार सरहको पदमा मिति २०७९ माघमा नियुक्ति दिएकोमा निजहरूसमेत हालसम्म एक दिन पनि कार्यालयमा हाजिर नभइकनै पारिश्रमिक लगायत सेवा सुविधा लिएको भन्ने लगायत।	पूर्व प्रशासकीय अधिकृत ध्रुव प्रसाद सापकोटासमेत।	थप अनुसन्धानका लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।	

स्थानीय तह

क्र.सं.	उजुरीको विवरण	विपक्षी	केन्द्रबाट भएको निर्णय	कैफियत
		मधेश प्रदेश		
१०	राजपुर नगरपालिका, रौतहटले प्रधानमन्त्री रोजगार कार्यक्रम र संघ, संस्थासँग सम्बन्धित अन्य कार्यक्रममा अनियमितता गरेको भन्ने लगायत।	नि.प्र.प्र.अ. बैजु ठाकुरसमेत	थप अनुसन्धानका लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।	

११	रौतहट जिल्ला दुर्गा भगवती गा.पा. का प्रमुख शम्भु प्रसाद सिंह र वडा नं. २ का वडाध्यक्ष सुरेश कुमार चौधरीसमेतले सार्वजनिक विद्यालयको रकम व्यापक अनियमितता गरेको भन्ने लगायत।	दुर्गा भगवती गा.पा. का प्रमुख	थप अनुसन्धानका लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।	
लुम्बिनी प्रदेश				
१२	श्री ज्ञानकुञ्ज प्रा.वि. भरथापुर रूपन्देहीमा सहयोगी कार्यकर्ता (बाल कोटा) पदमा कार्यरत कुश्मावती देवीको शैक्षिक योग्यताको प्रमाण नक्कली भएकाले निजले हालसम्म खाइपाई आएको रकम असुल उपर गरीपाऊँ भन्ने लगायत।	श्री ज्ञान कुञ्ज प्रा.वि. भरथापुर रूपन्देहीमा सहयोगी कार्यकर्ता पदमा कार्यरत कुशमावती देवी	थप अनुसन्धानका लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।	
१३	घोराही उप.म.पा.का नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुख र जिन्सी प्रमुखलगायतको मिलेमतोमा अनियमित कार्य गरेकाले छानबिन गरी कारबाही गरीपाऊँ भन्ने लगायत।	घोराही उपम. पा.का नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुख र जिन्सी प्रमुख	थप अनुसन्धानका लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाइएको।	

२.२ उजुरी दर्ता भएका क्षेत्र र विषयहरू

आ.व. २०८१/०८२ मा केन्द्रमा दर्ता भएका जम्मा १ हजार ३ सय ३० उजुरीहरूमध्ये सङ्घीय सरकारसँग सम्बन्धित ६ सय ७३ र प्रदेश सरकार र स्थानीय तहसँग सम्बन्धित ६ सय ५७ रहेका छन्। सङ्घीय सरकारसँग सम्बन्धित उजुरीहरूमध्ये सबैभन्दा धेरै उजुरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित रहेका छन्। प्रदेशगत आधारमा सबैभन्दा धेरै उजुरी मधेश प्रदेशका रहेका छन्। स्थानीय तहसँग सम्बन्धित उजुरीमध्ये सबैभन्दा धेरै उजुरी मधेश प्रदेशका स्थानीय तहसँग सम्बन्धित रहेका छन्।

दर्ता भएका उजुरीहरू सार्वजनिक खरिदमा अनियमितता, आर्थिक अनियमितता, सार्वजनिक सेवा प्रवाहमा ढिलासुस्ती तथा अनियमितता, सार्वजनिक पदाधिकारीहरूको स्वार्थको द्वन्द्व, विकास निर्माण, प्राकृतिक स्रोत साधनको दुरुपयोग, कर्मचारी प्रशासन (नियुक्ति सरुवा, बढुवा, पदपूर्ति र आचरणलगायत), सार्वजनिक सम्पत्तिको दुरुपयोग, राजश्व चुहावट लगायतका विषयसँग सम्बन्धित रहेका छन्।

२.३ निगरानी, छड्के, अनुगमन, छानबिन तथा अन्वेषण

२.३.१ निगरानी, छड्के तथा अनुगमन

आ.व. २०८१/०८२ मा केन्द्रबाट ३९ जिल्लाका ८ सय १६ कार्यालयहरूमा निगरानी, छड्के तथा अनुगमन गरिएको थियो। सो क्रममा कार्यालय समय पालना नगर्ने र तोकिएको पोसाक नलगाउने कर्मचारीको विवरण देहायबमोजिम प्रस्तुत गरिएको छः

क्र.सं.	जिल्ला	कार्यालय सङ्ख्या	समय पालना नगर्ने कर्मचारी सङ्ख्या	तोकिएको पोसाक नलगाउने कर्मचारी सङ्ख्या	कैफियत
१	काठमाडौँ	१५२	३६५२	६११	
२	ललितपुर	२२	७२	९३	
३	भक्तपुर	१७	२७३	५७	
४	काभ्रेपलाञ्चोक	१८	३१	११	
५	सिन्धुली	७	१८	४९	
६	दोलखा	१७	१०	३	
७	नुवाकोट	११	१०	०	
८	सिन्धुपालचोक	३७	३१	१५	
९	रामेछाप	२६	३५	६	
१०	चितवन	२४	२५	१६	
११	रौतहट	२४	४९१	५२	
१२	धनुषा	६	३८	५७	
१३	महोत्तरी	२८	६६	२७	
१४	सर्लाही	१३	४०	२६	
१५	इलाम	१४	१	३	
१६	सुनसरी	२७	१	३३	
१७	भोजपुर	७	०	०	
१८	सोलुखुम्बु	४	०	०	
१९	ओखलढुङ्गा	६	०	०	
२०	मोरङ	१	०	०	
२१	संखुवासभा	१	०	०	
२२	खोटाङ	३	०	०	
२३	झापा	४	३४	७	
२४	धनकुटा	४०	१७	३०	
२५	लमजुङ	२१	११	६	
२६	तनहुँ	५	२	०	
२७	नवलपरासी (पूर्व)	२४	३	३१	
२८	कपिलवस्तु	२६	१०८	२९	

क्र.सं.	जिल्ला	कार्यालय सङ्ख्या	समय पालना नगर्ने कर्मचारी सङ्ख्या	तोकिएको पोसाक नलगाउने कर्मचारी सङ्ख्या	कैफियत
२९	नवलपरासी (पश्चिम)	२१	५५	८२	
३०	रूपन्देही	१८	२४	३२	
३१	दाङ	२८	१०२	४	
३२	प्युठान	२२	६	१२	
३३	सुर्खेत	२४	२५१	२०	
३४	बाँके	३८	१७१	५२	
३५	बर्दिया	१५	२०	११	
३६	कैलाली	३२	१२७	७७	
३७	दैलेख	४	१९३	०	
३८	कन्चनपुर	६	४	१०	
३९	रुकुम (पश्चिम)	२३	१५	०	
जम्मा		८१६	५९३७	१४६२	

माथिको तालिकाबाट कर्णाली र मधेश प्रदेशका जिल्लाहरूमा समय पालना र तोकिएको पोसाक नलगाउने कर्मचारीको सङ्ख्या तुलनात्मक रूपमा बढी रहेको देखिन्छ । प्रस्तुत विवरण कार्यालयहरूको छड्के अनुगमनको विवरण मात्र हो । यसवाहेकको विवरण यस प्रतिवेदनको अन्य खण्डहरूमा उल्लेख गरिएको छ । यस आर्थिक वर्षमा छड्के गरिएका ८ सय १६ कार्यालयहरूमा जम्मा ५ हजार ९ सय ३७ जना कर्मचारीले समय पालना नगरेको र १ हजार ४ सय ६२ जना कर्मचारीले तोकिएको पोसाक नलगाएको पाइयो । जिल्ला अन्तर्गतको कार्यालयगत विवरण अनुसूची ४ मा समावेश गरिएको छ ।

यसका साथै आ.व. २०८१/०८२ मा ३० वटा सार्वजनिक संस्थाहरूको सूक्ष्म निगरानी गरिएको थियो । निगरानी गर्दा सार्वजनिक सेवा प्रवाह, सेवा प्रवाहमा रहेका अनियमिततताहरूलगायतका विषयहरूमा गरिएको थियो । त्यसैगरी सिंहदरबार प्रवेशद्वारमा निगरानी गरी समयपालना नगर्ने कर्मचारीहरूलाई कारबाहीका लागि लेखी पठाउने कार्य गरिएको थियो । यस आ.व. मा २० वटा सार्वजनिक निकायहरूको फाइल कार्यान्वयन सम्बन्धमा अनुगमन गरिएको थियो । अनुगमनका क्रममा अधिकांश निकायहरूमा कानुनमा तोकिएबमोजिमको अवधिमा फाइल टुङ्गो लाग्ने गरेको नदेखिएकाले आवश्यक कारबाहीका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइएको थियो ।

कर्मचारीहरूको समयपालना अनुगमनबाट समयपालनामा सुधार आएको देखिएको छ । केन्द्रबाट सिंहदरबार भित्रका मन्त्रालय/निकायहरूमा पटक पटक गरिएको अनुगमनबाट यस्तो सुधार आएको देखिएको हो । जिल्लास्तरका कार्यालयहरूमा भने पटक पटक अनुगमन गर्न नसकिएको हुँदा परिणाम निक्यौंल गर्न सकिएको छैन । केन्द्रले समय पालना नगर्ने र तोकिएको पोसाक नलगाउने कर्मचारीहरूलाई नियमानुसार कारबाही गर्न सम्बन्धित कार्यालयहरूलाई निर्देशन गर्ने गरेकाले कार्यालय अनुगमनबाट समयपालना गर्ने, तोकिएको पोसाक लगाउने, कार्यकक्षमा बस्नेलगायतका विषयमा सुधार हुँदै गएको छ ।

२.३.२ छानबिन तथा अन्वेषण

आ.व. ०८१/८२ मा केन्द्रबाट टोली गठन गरी भएको छानबिन/अन्वेषण र भएका निर्णयहरूको विवरण देहायबमोजिम रहेको छः

क्र. सं.	उजुरी/गुनासो/सूचनाको व्यहोरा	छानबिन/अन्वेषण गरिएको निकाय	केन्द्रबाट भएको कारबाही	कैफियत
१	यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतपित्र, चावहिलमा काम कारबाही र सेवा प्रवाहमा अनियमितता भइरहेको भन्ने लगायत	१. यातायात व्यवस्था कार्यालय, सानाठूला सवारी, एकान्तकुना, ललितपुर २. यातायात व्यवस्था कार्यालय, मोटरसाइकल, गुर्जुधारा ३. यातायात व्यवस्था कार्यालय, सल्लाघारी भक्तपुर ४. यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतीपत्र, ठूलो भर्‍याङ ५. सवारीचालक अनुमतपित्र कार्यालय, एकान्तकुना, ललितपुर	यातायात व्यवस्था कार्यालयहरूमा देखिएको समस्या समाधान गर्न केन्द्रबाट छानबिन/अन्वेषण गरी श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेशलाई देहायका निर्देशन दिइएकोः १. कार्यालयबाट गरिने सेवा प्रवाहमा अनिवार्य टोकन प्रणालीको व्यवस्था गर्नुपर्ने। २. सवारी चालक अनुमति पत्रको लागि प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशित भएकै दिन कार्यालयको वेबसाइटमा राख्ने व्यवस्था अनिवार्य गर्ने। ३. अधिकांश यातायात कार्यालयहरूका कार्यकक्षमा विचौलियाहरूको बाक्लो उपस्थित भएको देखिएकाले सेवासँग सम्बन्धित व्यक्तिहरूलाई मात्र प्रवेश दिने र अन्य असम्बन्धित व्यक्तिहरूको प्रवेशलाई कडाईका साथ रोक्ने। ४. कार्यालयहरूमा राखिने रेकर्ड फाइलहरू असुरक्षित र जिर्ण अवस्थामा राखिएको देखिएकाले तत्काल रेकर्ड चुस्त दुरूस्त राख्न डिजिटलाइज गर्ने। ५. कार्यालयमा राखिने नागरिक बडापत्र सेवाग्राहीले स्पष्ट देख्ने र बुझ्ने गरी राख्नुको साथै परिवर्तन भएको अवस्थामा तत्काल अद्यावधिक गर्ने। ६. सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ बमोजिम सवारी चालक अनुमति पत्रको परीक्षास्थलमा जडित सि.सि.टि.भि. क्यामरा सञ्चालनसम्बन्धी प्रक्रियाहरू पूर्णरूपमा पालना गराउने।	
२	वन तथा वातावरण मन्त्रालयमा अस्वाभाविक रूपमा लामो समयसम्म फाइलमा कारबाही नभएको भन्ने लगायत।	वन तथा वातावरण मन्त्रालय, सिंहदरबार	प्रत्येक महाशाखा/शाखाहरूमा नियमानुसार प्राप्त हुने EIA/IEE लगायत अन्य फाइलहरूसमेत सुशासन ऐन, २०६४ र नियमावली, २०६५ बमोजिमको प्राथमिकताका आधारमा तोकिएको समयमा निर्णय गरिसक्नुपर्ने व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिइएको।	

क्र. सं.	उजुरी/गुनासो/सूचनाको व्यहोरा	छानबिन/अन्वेषण गरिएको निकाय	केन्द्रबाट भएको कारबाही	कैफियत
३	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका र अन्य कार्यालयका कर्मचारीले आचरण र अनुशासन उल्लङ्घन गरी बिहान बेलुका सरकारी सवारी साधनको दुरुपयोग गरी चैतन्य, नेम र भाइब्रेन्ट लगायतमा गई लोक सेवासमेतको तयारी कक्षा पढाउने गरेको भन्ने लगायत।	सरकारी कर्मचारीहरू	सरकारी सवारी साधन प्रयोग गरी कर्मचारीहरूले तयारी कक्षा सञ्चालनमा संलग्न भई सरकारी सेवा सुविधाको दुरुपयोग गरेकाले प्रचलित कानुनबमोजिम गर्न गराउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिइएको।	
४	क. गुराँस गाउँपालिका, दैलेखले गैरकानुनी रूपमा ५१ जना करारमा कर्मचारी नियुक्त गरी रु.१ करोड २६ लाख ३१ हजार ६२९ भुक्तानी गरेको भन्ने लगायत।	गुराँस गाउँपालिका	क. श्री गुराँस गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा उल्लिखित कानुनी प्रावधान विपरीत विभिन्न पदमा करारमा कर्मचारी नियुक्त गरी तलब भत्ता लगायत भुक्तानी गरेको विषय विधिसम्मत नदेखिएकाले जिम्मेवार पदाधिकारीलाई कानुनबमोजिम कारबाही गर्न र गैरकानुनी रूपमा भुक्तानी भएको रकम नियुक्ति गर्ने पदाधिकारीबाट असुल उपर गर्न गुराँस गाउँपालिकालाई निर्देशन दिइएको।	
	ख. नारायण नगरपालिका, दैलेखमा नगरपालिको स्थायी दरबन्दीमा नियुक्ति (विकासे स्थायी) पाई कार्यरत सब इन्जिनियर राजन कुमार तिवारी आ.व. २०७५/७६ देखि हालसम्म निजामती सेवा ऐन, नियम विपरीत गैरकानुनी रूपमा वीरेन्द्रनगर नगरपालिकामा कार्यरत रही स्तरवृद्धिसमेत गरी तलब भत्ता खाएको भन्ने लगायत।	नारायण नगरपालिका	ख. कानुन विपरीत स्तरवृद्धिको नियुक्ति दिने पदाधिकारीलाई कानुनबमोजिम कारबाही गर्न र सम्बन्धित ऐनमा उल्लिखित प्रावधानको अक्षरश पालना गरी गैरकानुनी रूपमा लिएको तलब भत्ता असुल उपर गर्न नारायण नगरपालिकालाई निर्देशन दिइएको।	
	ग. कोहलपुर नगरपालिका, बाँकेमा विभिन्न विषयमा अनियमितता भएको भन्ने लगायत।	कोहलपुर नगरपालिका	ग. सरकारी राजश्व दुरुपयोग हुन नदिने व्यवस्था मिलाउन र सरकारी रकमको दुरुपयोगमा जिम्मेवार पदाधिकारीलाई कानुनबमोजिम कारबाही गर्न साथै जिन्सी निरीक्षण गरी सरकारी सम्पत्तिको दुरुपयोग हुन नदिने व्यवस्था मिलाउन कोहलपुर नगरपालिकालाई निर्देशन दिइएको।	

क्र. सं.	उजुरी/गुनासो/सूचनाको व्यहोरा	छानबिन/अन्वेषण गरिएको निकाय	केन्द्रबाट भएको कारबाही	कैफियत
	घ. डुङ्गेश्वर गाउँपालिका, दैलेखले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ विपरीत करारमा कर्मचारी नियुक्ति गरी स्थानीय भत्ता र महँगी भत्ताको नाममा रु. ५५ लाख रकम भुक्तानी गरेको भन्ने लगायत।	डुङ्गेश्वर गाउँपालिका	घ. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को कानुनी प्रावधान विपरीत दरबन्दी नभएका पदहरूमा करारमा कर्मचारी नियुक्ति गरी तलब भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएकाले जिम्मेवार पदाधिकारीलाई कानुनबमोजिम कारबाही गर्न र गैरकानुनी रूपमा भुक्तानी भएको रकम नियुक्ति गर्ने पदाधिकारीबाट असुल उपर गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको।	
	ङ. श्री ठाटीकाँथ गाउँपालिका, दैलेखमा गैरकानुनी रूपमा करारमा कर्मचारी नियुक्ति गरी वार्षिक रूपमा रु.७७ लाख भुक्तानी गरी पालिकालाई आर्थिक व्ययभार पारेकाले कारबाही गरीपाऊँ भन्ने लगायत।	ठाटीकाँध गाउँपालिका	ङ. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को कानुनी प्रावधान विपरीत शिक्षकको दरबन्दी सिर्जना तथा पदपूर्ति गरी वित्तीय समानीकरणबाट प्राप्त भएको विकास निर्माणको बजेटबाट तलब भत्तामा भुक्तानी गरेको नियमसम्मत नदेखिएकाले जिम्मेवार पदाधिकारीलाई कानुनबमोजिम कारबाही गर्न र गैरकानुनी रूपमा भुक्तानी भएको रकम नियुक्ति गर्ने पदाधिकारीबाट असुल उपर गर्न सम्बन्धित निकायलाई निर्देशन दिइएको।	
५	निजामती कर्मचारी अस्पताल, बानेश्वरको सेवा प्रवाह सम्बन्धी गुनासो।	निजामती कर्मचारी अस्पताल वानेश्वर	निजामती कर्मचारी अस्पतालमा सेवा प्रवाह सम्बन्धमा देखिएको समस्याहरू समाधान गर्नका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई देहायका निर्देशन दिइएकोः १. अस्पतालले स्वास्थ्य सामग्री तथा मेसिनहरू खरिद गर्दा अस्पतालको आवश्यकता, मेसिन सञ्चालनको पूर्वतयारी तथा आवश्यक पूर्वाधारको व्यवस्था गरेर मात्र खरिद गर्ने। २. नेभिगेशन सिस्टम फर टोटल नी रिप्लेसमेन्ट सर्जरी (घुँडा प्रत्यारोपण गर्ने सर्जरी मेसिन), सिक्वेन्सर मेसिन, अक्सिजन प्लान्ट लगायतका ठूलो धनराशी खर्च गरेर खरिद भएका मेसिनहरू प्रयोगविहीन अवस्थामा देखिएकाले आवश्यक व्यवस्था गरेर तुरुन्त सञ्चालनमा ल्याउने। ३. अस्पतालमा डाक्टरले सिफारिस गरेका सबै प्रकारका औषधीहरू आवश्यकता अनुसार समयमै खरिद गर्ने व्यवस्था मिलाउने। ४. फार्मेसी, स्टोर र औषधी विक्री कक्षको विस्तार गरी लामो लाइन बस्नुपर्ने अवस्थाको अन्त्य गर्ने। ५. अस्पतालमा बढ्दो विरामीको चापलाई व्यवस्थित गर्न पूर्वाधार र जनशक्ति व्यवस्थापन, प्रविधि र डिजिटलाइजेसन (अनलाइन टिकटलाई बढावा दिने), बिरामी प्रवाह व्यवस्थापन लगायतका कार्यहरूमा विशेष ध्यान दिने।	

क्र. सं.	उजुरी/गुनासो/सूचनाको व्यहोरा	छानबिन/अन्वेषण गरिएको निकाय	केन्द्रबाट भएको कारबाही	कैफियत
६	उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र विद्युत विकास विभाग, काठमाडौँले हाइड्रोपावरको लागि सहमति प्रदान सम्बन्धमा, अन्य फाइलहरू कार्यान्वयनको अवस्था, सेवा प्रवाह आदि सम्बन्धी गुनासो।	उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र विद्युत विकास विभाग, काठमाडौँ	प्रत्येक महाशाखा/शाखाहरूमा नियमानुसार प्राप्त हुने IEE/EIA लगायत कार्यालयका अन्य फाइलहरूसमेत सुशासन ऐन, २०६४ र नियमावली, २०६५ बमोजिमको प्राथमिकताका आधारमा तोकिएको समयमा निर्णय गर्न उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र विद्युत विकास विभागलाई निर्देशन दिइएको।	
७	धादिङ जिल्ला, थाक्रे गाउँपालिका र नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. ४ स्थित गणतन्त्र स्मारक पार्कमा अनियमितता भएको भन्ने लगायत।	थाक्रे गाउँपालिका र विदुर नगरापालिका	उजुरीका सम्बन्धमा निम्नानुसार निर्देशन दिइएकोः क. केही मात्रामा रुख विरुवाहरू काटिएको देखिएकाले छानबिन गरी आवश्यक कारबाही अगाडि बढाउन डिभिजन वन कार्यालय, नुवाकोटलाई निर्देशन दिइएको। ख. पार्क क्षेत्रभित्र कुनै पनि निर्माण सम्बन्धी थप कार्य गर्दा डिभिजन वन कार्यालय नुवाकोटबाट स्पष्ट अनुमति लिने व्यवस्था गर्न सहरी विकास तथा भवन कार्यालय नुवाकोटलाई निर्देशन दिइएको। ग. कुनै पनि निर्माणकार्य गर्दा निर्माण सम्बन्धी सम्पूर्ण प्रक्रियाको पूर्ण पालना गर्ने व्यवस्था गर्न सहरी विकास तथा भवन कार्यालय नुवाकोटलाई निर्देशन दिइएको।	
८	भक्तपुर जिल्लाको भक्तपुर क्यान्सर अस्पतालमा दाताहरूबाट निःशुल्क उपलब्ध हुन सक्ने उपकरण खरिद गर्न लागेको हुँदा छानबिन गरी पाऊँ भन्ने लगायत।	भक्तपुर क्यान्सर अस्पताल	उजुरीका विषयमा प्रचलित नियम, कानुनबमोजिम गर्न भक्तपुर क्यान्सर अस्पताललाई निर्देशन दिइएको।	
९	महालक्ष्मी बहुप्राविधिक शिक्षालय, लामाटार, ललितपुरमा कार्यरत कर्मचारीहरूले कार्यालय समय पालना नगरेको तथा निर्माण सहायक प्रशिक्षक खिम बहादुर परियारले कार्यालयमा हाजिर नगरेको भन्नेसमेत व्यहोराको उजुरी।	महालक्ष्मी बहुप्राविधिक शिक्षालय, लामाटार, ललितपुर	देहायका विषयमा आवश्यक कारबाही गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी, भक्तपुरलाई निर्देशन दिइएकोः १. निर्माण सहायक प्रशिक्षक खिम बहादुर परियार विभिन्न मितिमा अनुपस्थित देखिएकाले आवश्यक कारबाही गर्ने। २. खिम बहादुर परियारको सम्बन्धमा औचित्यका आधारमा फिल्ड खटाउने। ३. इ-हाजिरीमा बिहान र बेलुकी दुवै समयमा हाजिरी गर्ने व्यवस्था मिलाउने।	

क्र. सं.	उजुरी/गुनासो/सूचनाको व्यहोरा	छानबिन/अन्वेषण गरिएको निकाय	केन्द्रबाट भएको कारबाही	कैफियत
१०	नेपाल संस्कृत विश्वविद्यालय, दाङमा सार्वजनिक खरिद नियम पालना नगरी AC/Furniture जस्ता सामानहरूको प्रक्रिया बिना खरिद गर्दा अनियमितता गरेको र सेक्युरिटीको नामबाट ड्राइभर कर्मचारी भर्ना गरेर आफ्नो घर तथा बगैंचामा काम लगाई श्रम शोषण गरेको भन्ने लगायत।	नेपाल संस्कृत विश्वविद्यालय, दाङ	नेपाल संस्कृत विश्वविद्यालय, दाङलाई देहायबमोजिमका निर्देशन दिइएकोः १. मालसामानहरू खरिदको स्वीकृति प्राप्त गरेपछि मात्र खरिद गर्नुपर्नेमा खरिद कार्य भइसकेपछि अनुमोदन गराउने कार्य नियमसङ्गत नदेखिएकाले खरिद प्रक्रियामा संलग्नलाई कानुनबमोजिम कारबाही गरी आइन्दा खरिदसँग सम्बन्धित नियम कानुनको अक्षरश पालना गरी खरिद कार्य अगाडि बढाउने। २. सवारी चालक नियुक्ति प्रक्रियामा संलग्नलाई कानुनबमोजिम कारबाही गरी कार्यालयको रिक्त पदहरूमा पदपूर्ति गर्दा सम्बन्धित कानुनी व्यवस्थाअनुसार प्रतिस्पर्धा हुने गरी गर्ने।	
११	वैदेशिक रोजगार विभाग, ताहाचलबाट हुने सेवा प्रवाह तथा फ्री भिसा, फ्री टिकटसमेतका काम कारबाहीमा अनियमितता भएको भन्ने लगायत।	वैदेशिक रोजगार विभाग, ताहाचल	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई देहायबमोजिमका सुझाव प्रदान गरिएकोः १. विभागको नागरिक बडापत्र सुशासन ऐन/नियमबमोजिम सेवाग्राहीले देख्ने/ बुझ्ने गरी राख्नुपर्ने र नागरिक बडापत्रलाई डिजिटाइजेसन गरी विभागको वेबसाईटमासमेत राख्ने व्यवस्था मिलाउनु पर्ने। २. फ्री भिसा/फ्री टिकट लगायत म्यानपावर कम्पनीहरूले तोकिएको मापदण्डबमोजिम कार्य गरे/नगरेको सम्बन्धमा प्रभावकारी नियमन हुनुपर्ने। फ्री भिसा/फ्री टिकट लगायत अन्य सेवा सम्बन्धमा रेडियो, टेलिभिजन, स्थानीय एफ. एम. पत्रपत्रिका लगायतबाट सूचना उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने। ३. आवेदन दिने अनलाइन फाराममासमेत फ्री भिसा/ फ्री टिकट हो/होइन भन्ने प्रावधान थप गरी संस्थागत रूपमा श्रम स्वीकृति माग गर्नेका हकमा अनिवार्य रूपमा फ्री भिसा/फ्री टिकटका बारेमा खुलाउने व्यवस्था मिलाउने। ४. संस्थागत रूपमा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने श्रमिक बाहेक अन्य रूपमा वैदेशिक रोजगारीमा जाने व्यक्ति ठगिएको सम्बन्धमा सम्बन्धित जिल्लाबाटै कारबाही प्रक्रिया अगाडि बढाउने गरी कानुनी व्यवस्था मिलाउने। ५. व्यक्तिगत श्रम स्वीकृति प्रदान गर्दा व्यक्तिपिच्छे फरक व्यवहार गर्ने गरेकाले सो कार्यमा सहज बनाई एकरूपता कायम गर्नुपर्ने। ६. रोजगारदाता कम्पनी र श्रमिक बिचको सम्झौता वा भिसा अवधिसम्मको श्रम स्वीकृति एकैपटकमा प्रदान गर्ने।	

क्र. सं.	उजुरी/गुनासो/सूचनाको व्यहोरा	छानबिन/अन्वेषण गरिएको निकाय	केन्द्रबाट भएको कारबाही	कैफियत
			७. माग प्रमाणीकरण सम्बन्धी हालको प्रावधान उपर यथेष्ट अध्ययन गरी उपयुक्त व्यवस्था मिलाउने। ८. अध्ययनको सिलसिलामा अमेरिका, बेलायत, क्यानाडा, अष्ट्रेलिया, जापान, जर्मन लगायत कुनै पनि मुलुकहरूमा गई अध्ययनपश्चात् सोही मुलुकमा काम गर्न पाउने भिसा प्राप्त गरी काम विशेषले आफ्नो देशमा आई पुन सोही भिसामा फर्किँदा त्यस्ता व्यक्तिले विभागबाट श्रम स्वीकृति बाहेक अभिमुखीकरण तालिमसहित स्वदेशको स्वास्थ्य बीमा गर्दा दोहोरो स्वास्थ्य बीमा हुने प्रावधान अव्यवहारिक रहेको हुँदा आवश्यक सुधार गर्ने। ९. गुनासो व्यवस्थापन प्रणाली र पीडितको सुनुवाई श्रमिकमैत्री बनाउने। १०. वैदेशिक रोजगारमा जाने व्यक्ति वा श्रमिकलाई श्रम स्वीकृति तथा भिसा प्रदान गर्ने कार्य सम्बन्धित मुलुकबाट नै हुने हुँदा विभागबाट दिइँदै आएको श्रम स्वीकृतिको प्रावधानको सट्टा वैदेशिक रोजगारमा जाने अनुमति दिने र त्यसरी गएका व्यक्ति/श्रमिकहरूको अभिलेख प्रभावकारी रूपमा राख्ने व्यवस्था मिलाउने। ११. कर्मचारी सरुवा/खटनपटन गर्दा उपयुक्त व्यक्तिलाई उपयुक्त स्थानमा खटाउने नीति अपनाउने।	

२.४ भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि

२.४.१ प्रदेश/स्थानीय तहमा सचेतनामूलक (गोष्ठी/अन्तरक्रिया) कार्यक्रम

भ्रष्टाचार नियन्त्रण गरी सुशासन अभिवृद्धि गर्न केन्द्रले विभिन्न जिल्लामा जिल्लास्थित राजनीतिक दल, कार्यालय प्रमुख, नागरिक समाज, पत्रकार, बुद्धिजीवीहरूको सहभागितामा भ्रष्टाचारविरुद्ध जनचेतनामूलक गोष्ठी/अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै आएको छ। आ.व. २०८१/०८२ मा ६ जिल्लामा सचेतनामूलक (गोष्ठी/अन्तरक्रिया) कार्यक्रम सञ्चालन गरिएको छ। सो क्रममा कार्यालय अनुगमन, सेवाग्राही सन्तुष्टी सर्वेक्षण, आयोजना अनुगमनलगायतका कार्यहरू गरिएका छन्।

उक्त कार्यक्रममा भ्रष्टाचार नियन्त्रण हाम्रो साझा दायित्व, भ्रष्टाचार नियन्त्रणमा राष्ट्रिय सतर्कता केन्द्रको भूमिका, नागरिक बडापत्रको सैद्धान्तिक तथा कानुनी व्यवस्था र कार्यान्वयन पक्षको विश्लेषण, प्राविधिक परीक्षणको सैद्धान्तिक र व्यावहारिक पक्ष, सम्पत्ति विवरणलगायतका विषयमा कार्यपत्र प्रस्तुत गरिएको छ।

सचेतनामूलक कार्यक्रमसम्बन्धी विवरण

सि.नं.	मिति	जिल्ला	सहभागी सङ्ख्या
१	२०८१/०५/२८	लमजुङ	९६
२	२०८१/०८/२७	धनकुटा	१००
३	२०८१/०८/०४	रौतहट	११४
४	२०८१/०९/१९	चितवन	१०८
५	२०८१/०९/२४	नवलपरासी (बर्दघाट सुस्तापूर्व)	१०१
६	२०८१/०९/२२	कपिलवस्तु	१०३

२.४.२ कर्मचारी/स्थानीय तहका पदाधिकारीहरूलाई सदाचार शिक्षा कार्यक्रम

आ.व. २०८१/८२ मा १२ जिल्लामा कर्मचारी/स्थानीय तहका पदाधिकारीहरूलाई सदाचार शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ। सो कार्यक्रममा भ्रष्टाचार सम्बन्धी जानकारी र सोको कारण, समस्या र सुझावहरू, केन्द्रको काम, कर्तव्य, अधिकार र भ्रष्टाचार नियन्त्रणमा जनप्रतिनिधिहरूको भूमिकाका साथै सम्पत्ति विवरणसम्बन्धी विषयमा कार्यपत्रहरू प्रस्तुत गरिएको छ। उक्त कार्यक्रमको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

सदाचार शिक्षा कार्यक्रमसम्बन्धी विवरण

सि.नं.	मिति	जिल्ला	स्थानीय तह	सहभागी सङ्ख्या
१	२०८१/०५/३०	गोरखा	गोरखा नगरपालिका	७५
२	२०८१/०५/३१	धादिङ	धुनिवेसी नगरपालिका	८५
३	२०८१/०५/०८	तनहुँ	व्यास नगरपालिका	७६
४	२०८१/०५/०८	सिन्धुली	कमलामाई नगरपालिका	८१
५	२०८१/०९/२४	बाँके		१०१
६	२०८१/०९/२६	नवलपरासी (बर्दघाट सुस्तापश्चिम)		१०३
७	२०८१/१०/१४	महोत्तरी		१०५
८	२०८१/१०/१५	सुनसरी		१०९
९	२०८१/१०/१५	सिन्धुपाल्चोक		१०३
१०	२०८१/११/२३	सुर्खेत		१०१
११	२०८१/११/२३	कैलाली		१२७
१२	२०८१/११/२८	रुकुमपश्चिम		९६

२.४.३ भ्रष्टाचारविरुद्ध/प्राविधिक परीक्षण अन्तर निकाय समन्वय गोष्ठी

आ.व. २०८१/८२ मा गण्डकी, कोशी र मधेश प्रदेशका प्रदेश राजधानीमा भ्रष्टाचारविरुद्ध/प्राविधिक परीक्षण अन्तर निकाय समन्वय गोष्ठी सञ्चालन गरिएको छ । गण्डकी प्रदेशअन्तर्गत सञ्चालन भएका विकास निर्माणसँग सम्बन्धित १३ आयोजनाको यस केन्द्रका प्राविधिक कर्मचारीहरूबाट स्थलगत निरीक्षण गरी अपरिपालना कार्यान्वयनको अनुगमन गरिएको छ । उक्त कार्यको स्थलगत अनुगमन प्रतिवेदनका आधारमा तयार गरिएको श्रव्यदृश्य सामग्रीसहित प्राविधिक परीक्षणसम्बन्धी अन्तरनिकाय समन्वय गोष्ठी मिति २०८१/०९/२८ गते पोखरामा सञ्चालन गरिएको हो । गण्डकी प्रदेशभरिका सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका विभिन्न निकायमा कार्यरत विकास निर्माणसँग सम्बन्धित कार्यालय प्रमुखहरू, आयोजना प्रमुखहरू एवम् अन्य सम्बद्ध प्राविधिक कर्मचारीहरूको उपस्थितिमा प्राविधिक परीक्षण अन्तर निकाय समन्वय गोष्ठी सम्पन्न गरिएको छ । करिब एक सयजनाको उपस्थितिमा सञ्चालन भएको उक्त गोष्ठीमा स्थलगत वस्तुस्थितिको जानकारी (Field Reflection)सहित विभिन्न चारवटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो । उक्त प्रस्तुतिहरू उपर टिप्पणीसहित प्राविधिक परीक्षण, सार्वजनिक निर्माण, सार्वजनिक खरिद, गुणस्तर तथा समग्रमा विकास निर्माण प्रक्रियालाई प्रभावकारी बनाउने सन्दर्भमा केन्द्रित रही गोष्ठी सम्पन्न भएको छ । सो गोष्ठीमा प्रदेश सरकारका माननीय ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्री, गण्डकी प्रदेशका प्रमुख सचिव, विभिन्न मन्त्रालयका सचिवहरू एवम् यस केन्द्रका कर्मचारीहरूले आ-आफ्नो मन्तव्य तथा राय राख्नु भएको थियो ।

यसैगरी कोशी प्रदेशमा सञ्चालन भएका विकास निर्माणसँग सम्बन्धित ३० आयोजनाको यस केन्द्रका प्राविधिक कर्मचारीहरूबाट स्थलगत निरीक्षण गरी अपरिपालनासम्बन्धी अनुगमन गरिएको छ । उक्त कार्यको स्थलगत अनुगमन प्रतिवेदनको आधारमा तयार गरिएको श्रव्यदृश्य सामग्रीसहित प्राविधिक परीक्षणसम्बन्धी अन्तरनिकाय समन्वय गोष्ठी मिति २०८१/१०/१४ गते विराटनगरमा सञ्चालन गरिएको छ । कोशी प्रदेशभरिका सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका विभिन्न निकायमा कार्यरत विकास निर्माणसँग सम्बन्धित कार्यालय प्रमुखहरू, आयोजना प्रमुखहरू एवम् अन्य सम्बद्ध प्राविधिक कर्मचारीहरूको उपस्थितिमा प्राविधिक परीक्षण अन्तरनिकाय समन्वय गोष्ठी सम्पन्न भएको छ । करिब १ सय ३० जनाको उपस्थितिमा सञ्चालन भएको उक्त गोष्ठीमा स्थलगत वस्तुस्थितिको जानकारी (Field Reflection) सहित विभिन्न चारवटा कार्यपत्रहरू प्रस्तुत गरिएका छन् । उक्त प्रस्तुतिहरू उपर टिप्पणीसहित प्राविधिक परीक्षण, सार्वजनिक निर्माण, सार्वजनिक खरिद, गुणस्तर तथा समग्रमा विकास निर्माण प्रक्रियालाई प्रभावकारी बनाउने विषयमा केन्द्रित रही गोष्ठी सम्पन्न भएको छ । सो गोष्ठीमा प्रदेश सरकारका माननीय भौतिक पूर्वाधार विकास मन्त्री, माननीय खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्री, कोशी प्रदेशका प्रमुख सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव, खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयका सचिव एवम् अन्य सम्वद्ध कर्मचारीहरू र यस केन्द्रका कर्मचारीहरूले आ-आफ्नो मन्तव्य तथा राय राख्नु भएको थियो ।

यसका साथै मधेश प्रदेशमा सञ्चालन भएका विकास निर्माणसँग सम्बन्धित ५५ आयोजनाको यस केन्द्रका प्राविधिक कर्मचारीहरूबाट स्थलगत निरीक्षण गरी अपरिपालना कार्यान्वयनको अनुगमन गरिएको छ । उक्त कार्यको स्थलगत अनुगमन प्रतिवेदनको आधारमा तयार गरिएको श्रव्यदृश्य सामग्रीसहित प्राविधिक परीक्षणसम्बन्धी अन्तरनिकाय समन्वय गोष्ठी मिति २०८१/११/२२ गते जनकपुरमा सञ्चालन गरिएको छ । मधेश प्रदेशभरिका सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका विभिन्न निकायमा कार्यरत विकास निर्माणसँग सम्बन्धित कार्यालय प्रमुखहरू,आयोजना प्रमुखहरू एवम् अन्य सम्बद्ध प्राविधिक कर्मचारीहरूको उपस्थितिमा प्राविधिक परीक्षण अन्तर निकाय समन्वय गोष्ठी सम्पन्न गरिएको छ । करिब २ सय

जनाको उपस्थितिमा सम्पन्न भएको उक्त गोष्ठीमा स्थलगत वस्तुस्थितिको जानकारी (Field Reflection)सहित विभिन्न चार वटा कार्यपत्र प्रस्तुत गरिएको छ। उक्त प्रस्तुतिहरूउपर टिप्पणीसहित प्राविधिक परीक्षण, सार्वजनिक निर्माण, सार्वजनिक खरिद, गुणस्तर तथा समग्रमा विकास निर्माण प्रक्रियालाई प्रभावकारी बनाउने सन्दर्भमा केन्द्रित रही गोष्ठी सम्पन्न गरिएको छ। जिल्ला समन्वय समिति, धनुषाका प्रमुख, मधेश प्रदेशका प्रमुख सचिव, धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवलगायतका अन्य सम्बद्ध कर्मचारीहरू एवम् यस केन्द्रका कर्मचारीहरूले आ-आफ्नो मन्तव्य एवम् राय राख्नु भएको छ। सो क्रममा प्रदेश अन्तर्गत ८ जिल्लामा सञ्चालित विकास निर्माणसँग सम्बन्धित आयोजनाहरूको सघन अनुगमनसमेत गरिएको छ।

भ्रष्टाचारविरुद्ध/प्राविधिक परीक्षण अन्तर निकाय समन्वय गोष्ठीसम्बन्धी विवरण

सि.नं.	मिति	स्थान	सहभागी सङ्ख्या	अपरिपालना अनुगमन गरिएका आयोजना सङ्ख्या
१	२०८१/०९/२८	पोखरा	१००	१३
२	२०८१/१०/१४	विराटनगर	१३०	३०
३	२०८१/११/२२	जनकपुर	२००	५५

२.४.४ सेवाग्राही सर्वेक्षण एवम् विश्लेषण

केन्द्रबाट आ.व. २०८१/०८२ मा १४ जिल्लामा सात सय सेवाग्राहीहरूको सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरिएको छ। सर्वेक्षणमा प्रत्येक जिल्लामा करिब ५० जना विभिन्न सार्वजनिक कार्यालयहरूबाट सेवा प्राप्त गरेका नागरिकहरूलाई समावेश गरिएको छ। सर्वेक्षणमा १९ वटा परिमाणात्मक तथा गुणात्मक तथ्याङ्क प्राप्त हुने प्रश्नहरू सोधिएका थिए। ती प्रश्नहरूमध्ये परिमाणात्मक जानकारी प्राप्त हुने सात वटा प्रश्नहरूलाई तलको तालिकामा समावेश गरी विश्लेषण गरिएको छ।

क्र.सं.	सेवाग्राही सर्वेक्षण गरिएको स्थान	प्रश्नहरूमा प्राप्त प्रतिक्रिया (प्रतिशतमा)													
		१. तपाईंलाई नागरिक बडापत्रको बारेमा जानकारी छ/छैन ?		२. तोकीएको समयमा काम भयो/भएन ?		३. सम्बन्धित कार्यालयबाट सेवा प्राप्त गर्न तपाईंले बाहिरी व्यक्तिको सहयोग लिनु पर्‍यो/परेन ?		४. कार्यालयबाट सेवा प्राप्त गर्न अतिरिक्त रकम (घुस) दिनु पर्‍यो/परेन ?		५. सम्बन्धित कार्यालयबाट प्राप्त गरेको सेवाप्रति सन्तुष्ट वा असन्तुष्ट के हुनुहुन्छ ?		६. सूचनाको हक सम्बन्धमा जानकारी छ कि छैन ?		७. सार्वजनिक सुनुवाईमा सहभागी हुने गर्नुभएको छ/छैन ?	
		जानकारी भएको	नभएको	भयो	भएन	पर्‍यो	परेन	पर्‍यो	परेन	सन्तुष्ट भएको	असन्तुष्ट भएको	जानकारी छ	जानकारी छैन	छ	छैन
१.	लमजुङ	४४	५६	४०	६०	५८	४२	२८	७२	३४	४४	४२	५८	२४	३४
२.	धनकुटा	२८	७२	८०	२०	३०	७०	४	९६	७०	२८	५२	४८	२८	६२

३.	चितवन	५२	४८	६६	३४	२८	७२	१८	८२	७६	२०	५६	४४	१०	६२
४.	नवलपरासी (ब.सु.पूर्व)	३०	७०	६२	३८	३६	६४	२०	८०	६६	३२	३६	६४	२४	५४
५.	रौतहट	४	९६	४४	५६	२२	७८	८	९२	९४	६	६	९४	१८	६५
६.	कपिलवस्तु	२५	७५	७९	२१	२१	७९	२	९८	८०	२०	३६	६४	३०	६६
७.	नवलपरासी (ब.सु.पश्चिम)	४१	५९	८०	२०	२६	७४	१५	८५	६८	३२	४६	५४	४४	५६
८.	सिन्धुपाल्चोक	३६	६४	४५	५५	३८	६२	४२	५८	५४	४६	३०	७०	१२	५८
९.	सुर्खेत	४४	५६	५७	४३	२९	४३	६०	९४	४९	४०	५३	४७	२७	६८
१०.	कैलाली	३५	६५	७९	२१	१२	८८	१२	८८	८२	१८	३८	४२	१८	१०
११.	महोत्तरी	३१	६९	९८	२	२९	७१	१८	८२	९०	१०	६७	३३	२०	६
१२.	सुनसरी	४२	५८	६०	४०	४०	६०	२४	७६	५६	३४	४२	५८	२६	६८
१३.	बाँके	५२	४८	७२	२८	२२	७८	६	९४	६७	३३	४२	५८	३३	६६
१४.	रुकुम पश्चिम	६८	३२	७५	२५	२५	७५	४	९६	७९	२०	५८	४२	५४	४२
औसत प्रतिशत		**३८**	**६२**	**६७**	**३३**	**३०**	**६८**	**१९**	**८५**	**६९**	**२७**	**४३**	**५५**	**२६**	**५१**

माथिको तालिकामा उल्लेख गरिएबमोजिम औसतमा ६२ प्रतिशत सहभागीलाई नागरिक बडापत्रकै बारेमा जानकारी नभएको पाइयो । करिब एक तिहाई सहभागीले तोकिएको समयमा सेवा प्राप्त गर्न नसकेको धारणा राखेका छन् भने ३० प्रतिशत सहभागीले कार्यालयबाट सेवा प्राप्त गर्न अन्य व्यक्तिको सहायता लिनु परेको बताएका छन् । त्यसैगरी १९ प्रतिशत सहभागीले अझै पनि कार्यालयबाट सेवा प्राप्त गर्दा अतिरिक्त रकम (घुस) दिनु परेको बताएका छन् भने २७ प्रतिशत सहभागीले कार्यालयबाट प्राप्त सेवा प्रति सन्तुष्ट नभएको बताएका छन् । साथै ५५ प्रतिशत सहभागीले सूचनाको हकको बारेमा जानकारी नभएको बताए भने ५१ प्रतिशत सहभागीले सार्वजनिक सुनुवाईमा सहभागी हुने नगरेको बताएका छन् ।

यसरी सर्वेक्षणको नतिजा विश्लेषण गर्दा सेवा प्रवाहका विभिन्न महत्त्वपूर्ण पक्ष (सूचक) हरूमा अझै पनि केही चुनौतीहरू रहेको पाइएकाले सार्वजनिक सेवा प्रवाहलाई स्वच्छ, सरल, सहज, पहुँचयोग्य, पारदर्शी एवम् सेवाग्राहीमैत्री बनाउन थप प्रयास गर्नुपर्ने देखिएको छ ।

२.५ नागरिक बडापत्र, उजुरी पेटिका लगायतका अन्य कार्य

२.५.१ नागरिक बडापत्र

नागरिक बडापत्र सार्वजनिक संस्थाहरूबाट प्रवाह हुने सेवाको बारेमा जानकारी दिने औपचारिक प्रतिज्ञापत्र हो । यसमा सार्वजनिक संस्थाले उपलब्ध गराउने सेवा सुविधाको विस्तृत विवरण, सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि, सेवा प्राप्त गर्न लाग्ने समय, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको जानकारी, सेवावापत लाग्ने दस्तुरलगायतका सम्पूर्ण आवश्यक विवरण उल्लेख गरिएको हुन्छ । सार्वजनिक सेवा प्रवाहलाई सहज, सरल र सेवाग्राहीमैत्री बनाउँदै अनियमितता र भ्रष्टाचारमुक्त प्रशासन स्थापनामा सहयोग गर्ने उद्देश्य राखी नागरिक बडापत्र कार्यान्वयनमा ल्याइएको छ ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन (संशोधनसहित), २०६४ को दफा २५(१) मा "सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाँउमा तोकिएबमोजिम नागरिक बडापत्र राख्नुपर्दछ"

भन्ने र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली (संशोधनसहित), २०६५ को नियम १४ मा "नागरिक बडापत्र कार्यालयको परिसरभित्र सबैले देख्ने गरी उपयुक्त ठाँउमा राख्नु पर्ने" प्रावधान रहेको छ। उक्त ऐनको दफा २५ (५) मा मनासिब कारण बिना सेवाग्राहीलाई हानि नोक्सानी हुन गएमा तोकिएबमोजिम क्षतिपूर्ति दिनुपर्ने प्रावधान रहेको छ। भ्रष्टाचारविरुद्धको रणनीति तथा कार्ययोजना, २०६५ अन्तर्गतको निकायगत कार्ययोजना, २०६७ ले नागरिक बडापत्र कार्यान्वयनको अनुगमनको कार्य गर्न राष्ट्रिय सतर्कता केन्द्रलाई जिम्मेवार निकायका रूपमा तोकेको छ। यसरी नै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन (संशोधनसहित), २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले क्षतिपूर्तिसहितको नागरिक बडापत्र व्यवस्थापन निर्देशिका, २०६९ जारी गरेको छ। प्रचलित कानुनहरूको अधीनमा रही यस केन्द्रले आर्थिक वर्ष २०८१/०८२ मा नागरिक बडापत्रको अनुगमनसम्बन्धी गरेका कामको विवरणलाई देहायबमोजिम प्रस्तुत गरिएको छ:-

नागरिक बडापत्र अनुगमनसम्बन्धी विवरण

सि.नं.	जिल्ला	नागरिक बडापत्र अनुगमन गरिएका कार्यालय सङ्ख्या
१	काठमाडौँ	७६
२	भक्तपुर	१७
३	ललितपुर	२२
४	लमजुङ	२१
५	सिन्धुली	७
६	दोलखा	१७
७	काभ्रेपलाञ्चोक	१८
८	तनहुँ	५
९	इलाम	१४
१०	सिन्धुपाल्चोक	३७
११	रामेछाप	२०
१२	नुवाकोट	११
१३	धनकुटा	३९
१४	रौतहट	२४
१५	कैलाली	३२
१६	बर्दिया	१५
१७	चितवन	२४
१८	नवलपरासी पूर्व	२४
१९	बाँके	३८
२०	दाङ	२८

सि.नं.	जिल्ला	नागरिक बडापत्र अनुगमन गरिएका कार्यालय सङ्ख्या
२१	धनुषा	६
२२	महोत्तरी	२८
२३	सुनसरी	२६
२४	भोजपुर	-
२५	सोलुखुम्बु	-
२६	ओखलढुङ्गा	-
२७	सर्लाही	१३
२८	मोरङ	-
२९	संखुवासभा	-
३०	खोटाङ	-
३१	कपिलवस्तु	२६
३२	नवलपरासी पश्चिम	२१
३३	रूपन्देही	१८
३४	प्युठान	२२
३५	सुर्खेत	२४
३६	दैलेख	४
३७	कन्चनपुर	६
३८	रुकुम पश्चिम	२३
३९	झापा	४
	जम्मा	७१०

माथिको तालिकामा उल्लिखित ३३ जिल्लाका ७ सय १० कार्यालयमा नागरिक बडापत्रसम्बन्धी केन्द्रले तयार गरेको चेकलिष्टबमोजिमका विषय क्षेत्रमा केन्द्रित रही गरिएको अनुगमनबाट कतिपय कार्यालयमा नागरिक बडापत्र नै नराखिएको, कतिपय कार्यालयमा बडापत्र पुरानो भई नबुझिने भएको, कतिपय कार्यालयमा सेवाग्राहीले देख्ने ठाउँमा बडापत्र नराखिएको, कतिपय कार्यालयमा बडापत्रमा सम्पूर्ण विवरण बुझिने गरी नराखिएको, कतिपय कार्यालयमा नागरिक बडापत्रमा उल्लेख भए अनुसार काम हुने नगरेको पाइयो। साथै कतिपय कार्यालयको बडापत्रमा कर्मचारीको कार्यकक्षको स्पष्ट जानकारी खुल्ने गरी नराखिएको पाइयो। यसबाट नागरिक बडापत्रसम्बन्धी कानुनी व्यवस्थाको पूर्ण परिपालना भएको देखिएन।

यस प्रकारको अवस्थालाई दृष्टिगत गर्दा सूचना तथा सञ्चार प्रविधिको प्रचुर प्रयोगले सेवा प्रवाहमा महत्त्वपूर्ण प्रभाव पारेको वर्तमान समयमा पुरानो प्रविधि र ढाँचाअनुसारको नागरिक बडापत्रसम्बन्धी प्रवन्धले मात्र अब नागरिक बडापत्रको निर्धारित उद्देश्य पूरा हुने नदेखिएकाले यस सम्बन्धी व्यवस्थामा सामयिक सुधार गरी सूचना तथा सञ्चार प्रविधिमा आधारित

क्षतिपूर्तिसहितको नागरिकमैत्री बडापत्रको कार्यान्वयनलाई सेवा प्रवाह गर्ने सबै कार्यालयमा विस्तार गरी यसको प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने देखिएको छ।

२.५.२ उजुरी पेटिका (गुनासो/सुझाव पेटिका)

सार्वजनिक संस्थाहरूमा हुने कार्य एवम् सेवा प्रवाहको सम्बन्धमा मर्का परी वा सन्तुष्टि प्राप्त नभएको कारणबाट सिर्जना हुने गुनासो एवम् उजुरी गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न प्रत्येक सार्वजनिक संस्थाहरूले उजुरी पेटिका राख्नुपर्ने व्यवस्था छ। उक्त पेटिकामा सेवाग्राही (नागरिक)ले कार्यालयको नीति निर्माण, कामकाज एवम् निर्णय, व्यवहार, भ्रष्टाचार, ढिलासुस्ती, अनियमिततालगायतका विषयमा लिखित रूपमा गुनासो एवम् उजुरी गर्न र सुझाव दिन सक्दछन्। यसको मुख्य उद्देश्य सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र निष्पक्षता कायम गर्नु हो। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (१च) ले केन्द्रलाई सार्वजनिक संस्थामा उजुरी पेटिका राख्ने व्यवस्था मिलाउने जिम्मेवारी प्रदान गरेको छ। त्यसैगरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३१ मा प्रत्येक मन्त्रालय, विभाग वा सरकारी निकाय एवम् कार्यालयमा उक्त मन्त्रालय, विभाग वा सरकारी निकाय एवम् कार्यालयले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो पेटिका राख्नुपर्ने व्यवस्था गरिएको छ। सोही ऐनमा प्रत्येक सार्वजनिक संस्थाले सूचना अधिकारी एवम् गुनासो सुनुवाइ गर्ने अधिकृत तोक्नु पर्ने व्यवस्था रहेको छ। निजहरूले दैनिक/साप्ताहिक/त्रैमासिक रूपमा गुनासो पेटिका खोल्नुपर्ने र प्राप्त गुनासो/उजुरीलाई सम्बन्धित शाखामा बुझाई समस्याको समाधान गर्नुपर्ने व्यवस्था पनि रहेको छ।

यसरी प्रचलित कानुनले उजुरी/गुनासो व्यवस्थापनका लागि उजुरी पेटिका राखी सेवाग्राहीको उजुरी, गुनासो एवम् सुझावको अनिवार्य सम्बोधन गर्नुपर्ने व्यवस्था गरेको भए तापनि कतिपय संस्थाहरूले उजुरी पेटिका नराख्ने, राखे पनि देखिने ठाउँमा नराख्ने, उजुरी पेटिका नखोल्ने, खोले पनि उजुरी, गुनासो एवम् सुझावको उचित सम्बोधन नगर्ने गरेको पाइन्छ। यस्तो प्रवृत्तिले गर्दा उजुरी/गुनासो सुनुवाई एवम् सम्बोधन गर्ने संयन्त्र प्रभावकारी हुन नसकेकाले यस व्यवस्थालाई थप सुदृढ बनाउन आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरी सार्वजनिक संस्थाहरूको आ-आफ्नो वेबसाइटमासमेत उजुरी/गुनासो लिई त्यसको उचित सम्बोधन गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्ने देखिन्छ।

२.५.३ अन्य कार्य

हेलो सरकारसँगको समन्वय एवम् सहकार्यमा सेवा सहजीकरण

केन्द्रले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको हेलो सरकारसँगको समन्वय एवम् सहकार्यमा सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरूबाट सेवा प्रवाह गर्दा हुने ढिलासुस्ती तथा अनावश्यक झन्झट हटाउन आवश्यक सहजीकरण गर्दै आएको छ। यसका लागि आवश्यकता अनुसार टोली गठन गरी खटाउने गरिएको छ।

प्रचार प्रसार

सार्वजनिक संस्थाहरूमा हुनसक्ने अनियमितता र भ्रष्टाचारजन्य कार्यलाई निरुत्साहित गर्न र यस्ता कार्यका विरुद्ध सचेतना अभिवृद्धि गर्न केन्द्रले विभिन्न प्रकारका प्रचार प्रसार सामग्री तयार गरी सार्वजनिक स्थलमा राख्ने, आम सञ्चारका माध्यमबाट सम्प्रेषण गर्ने लगायतका कार्य गर्दै आएको छ। यस क्रममा सिंहदरबारको दक्षिणतर्फको प्रवेशद्वारलगायतका स्थानहरूमा अनियमितता र भ्रष्टाचारजन्य कार्यको बारेमा सूचना दिन र उजुरी गर्न प्रेरित गरिएको सूचना पाटी राखिएको छ।

सचिव बैठकमा नियमित प्रस्तुति

भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती न्यूनीकरण गरी सेवा प्रवाह सहज र सरल तुल्याउने हेतुले केन्द्रबाट गरिएका अनुगमन लगायतका कार्य समेटी तयार गरिएको प्रतिवेदन नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा नियमितरूपमा हुने सचिव बैठकमा केन्द्रका सचिवबाट प्रस्तुत गर्ने गरिएको छ। उक्त प्रतिवेदनमा उल्लिखित विषयहरू कार्यान्वयनका सम्बन्धमा नेपाल सरकारका मुख्य सचिवबाट सम्बन्धित मन्त्रालयका सचिवलाई निर्देशन हुने गरेको छ। सो कार्यबाट सेवा प्रवाहमा सम्बद्ध निकायको क्रियाशीलता बढ्न गएको देखिन्छ।

प्रतिवेदन गर्ने

केन्द्रले प्रत्येक आर्थिक वर्षमा आफूले सम्पादन गरेका प्रमुख कार्य र मुख्य मुख्य उपलब्धिहरू समेटिएको वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेस गर्दछ। सोही क्रममा आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नेपाल सरकारका मुख्य सचिवज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरूलगायतको समुपस्थितिमा सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष पेस गरिएको छ। उक्त प्रतिवेदन बुझ्दै सम्माननीय प्रधानमन्त्रीज्यूले प्रतिवेदनमा उल्लिखित विषयहरूको प्रभावकारी कार्यान्वयन गरी भ्रष्टाचार नियन्त्रण एवम् सुशासनमा प्रवर्द्धनमा टेवा पुऱ्याउन महत्त्वपूर्ण निर्देशन दिनु भएको थियो।

त्यसैगरी केन्द्रले भ्रष्टाचार निवारण ऐनको दफा ३८ (१ग)बमोजिम सार्वजनिक पद धारण गरेका राष्ट्रसेवकले आ.व. २०८०/८१ मा पेस गरेको सम्पत्ति विवरणको अनुगमन गरी प्रचलित कानुनबमोजिम सम्पत्ति विवरण पेस नगर्ने राष्ट्रसेवकको विवरणसहितको प्रतिवेदन तयार गरी कानुनबमोजिम कारबाहीका लागि सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेस गरेको छ।

केन्द्रले आफ्नो वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने क्रममा भए गरेका काम कारबाही समेटी मासिक, त्रैमासिक, वार्षिक गरी आवधिक रूपमा र आवश्यकताअनुसार अन्य कामसमेत समेटी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रगति विवरण पेस गर्दै आएको छ। त्यसैगरी समय समयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायतका सम्बद्ध निकायहरूबाट निर्देशन भएबमोजिमको कार्य सम्पादन गरी प्रतिवेदन पेस गरिएको छ।

राष्ट्रिय सुरक्षा नीति, २०७५ कार्यान्वयनको एकीकृत कार्ययोजनाको सि.नं. ३० मा राज्यले प्रदान गर्ने सेवा सुविधाप्रतिको असन्तुष्टिलाई समयमै सम्बोधन गर्ने नीति कार्यान्वयनको जिम्मेवारी केन्द्रलाई दिइएको छ। उक्त कार्ययोजना कार्यान्वयन गर्ने क्रममा केन्द्रका प्रहरी व्यवस्थापन, सूचना सङ्कलन, निगरानी तथा अनुगमन महाशाखा प्रमुखलाई केन्द्रले सम्पर्क व्यक्तिको जिम्मेवारी दिई तोकिएको काम प्रभावकारी रूपमा सम्पादन गर्दै आएको छ। उक्त कार्यको प्रतिवेदन तयार गरी त्रैमासिक रूपमा राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा पेस गरी प्राप्त निर्देशनको प्रभावकारी कार्यान्वयन गर्दै आइएको छ।

२.६ सुझाव एवम् निर्देशन कार्यान्वयनको अवस्था

आर्थिक वर्ष २०८१/०८२ मा राष्ट्रिय सतर्कता केन्द्रमा दर्ता भएका उजुरी तथा निवेदनहरूको छानबिनपश्चात् सम्बन्धित निकायहरूलाई विभिन्न निर्देशनहरू प्रदान गरिएको छ। यस आ.व.मा प्राप्त उजुरीहरूको विषयवस्तु विश्लेषण गर्दा केन्द्रबाट विभिन्न निकायहरूलाई दिइएको निर्देशनहरूमा सबैभन्दा बढी सार्वजनिक सेवा प्रवाहसम्बन्धी सुधारका लागि निर्देशन गरिएको छ। यसअन्तर्गत पहिलोमा सेवा प्रवाह, सेवाग्राहीसँग गरिने व्यवहार, सेवा प्रदायकको उत्तरदायित्वलगायतका

समस्यालाई सम्बोधन गर्न निर्देशन दिइएको छ। दोस्रोमा सार्वजनिक खरिद प्रक्रियामा देखिएका अनियमितता, अपारदर्शिता र नियमनको उल्लङ्घनसम्बन्धी उजुरीमा कारबाही र सुधार निर्देशित गरिएको छ।

त्यसैगरी तेस्रोमा आर्थिक अनियमितता, भ्रष्टाचार, स्रोत साधनको दुरुपयोगजस्ता विषयमा केन्द्रले छानबिन गरी कारबाहीका लागि सम्बन्धित निकायलाई निर्देशन दिएको छ भने चौथोमा कर्मचारी व्यवस्थापनसम्बन्धी उजुरीहरूमा नियुक्ति, सरुवा, पदोन्नति, अनुशासनहीनता, कर्तव्य पालनामा कमीकमजोरीलगायतका विषयमा सुधार गर्न निर्देशन दिइएको छ। यसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

सुझाव एवम् निर्देशन कार्यान्वयनको अवस्थासम्बन्धी विवरण

महाशाखा	शाखाको नाम	सुझाव, निर्देशन एवम् निर्णय कार्यान्वयनका लागि विभिन्न निकायहरूलाई लेखी पठाइएको विवरण (सङ्ख्यामा)	कार्यान्वयन गरिएको भनी जानकारी प्राप्त भएको विवरण (सङ्ख्यामा)	सुझाव/निर्देशन कार्यान्वयनको अवस्था (प्रतिशत)	कैफियत
प्रशासन तथा अनुगमन महाशाखा	प्रशासन तथा योजना शाखा	–	–	–	
	सूचना सङ्कलन, अन्वेषण तथा अनुगमन शाखा	३८	८	२१.०५	
	उजुरी व्यवस्थापन अन्वेषण तथा अनुगमन शाखा	२८	०	०	
नीति निर्माण तथा कानुनी राय परार्श महाशाखा	नीति निर्माण अनुगमन शाखा	२३	६	२६.०८	
	सम्पत्ति विवरण तथा अनुगमन शाखा	७	०	०	
	कानुनी राय तथा परामर्श शाखा	–	–	–	
	छानबिन, अन्वेषण तथा अनुगमन शाखा	३	२	६६.६६	
प्रहरी व्यवस्थापन, सूचना सङ्कलन, निगरानी तथा अनुगमन महाशाखा	निगरानी तथा अनुगमन शाखा	–	–	–	
	सूचना सङ्कलन तथा अन्वेषण शाखा	३२	८	२५	
	अन्वेषण तथा अनुगमन शाखा	१	०	०	
	प्रहरी व्यवस्थापन तथा अनुगमन शाखा	१३	१०	७६.९२	

महाशाखा	शाखाको नाम	सुझाव, निर्देशन एवम् निर्णय कार्यान्वयनका लागि विभिन्न निकायहरूलाई लेखी पठाइएको विवरण (सङ्ख्यामा)	कार्यान्वयन गरिएको भनी जानकारी प्राप्त भएको विवरण (सङ्ख्यामा)	सुझाव/निर्देशन कार्यान्वयनको अवस्था (प्रतिशत)	कैफियत
प्राविधिक परीक्षण महाशाखा	प्राविधिक परीक्षण तथा अनुगमन शाखा (५)	–	–	–	
	प्राविधिक परीक्षण तथा अनुगमन शाखा (३)	–	–	–	
जम्मा		१४५	३४	२३.४५	

माथिको तालिकाबाट राष्ट्रिय सतर्कता केन्द्र मुलुकको शासन प्रणालीमा रहेका अनियमितता र भ्रष्टाचारजन्य कार्य नियन्त्रण गरी सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र प्रभावकारिता अभिवृद्धि गर्न क्रियाशील रहेको देखिन्छ। यस सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८(३) मा केन्द्रले दिएको निर्देशन वा सुझावबमोजिम नगर्ने वा केन्द्रले माग गरेबमोजिमको विवरण वा कागजात पेस नगर्ने सार्वजनिक संस्थाको सम्बन्धित अधिकारीलाई कानुनबमोजिम कारबाही गर्न राष्ट्रिय सतर्कता केन्द्रले सम्बन्धित अख्तियारवालालाई लेखी पठाउन सक्ने व्यवस्था रहेको छ। सो सम्बन्धमा सोही ऐनको दफा ३८(४) मा यसरी लेखी पठाएबमोजिम सम्बन्धित अख्तियारवालाले त्यस्तो अधिकारीलाई आवश्यक कारबाही गरी राष्ट्रिय सतर्कता केन्द्रलाई सोको जानकारी गराउनु पर्नेछ भन्ने व्यवस्थाबमोजिमको विवरण केन्द्रले सङ्कलन गर्ने कार्य गरिरहेको छ।

२.७ मुख्य उपलब्धिहरू

यस केन्द्रको यस आ.व. मा सम्पन्न गरिएका माथि विभिन्न शीर्षकमा उल्लिखित काम कारबाहीबाट समग्रमा यस आर्थिक वर्षमा भए गरेका मुख्य उपलब्धिलाई निम्नानुसार उल्लेख गरिएको छः

क. सार्वजनिक संस्थाहरूको सघन निगरानी, छड्के जाँच तथा अनुगमनबाट कार्यालयमा समय पालना गर्ने, तोकिएको पोसाक लगाउने, सिटमा बसी काम गर्ने जस्ता अनुशासन पालनमा वृद्धि भएको छ। यसलाई थप प्रभावकारी बनाउन कतिपय सार्वजनिक संस्थाहरूले बिद्युतीय हाजिरी मेसिनलाई बाकसमा राखी चावी लगाउने गरेका छन्।

ख. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनमा भएको संशोधनबाट सार्वजनिक संस्थाहरूले सात दिनभित्र काम सम्पन्न गरी सक्नु पर्ने व्यवस्थाबमोजिम भए/नभएको सम्बन्धमा फाइल ट्र्याकिङ गरिएको छ। जसले गर्दा निर्णय प्रक्रियामा हुने गरेको ढिलासुस्तीमा सुधार हुँदै आएको छ।

ग. रितपूर्वक नभएका कर्मचारीका नियुक्ति, सरुवा, बढुवा तथा सार्वजनिक खरिदलगायतका कार्यहरू रद्ध भएका छन्।

घ. कतिपय पदाधिकारीहरूबाट हुने गरेको सेवा सुविधा र स्रोत साधनको दुरुपयोगमा कमी आएको छ।

ङ. आयोजनाहरूको अपरिपालना कार्यान्वनयको अनुगमन एवम् यसको वस्तुस्थितिको प्रस्तुतीकरणले गर्दा अपरिपालना कार्यान्वयनमा सुधार भएको देखिन्छ। यसले गर्दा विकास निर्माणका कार्यको गुणस्तर सुधारमा टेवा पुगेको छ।

च. सचेतना गोष्ठी एवम् सदाचार शिक्षा कार्यक्रमले अनियमितता र भ्रष्टाचार नियन्त्रणमा जनचेतना अभिवृद्धि हुँदै गएको छ।

छ. सेवाग्राही सन्तुष्टि सर्वेक्षणबाट सार्वजनिक संस्थाहरूको सेवा प्रवाहको अवस्था जानकारी भई सुधार गर्न सहयोग पुगेको छ।

ज. सम्पत्ति विवरण बुझाउनेको सङ्ख्यामा वृद्धि एवम् नबुझाउनेको सङ्ख्यामा उल्लेख्य कमी आई सम्पत्ति विवरण बुझाउने प्रवृत्तिमा सुधार आएको छ।

झ. केन्द्रको क्रियाशीलताले ७५ प्रतिशत उजुरी फछर्यौट भई सुशासन कायम गर्न मद्दत पुगेको छ।

ञ. केन्द्रले उजुरीका सम्बन्धमा सार्वजनिक संस्थाहरूलाई दिएको सुझाव तथा निर्देशनको कार्यान्वयन भए/नभएको अनुगमनमा जोड दिएकाले कार्यान्वयन गरी जानकारी दिने क्रममा बढोत्तरी हुँदै आएको छ।

२.८ सम्पत्ति विवरण

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) मा सो ऐनको "दफा २ को खण्ड (ग) को उपखण्ड (१), (२), (३), (४), (५), (६) वा (९)बमोजिमका सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेका व्यक्ति वा सोही दफाको खण्ड (घ) को उपखण्ड (१), (२), (३) वा (४)बमोजिमका राष्ट्रसेवकले त्यस्तो पद धारण गरेको मितिले र यो दफा प्रारम्भ हुँदाका बखत सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले साठी दिनभित्र, हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र र ऐनको दफा ५० को उपदफा (२ क) मा व्यवस्था भएबमोजिमका कारणले बिदामा बसी वा काज खटिई उक्त बिदा वा काज समाप्त भई सम्बन्धित कार्यालयमा हाजिर हुनु पर्ने मितिले ३० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेस गर्नुपर्नेछ" भन्ने व्यवस्था गरेको छ। राजनीतिक मनोनयन वा निर्वाचन वा करार वा प्रतिस्पर्धात्मक विधि आदि जस्तोसुकै प्रणालीबाट सार्वजनिक पद धारण गरेको अवस्थामा सम्पत्ति विवरण बुझाउनु पर्ने अनिवार्य दायित्व सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकको रहेको छ। यसै सम्बन्धमा केन्द्रले सम्पत्ति विवरण बुझाए नबुझाएको सम्बन्धमा सम्बन्धित निकायहरूसँग समन्वय, सहकार्य तथा अनुगमन गरी सोको विवरण प्रतिवेदन तयार गर्दै आएको छ।

राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ९ र १० मा सार्वजनिक पद धारण गरेको व्यक्तिले नियमितरूपमा सम्पत्ति विवरण पेस गरे नगरेको सम्वन्धमा अनुगमन गर्दा कुनै व्यक्तिले सम्पत्ति विवरण पेस गरेको नदेखिएमा केन्द्रले त्यस्तो व्यक्तिउपर ऐनको दफा ५०(३)बमोजिम कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष लेखी पठाउन सक्ने व्यवस्था रहेको छ। साथै ऐनको दफा ५० को उपदफा (३) मा सम्पत्ति विवरण पेस नगर्ने राष्ट्रसेवकलाई दश हजार रूपैयाँ जरिवाना हुनेछ र निज र निजको परिवारको नाममा गैर कानुनी सम्पत्ति रहेको अनुमान गरी सम्वन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्ने प्रावधान छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० मा भएको व्यवस्थाले स्थानीय तहका पदाधिकारीहरूको सम्पत्ति विवरण बुझाउने व्यवस्थालाई देहायबमोजिम व्यवस्थित गरेको छ:

क. सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण प्रचलित कानुनले तोकेको ढाँचामा सम्बन्धित स्थानीय तहमा पेस गर्नुपर्नेछ।

ख. उपदफा (१)बमोजिम पेस भएको सम्पत्तिको विवरण सम्बन्धित स्थानीय तहले अभिलेख राखी तीस दिनभित्र प्रदेश सरकार समक्ष पठाउनु पर्नेछ।

ग. उपदफा (२)बमोजिम प्राप्त विवरणको संरक्षण र व्यवस्थापन प्रदेश सरकारले प्रचलित कानुनबमोजिम गर्नुपर्नेछ।

घ. यस दफाबमोजिम पेस भएको सम्पत्ति विवरण प्रचलित कानुनबमोजिमको छानबिन वा अनुसन्धान प्रयोजनका लागि बाहेक गोप्य रहनेछ।

तर, त्यस्तो विवरण पेस गर्ने सदस्यले स्वेच्छिक रूपमा आफ्नो सम्पत्तिको विवरण सार्वजनिक गर्न कुनै बाधा पर्ने छैन।

सम्पत्ति विवरण पेस गर्नु पर्ने निकायका सम्बन्धमा विस्तृत व्यवस्था मिति २०७५/३/२० गतेको नेपाल राजपत्रमा प्रकाशित गरिएको छ।

२.८.१ सम्पत्ति विवरण प्राप्तिको अवस्था

सङ्घीय, प्रादेशिक र स्थानीय तहहरूले प्रचलित कानुनबमोजिम सम्पत्ति विवरण बुझाए नबुझाएको सम्बन्धमा तथ्य एवम् विवरण सङ्कलन गर्न पत्राचार, इमेल, सफ्टवेयरमार्फत् विवरण सङ्कलन, स्थलगत अनुगमन, निकायगत समन्वय, टेलिफोन सम्पर्क, अन्तरक्रिया (गोष्ठी, सेमिनार, छलफल आदि) जस्ता विधिहरू अपनाउने गरिएको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० अनुसार सम्पत्ति विवरण बुझाउने व्यक्ति तथा राष्ट्रसेवकहरूको सङ्ख्या हरेक आर्थिक वर्षमा निरन्तर बढिरहेको छ। समयमै सबैले सम्पत्ति विवरण बुझाउने दायित्त्व पालनामा केन्द्रले जोड दिंदै आएको छ। आ.व. २०७८/७९, आ.व. २०७९/८० र आ.व. २०८०/८१ को सम्पत्ति विवरण पेस गरेको र नगरेको विवरणको तुलनात्मक तालिका निम्नानुसार प्रस्तुत गरिएको छ:-

सम्पत्ति विवरण पेस गरेको र नगरेको विवरणको तुलनात्मक विवरण

निकाय/कर्मचारी	आ.व. २०७८/७९ को सम्पत्ति विवरण			आ.व. २०७९/८० को सम्पत्ति विवरण			आ.व. २०८०/८१ को सम्पत्ति विवरण		
	बुझाउने	नबुझाउने	जम्मा	बुझाउने	नबुझाउने	जम्मा	बुझाउने	नबुझाउने	जम्मा
(क) सङ्घीय तह									
निजामती कर्मचारी	७५५५०	३४५३	७९००३	७५७८९	३३८६	७९१७५	८२६४७	२९९४	८५६४१
स्थायी शिक्षक	८४३४५	११५८	८५५०३	८९६०२	८३१	९०४३३	९८०७५	६४०	९८७१५
नेपाली सेना	८७२६५	०	८७२६५	८६८५५	००	८६८५५	९१५२५	०	९१५२५

निकाय/कर्मचारी	आ.व. २०७८/७९ को सम्पत्ति विवरण			आ.व. २०७९/८० को सम्पत्ति विवरण			आ.व. २०८०/८१ को सम्पत्ति विवरण		
	बुझाउने	नबुझाउने	जम्मा	बुझाउने	नबुझाउने	जम्मा	बुझाउने	नबुझाउने	जम्मा
नेपाल प्रहरी; सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग तर्फ	११३६६६	११३	११३७७९	११५०३७	७९	११५११६	११४२१६	१८०	११४३९६
अन्य (राजनीतिक नियुक्ति र करार)	९१७५६	१९२२	९३६७८	९३९१३	८८९	९४८०२	९७२२४	७७९	९८००३
जम्मा	४५२५८२	६६४६	४५९२२८	४६११९६	५१८५	४६६३८१	४८३६८७	४५९३	४८८२८०
(ख) प्रदेश तह									
प्रदेश प्रमुखको कार्यालय, प्रदेशसभा सचिवालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१४७५८	१०२७	१५७८५	१७७४७	**६६५**	१८४१२	१९३५५	४७९	१९८३४
(ग) स्थानीय तह									
जिल्ला समन्वय समिति (७७)	१२४५	०	१२४५	११९२	१	**११९३**	**१२२९**	**०**	**१२२९**
नगरपालिका/गाउँपालिका (७५३)	२५०५७२	१९१७	२५२४८९	२५९४२३	८५४	**२६०४७७**	२७१६७८	४३२	२७२११०
जम्मा	२५१८१७	१९१७	२५३७३४	२६०८१५	८५५	**२६१६७०**	२७२९०७	४३२	२७३३३९
कूल जम्मा (क+ख+ग)	**७१९१५७**	**९५९०**	**७२८७४७**	**७३९७५८**	**६७०५**	**७४६४६३**	**७७५९४९**	**५५०४**	**७८१४५३**

माथिको तालिका विश्लेषण गर्दा आ.व.२०७८/७९ को तुलनामा आ.व. २०७९/८० र आ.व.२०८०/८१ को सम्पत्ति विवरण बुझाउनेको सङ्ख्या वृद्धि भएको छ। आ.व. २०७८/७९ मा प्रचलित कानुनबमोजिम सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व भएका ७,२८,७४७ जनाको तथ्याङ्क प्राप्त भएकोमा निर्धारित समयभित्र सम्पत्ति विवरण बुझाउने राष्ट्रसेवकहरूको सङ्ख्या ७,१९,१५७ जना र सम्पत्ति विवरण नबुझाउनेको सङ्ख्या ९,५९० जना रहेकोमा आ.व. २०७९/८० मा प्रचलित कानुनबमोजिम सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व भएका ७,४६,४६३ जनाको तथ्याङ्क प्राप्त भएकोमा निर्धारित समयभित्र सम्पत्ति विवरण बुझाउने राष्ट्रसेवकहरूको सङ्ख्या ७,३९,७५८ जना र सम्पत्ति विवरण नबुझाउनेको सङ्ख्या ६,७०५ जना रहेको छ। त्यसैगरी, आ.व. २०८०/८१ मा प्रचलित कानुनबमोजिम सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व भएका ७,८१,४५३ जनाको तथ्याङ्क प्राप्त भएकोमा निर्धारित समयभित्र सम्पत्ति विवरण बुझाउने राष्ट्रसेवकहरूको सङ्ख्या ७,७५,९४९ जना र सम्पत्ति विवरण नबुझाउनेको सङ्ख्या ५,५०४ जनामा झरेको छ। साथै आ.व. २०७८/७९ मा ७,२८,७४७ जनाको तथ्याङ्क प्राप्त भएकामा आ.व.२०८०/८१ मा ७,८१,४५३ जनाको तथ्याङ्क प्राप्त भएको देखिएकाले सम्पत्ति विवरणको जानकारी केन्द्रलाई दिने कानुनी व्यवस्थाको परिपालनासमेत बढ्दै गएको देखिएको छ। आ.व. २०७८/७९ आ.व. २०७९/८० र आ.व. २०८०/८१ को सम्पत्ति विवरण पेस गरेको र नगरेको सम्बन्धी तुलनात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ:-



माथिको तालिका विश्लेषण गर्दा आ.व. २०७८/७९ को तुलनामा आ.व. २०७९/८० र आ.व. २०८०/८१ को सम्पत्ति विवरण बुझाउनेको अनुपात वृद्धि भएको छ। आ.व. २०७८/७९ मा प्रचलित कानुनबमोजिम निर्धारित समयभित्र सम्पत्ति विवरण बुझाउने राष्ट्रसेवकहरू ९८.६८ प्रतिशत र सम्पत्ति विवरण नबुझाउने १.३२ प्रतिशत रहेकोमा आ.व. २०७९/८० मा प्रचलित कानुनबमोजिम निर्धारित समयभित्र सम्पत्ति विवरण बुझाउने राष्ट्रसेवकहरू ९९.१० प्रतिशत र सम्पत्ति विवरण नबुझाउने ०.९० प्रतिशत रहेको छ। यसरी आ.व. २०८०/८१ मा प्रचलित कानुनबमोजिम निर्धारित समयभित्र सम्पत्ति विवरण बुझाउने राष्ट्रसेवकहरू ९९.३० प्रतिशत र सम्पत्ति विवरण नबुझाउनेको ०.७० प्रतिशतमा झरेको छ।

साथै आ.व. २०८०/८१ को सम्पत्ति विवरण निर्धारित समयभित्र बुझाउने र नबुझाउने राष्ट्रसेवकहरूको प्रादेशिक र स्थानीय तहबमोजिमको सङ्ख्यागत विवरण देहायबमोजिम प्रस्तुत गरिएको छ:-

सम्पत्ति विवरण निर्धारित समयभित्र बुझाउने र नबुझाउने राष्ट्रसेवकहरूको प्रादेशिक र स्थानीय तहबमोजिमको सङ्ख्यागत विवरण

तह	बुझाउनेको सङ्ख्या	नबुझाउनेको सङ्ख्या	जम्मा	कैफियत
प्रदेश				
कोशी	२७२२	२०	२७४२	
मधेश प्रदेश	२८५५	२३३	३०८८	
बाग्मती प्रदेश	४००१	६८	४०६९	

तह	बुझाउनेको सङ्ख्या	नबुझाउनेको सङ्ख्या	जम्मा	कैफियत
गण्डकी प्रदेश	१७२४	१५	१७३९	
लुम्बिनी प्रदेश	३४१२	५०	३४६२	
कर्णाली प्रदेश	२०४०	५९	२०९९	
सुदूरपश्चिम प्रदेश	२६०१	३४	२६३५	
प्रदेश तह जम्मा	**१९३५५**	**४७९**	**१९८३४**	
स्थानीय तह				
स्थानीय तह (पालिका)				
कोशी प्रदेश	४९५७१	४२	४९६१३	
मधेश प्रदेश	३५७१३	१८७	३५९००	
बाग्मती प्रदेश	५३२४५	१६	५३२६१	
गण्डकी प्रदेश	२८२५५	१२	२८२६७	
लुम्बिनी प्रदेश	४४६६२	२३	४४६८५	
कर्णाली प्रदेश	२५३३८	६४	२५४०२	
सुदूरपश्चिम प्रदेश	३४८९४	८८	३४९८२	
स्थानीय तह (पालिका) जम्मा	२७१६७८	४३२	२७२११०	
स्थानीय तह (जि.स.स.)	१२२९	०	१२२९	
स्थानीय तह कुल जम्मा	**२७२९०७**	**४३२**	**२७३३३९**	

आर्थिक वर्ष २०८०।८१ मा सङ्घीय तहको सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व भएका कुल ४८८२८० जनाको विवरण प्राप्त भएकामा प्रचलित कानुनबमोजिम सम्पत्ति विवरण बुझाउने ९९.०५ प्रतिशत (४८३६८७ जना) र नबुझाउने ०.९५ प्रतिशत (४५९३ जना) रहेको देखिन्छ। त्यसैगरी प्रदेश तहमा सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व भएका कुल १९,८३४ जनाको विवरण प्राप्त भएकोमा प्रचलित कानुनबमोजिम सम्पत्ति विवरण बुझाउने ९७.५८ प्रतिशत (१९३५५ जना) र नबुझाउने २.४१ प्रतिशत (४७९ जना) रहेको देखिन्छ। स्थानीय तहमा (जिल्ला समन्वय समितिसमेत) सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व भएका कुल २,७३,३३९ जनाको विवरण प्राप्त भएकामा प्रचलित कानुनबमोजिम सम्पत्ति विवरण बुझाउने ९९.८४ प्रतिशत (२७२९०७ जना) र नबुझाउने ०.१६ प्रतिशत (४३२ जना) रहेको देखिन्छ। यसरी आ.व. २०८०/८१ मा प्रचलित कानुनबमोजिम सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व भएका कुल ७,८१,४५३ जनाको तथ्याङ्क प्राप्त भएकामा निर्धारित समयभित्र सम्पत्ति विवरण बुझाउने राष्ट्रसेवकहरूको सङ्ख्या ७,७५,९४९ जना र सम्पत्ति विवरण नबुझाउनेको सङ्ख्या ५५०४ जनामा झरेको छ। सो तुलनात्मक विवरण देहायबमोजिम तालिका प्रस्तुत गरिएको छः-

सम्पत्ति विवरण बुझाउने र नबुझाउनेको तुलनात्मक विवरण



२.८.२ आ.व. २०८०/८१ को सम्पत्ति विवरण सम्बन्धी पूर्ण तथ्याङ्क उपलब्ध नगराएकाले कारबाहीका लागि सिफारिस गरिएका निकायहरू

नेपाल राजपत्र भाग ५ मिति २०७५/३/२० को पुनश्च: (३) मा 'सार्वजनिक पद धारण गरेको पदाधिकारी र कर्मचारीहरूले बुझाउनु पर्ने सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा पठाउने र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी र कर्मचारीहरूको विवरण समयमा नै उपलब्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुनेछ' भन्ने व्यवस्था भएकाले आफ्नो वा आफ्नोअन्तर्गतका निकायहरूमा कार्यरत पदाधिकारी एवम् कर्मचारीहरूको सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क प्रविष्टिका लागि लगइन गरेको तर तथ्याङ्क अपूर्ण रूपमा प्रविष्टि गरेको गराएको वा प्रविष्टि नै नगरे नगराएको देखिएकाले सङ्घीय तहको एक मन्त्रालय र प्रदेश तहको एक मन्त्रालयलाई कारबाही हुन राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम १०(२) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाइएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० एवम् खण्ड ६८) अतिरिक्ताङ्क ११ भाग ५ मिति २०७५/३/२० को नेपाल सरकारद्वारा प्रकाशित नेपाल राजपत्रबमोजिम तोकिएको समयभित्र सम्पत्ति विवरण सम्बन्धी तथ्याङ्क (बन्दी खामसहित) सम्बन्धित स्थानीय तहले सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध नगराएकाले सो व्यवस्था परिपालना नगर्ने ९८ स्थानीय तहलाई कारबाही हुन राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम १०(२) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाइएको छ।

यसैगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम सम्पत्ति विवरण पेस नगर्ने व्यक्ति तथा राष्ट्रसेवकहरूलाई जरिवानासहित प्रचलित कानुनबमोजिम कारबाहीका लागि राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम १०(२) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाइएको छ।

२.९ प्राविधिक परीक्षण

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ मा प्राविधिक परीक्षणसम्बन्धी व्यवस्था रहेको छ। केन्द्रले उक्त व्यवस्थाबमोजिम सार्वजनिक संस्थाबाट निर्माण वा सञ्चालन गरिने आयोजनाहरूको प्राविधिक परीक्षण गर्दै आएको छ। इन्जिनियरिङ विषयमा स्नातक गरी कम्तीमा दश वर्ष सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएका प्राविधिकहरूलाई प्राविधिक परीक्षक सम्बन्धी तालिम दिई प्राविधिक परीक्षक तयार गरिन्छ। विभिन्न आधारहरू लिई संघ, प्रदेश र स्थानीय तहबाट निर्माण एवम् सञ्चालन भएका आयोजाहरूको छनौट गरी तालिम प्राप्त प्राविधिक परीक्षकहरूमार्फत् आयोजनाहरूको प्रावधिक परीक्षण गरिन्छ। यसरी प्राविधिक परीक्षण गर्दा प्राविधिक परीक्षकहरूले आयोजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन/अध्ययनलगायत सार्वजनिक खरिदका सम्पूर्ण चरणहरूको परीक्षण एवम् परियोजना कार्यान्वयन तथा गुणस्तरसमेतको परीक्षण गरी विस्तृत प्रतिवेदन केन्द्रमा पेस गर्दछन्।उक्त प्रतिवेदनका आधारमा केन्द्रले सम्बन्धित मन्त्रालय वा विभागलाई प्रतिवेदनमा उल्लिखित अपरिपालना कार्यान्वयन गरी केन्द्रमा जानकारी गराउन लेखी पठाउने गर्दछ। लेखी पठाइएका अपरिपालनाको कार्यान्वयन गरी केन्द्रमा जानकारी गराउनु सम्बन्धित निकायको दायित्व रहेको छ। सो अनुरूप अपरिपालनाहरूको कार्यान्वन गरी जानकारी नगराउने निकायलाई कानुनबमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने व्यवस्था रहेको छ।

केन्द्रबाट आ.व. २०८०/८१ सम्ममा १ हजार १ सय २८ र आ.व. २०८१/८२ मा १२ गरी कुल १ हजार १ सय ४० आयोजनाहरूको प्राविधिक परीक्षण कार्य सम्पन्न गरिएको छ। आ.व. २०८१/८२ मा प्राविधिक परीक्षण गरिएका आयोजनाहरूको क्षेत्रगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

प्राविधिक परीक्षण गरिएका आयोजनाहरूको क्षेत्रगत विवरण

सि.नं.	आयोजनाको प्रकृति वा क्षेत्र	राष्ट्रिय गौरवका आयोजनाको सङ्ख्या	अन्य आयोजनाको सङ्ख्या
१.	सडक आयोजना	१	३
२.	पुल आयोजना	०	१
३.	सिचाइ र बहुउद्देश्यीय आयोजना	१	०
४.	भवन/सभा भवन/विद्यालय भवन निर्माण ((सहरी विकास मन्त्रालयकासमेत	०	३
५.	खानेपानी तथा सरसफाइ आयोजना	०	१
६.	उर्जा/जलविद्युत/प्रसारण आयोजना	०	१
७.	दूर सञ्चार	०	१
	कुल	**२**	**१०**
	कुल जम्मा	**१२**	

आ.व. २०६१/०६२ देखि आ.व. २०८१/८२ सम्म प्राविधिक परीक्षण गरिएका आयोजनाहरूको विवरण

सि.नं.	प्राविधिक परीक्षण गरिएका आयोजनाहरू	आ.व. ०८०/८१ सम्म	आ.व २०८१/८२			हालसम्म
१.	राष्ट्रिय गौरवका आयोजनाहरू					
क.	सिँचाइ र जलउत्पन्न प्रकोप नियन्त्रण				१	
ख.	सडक				१	
	जम्मा	१३०			२	१३२
२	अन्य आयोजनाहरू		सङ्घ	प्रदेश	स्थानीय	
क.	सडक/ग्रामीण सडक आयोजना	३७४	३			३७७
ख.	पुल आयोजना (झोलुङ्गे पुलसहित)	२४०	१			२४१
ग.	सिँचाइ आयोजना	७४	-			७४
घ.	भवन/हल निर्माण (सहरी विकास मन्त्रालयकासमेत)	१८७	३			१९०
ङ.	विमानस्थल आयोजना	८	-			८
च.	खानेपानी तथा सरसफाइ आयोजना	४४	१			४५
छ.	बाढीजन्य क्षती नदी/जलउत्पन्न प्रकोप पुननिर्माण/ नदी नियन्त्रण आयोजना	२७	-			२७
ज.	जलविद्युत आयोजना	९	-			९
झ.	उर्जा/विद्युत प्रसारण तथा वितरण	११	१			१२
ञ.	दूरसञ्चार	१३	१			१४
ट.	जल तथा मौसम विज्ञान विभाग	१	-			१
ठ.	रेलवे सेवा	१	-			१
ड.	संरक्षण (ताल, वनलगायत)	१	-			१
ढ.	अन्य	८	-			८
	जम्मा	९९८			१०	१००८
	(कुल जम्मा (१ र २ को जम्मा	११२८			१२	११४०

आयोजना छनौटका आधारहरू

आयोजनाको महत्त्व, लागत, कार्यान्वयन गर्दा देखिने जोखिम, भौतिक/वित्तीय प्रगति, यस केन्द्रमा प्राप्त हुने उजुरीको प्रकृति एवम् प्रभावकारिता लगायतका विषयहरूलाई आधार मानी राष्ट्रिय गौरवका आयोजना देखि स्थानीय तहबाट सञ्चालन हुने

आयोजनाहरू समावेश गरी क्षेत्रगत सन्तुलन र प्रभाव मूल्याङ्कनका आधारमा प्राविधिक परीक्षणका लागि आयोजनाहरू छनोट गरिन्छ। हालसम्म प्राविधिक परीक्षणका लागि आयोजना छनोट देहायबमोजिम गरिएको छः

क. राष्ट्रिय गौरवका एवम् ठूला आयोजनाहरू

देशको दीर्घकालीन विकास लक्ष्यमा प्रत्यक्ष प्रभाव पार्ने, उच्च लागत, रणनीतिक महत्त्व तथा राष्ट्रिय गौरव सूचीमा सूचीकृत भएका, सार्वजनिक चासो र सरकारको प्रतिबद्धतासँग गाँसिएका आयोजनाहरूलाई प्राथमिकतामा राखेर छनोट गरिन्छ। प्राविधिक परीक्षणमार्फत् यस्ता आयोजनाहरूको कार्यान्वयन, गुणस्तर र उपयोगिता सुनिश्चित गरी सरकारी छविमा नकारात्मक असर पर्न नदिन तथा जनताको विश्वासलाई खण्डित हुन नदिन यस्ता आयोजनालाई प्राथमिकता दिइन्छ।

ख. रुग्ण (Sick) आयोजनाहरू

समयमा सम्पन्न हुन नसकेका, पटक पटक म्याद थप गरिएका, लागत बढेका, ठेकेदारले काम छोडेका वा विवादमा रहेका आयोजनामा समस्याको मुख्य कारण पहिचान गरी ती समस्या समाधान गर्न यस्ता आयोजना छनोटमा प्राथमिकता दिइन्छ।

ग. चालु आयोजनाहरू

निर्माणको चरणमा रहेका आयोजनाहरूमा कार्यको गुणस्तरको रियल टाइम मूल्याङ्कन (real time evaluation) गर्न सकिने, आवश्यक सुधारका सिफारिस तत्काल कार्यान्वयन गर्न सकिने तथा जोखिम व्यवस्थापनका लागि पनि उपयुक्त सुझाव दिन सकिने भएकाले क्षति न्यूनीकरण सम्भव हुने भएकाले यस्ता आयोजनालाई पनि प्राथमिकता दिइन्छ।

घ. कार्य सम्पन्न आयोजनाहरू

भौतिक रूपमा सम्पन्न भइसकेका तर प्रयोगमा आउन नसकेका वा गुणस्तरको बारेमा प्रश्न उठेका आयोजनाहरूको कार्यपद्धति, गुणस्तर र सामग्री प्रयोगको परीक्षण गर्न, आयोजना मूल्याङ्कनमार्फत् अन्य आयोजनाहरूका लागिसमेत सिकाइ हुने तथा संस्थागत अभ्यासमा सुधार ल्याउन सकिने हुनाले यस्ता आयोजनाहरूको प्राविधिक परीक्षणको लागि प्राथमिकता दिइन्छ।

ङ. सफल आयोजनाहरू

समयमै लागतअनुसार गुणस्तरीय रूपमा सम्पन्न भएका, प्रयोगकर्ताको सन्तुष्टिको स्तरमा प्रभावकारी सेवा दिइरहेका सफल अभ्यास पहिचान गरी अन्य आयोजनाहरूमा अनुकरणीय नमुना स्थापित गर्न तथा प्रोत्साहनको दृष्टिकोणले पनि यस्ता आयोजनाहरूको प्राविधिक परीक्षणको लागि प्राथमिकता दिइन्छ।

च. लामो समयदेखि सफल हुन नसकेका आयोजनाहरू

राजनीतिक, कानुनी, वातावरणीय वा सामाजिक कारणले प्रभावित भएका लामो समयदेखि निर्माणाधीन वा पुनः सुरु/रोकिने क्रममा रहेका आयोजनाको डिजाइन, कार्यान्वयन ढाँचा, वित्तीय योजना लगायतका पक्षको पुनरावलोकन गरी सम्बन्धित निकायको जवाफदेहिता सुनिश्चित गर्न यस्ता आयोजनाहरूको प्राविधिक परीक्षणमा प्राथमिकता दिइन्छ।

२.९.१ आ.व. २०८१/८२ को प्राविधिक परीक्षण

आ.व.२०८१/८२ मा देहायका आयोजनाहरूको प्राविधिक परीक्षण सम्पन्न गरी प्राविधिक परीक्षकले औँल्याएका अपरिपालना सम्बन्धी प्रतिवेदनहरूलाई केन्द्रमा सरोकारवाला तथा विभिन्न निकायका प्रतिनिधिहरूसमेतको सहभागितामा छलफल गरी अपरिपालनाको कार्यान्वयन गरी आयोजनाको गुणस्तर कायम गर्न सम्बन्धित निकायहरूलाई निर्देशन दिइएको छ। यस आ.व.मा प्राविधिक परीक्षण गरिएका आयोजनाहरूको विवरण तल प्रस्तुत गरिएको छः

क. राष्ट्रिय गौरवका आयोजनाहरू

कार्यान्वयन चरणमा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूमध्येबाट दुई आयोजनाको प्राविधिक परीक्षण कार्य सम्पन्न भई प्राविधिक परीक्षण प्रतिवेदन प्राप्त भएको छ। उक्त प्रतिवेदनमा औँल्याइएका अपरिपालनाहरूसहितको प्रतिवेदन कार्यान्वयनका लागि सम्वन्धित निकायमा पठाइएको छ। आ.व. २०८१/०८२ मा प्राविधिक परीक्षण सम्पन्न भएका आयोजनाहरूको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

S.N.	Package No:	Project Name	Technical Auditor	Implementing agency
1	NVC/TA/NPP/OP/IRR/081/082-01	Technical Audit of Construction of Gurugaun Branch Canal of WMC, (S6, Ch. 0+000 to 10+850), and its associated structures, Sikta Irrigation Project, Banke	M/S Sochha Construction & Engineering Services Pvt. Ltd (TA Laxmi Saiju)	Sikta Irrigation Project Office, Banke
2	NVC/TA/NPP/OP/ROAD/081/082-05	Technical Audit of Road Network and associated work at East Monastery zone of Lumbini master Plan, Rupandehi	Technical Auditor Shyam Sundar Mishra	Lumbini Development Trust, Kathmandu

ख. अन्य आयोजनाहरू

राष्ट्रिय गौरवका आयोजना बाहेकका सडक, खानेपानी तथा सरसफाइ, उर्जा, सिँचाइ विद्युत, दूरसञ्चार, भवन निर्माणलगायतका १० आयोजनाहरूको प्राविधिक परीक्षण कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको छ। सो प्रतिवेदनमा औँल्याएका अपरिपालनाहरूसहितको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको छ। उक्त आयोजनाहरूको विवरण देहायबमोजिम रहेको छः

S. N.	Package No:	Project Name	Technical Auditor	Implementing agency
1	NVC/TA/NPP/ OP/TELECOM/ 081/082-01	Technical Audit of Built, operate, own and maintain District Optical Fiber Network under RTDF Fund along Midhill Highway in Sudurpaschim Province, Kailali.	M/S Ceon Technology Pvt Ltd (TA Jnanendra Khatiwada)	NTC
2	NVC/TA/NPP/OP/ ROAD/081/082-01	Design Built of Jallad Pul -1. Aurahi Ga pa, Jallad Pul -2. Aurahi Ga pa, Jamuni Pul Aurahi Ga pa & Simrapatti Pul . Sahidnagar Na pa along Janakpur-Yadukuha Road,Dhanusa (HRP/337011284 /079-80/DB-BC-011	M/S National Engineering & Services Technology (TA Bindeswor Shah)	Hulaki Highway Directorate, Project office Janakpur
3	NVC/TA/NPP/OP/ ROAD/081/082-02	Roadside slope Disater management of Kharkhare Landslide at Besisahar /Chame Road (Ch150+3), Lamjung	M/S National Synergy Engineering Solutions Pvt. Ltd. (TA Suvash Raj Giri)	Dumre-Besisahar-Chame Road Project, Besisahar, Lamjung
4	NVC/TA/NPP/OP/ ROAD/081/082-03	Upgrading of Biratnagar-Keshaliya Road to Asphalt Concrete standard,Ch 0+000 to 3+195,Morang	M/S Civil Tech Pvt Ltd (TA Raj Narayan Yadav)	Hulaki Highway Directorate, Project office Itahari
5	NVC/TA/NPP/OP/ BLDG/081/082-01	Technical Audit of Integrated Urban Infrastructure Development Work,Lahan Municipality,Siraha	M/S Baraha Institute of Engineering & Technology Pvt. Ltd. (TA Roshan Raj Giri)	Project office of Urban Development and Building Construction, Saptari
6	NVC/TA/NPP/OP/ BLDG/081/082-02	Bharatpur Metropolitan Cityhall Construction Project, Chitwan.	M/S Consolidated Architectural and Engineering Services (TA Purna Chandra Shakya)	Project office of Urban Development and Building Construction, Chitwan

S. N.	Package No:	Project Name	Technical Auditor	Implementing agency
7	NVC/TA/NPP/OP/ BLDG/081/082-03	Technical Audit of the Construction of Workshop Building, Prefab Hall Block & Miscellaneous Works of Karnali Technical College, Jumla.	M/S Deflection Engineering Solution Pvt. Ltd (TA Narayan Prasad Khanal)	Council for Technical Education and Vocational Training (CTEVT), Sanothimi, Bhaktapur
8	NVC/TA/ NPP/OP/ WSS/081/082-01	Belauri Sewerage Construction and Treatment Project Kanchanpur	M/S Kali Consultant Pvt. Ltd.[KALI] (TA Vijay Lal Nyachhyon)	Federal Water Supply and Sewerage Management Project, Kanchanpur
9	NVC/TA/NPP/ OP/ROAD/ 081/082-04	Technical Audit of Construction of SASEK Highway Improvement Project Kanchanpur-Kamala Road Project, Eastern section Saptari	M/S Aja Consultant Pvt. Ltd,, Imadole-04, Lalitpur (TA Bijendra Kumar Yadav)	Kanchanpur-Kamala Road Project (Eastern Section), Saptari
10	NVC/TA/NPP/ OP/HYDRO /081/082-01	Technical Audit of Mewa Hub-Change (Dhungesangu) 132KV Transmission Line,Taplejung	M/S Baraha Institute of Engineering and Technology Pvt. Ltd. (TA Satish Niraula)	National Transmission Grid Company Limited, Kathmandu

२.९.२ प्राविधिक परीक्षण परामर्श समितिको बैठक

राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम २५ मा केन्द्रका प्रमुख अधिकृतको संयोजकत्वमा प्राविधिक परीक्षण परामर्श समितिको व्यवस्था रहेको छ । विकास निर्माणसँग सम्बन्धित मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधिहरू एवम् केन्द्रले छानेको सम्बन्धित विषयको विशेषज्ञसहितको सहभागिता हुने गरी गठन हुने उक्त समितिले प्राविधिक परीक्षण गर्दा अपनाइने प्रक्रियाको पुनरावलोकन गर्ने, प्राविधिक परीक्षकको प्रतिवेदनको मूल्याङ्कन गर्ने, अपरिपालना कार्यान्वयन सम्बन्धी काम कारबाहीको पुनरावलोकन गर्ने, प्राविधिक परीक्षणलाई उपलब्धिमूलक बनाउन, प्राविधिक परीक्षणसम्बन्धी नीति परिमार्जन गर्ने, प्राविधिक परीक्षण गर्दा आइपर्ने समस्या निराकरण गर्ने तथा प्राविधिक परीक्षणलाई समसामयिक बनाउन केन्द्रलाई आवश्यक सुझाव तथा परामर्श दिने कार्य गर्दछ । सोहीबमोजिम मिति २०८१ चैत्र २२ गते यस केन्द्रमा प्राविधिक परीक्षण परामर्श समितिको वैठक बसी प्राविधिक परीक्षण कार्यको समीक्षा तथा आगामी दिनमा हुने प्राविधिक परीक्षण कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउने सन्दर्भमा विभिन्न निर्णयहरू गरिएको छ ।

२.९.३ प्राविधिक परीक्षक तालिम

केन्द्रले सरकारी, गैरसरकारी एवम् निजी/व्यावसायिक संस्थामा संलग्न आ.व. २०८१/८२ मा थप २५ जनासमेत हालसम्म कुल ५ सय ११ जना इञ्जिनियरहरूलाई तालिम प्रदान गरेको छ। सो क्रममा केन्द्रले विभिन्न आयोजनाहरूको प्राविधिक परीक्षण गराउन इन्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण गरी सोही क्षेत्रमा कम्तीमा १० वर्ष सेवा वा व्यवसाय गरेका, नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएका र प्रचलित कानुनबमोजिम प्राविधिक परीक्षक हुन अयोग्य नठहरिएका प्राविधिकहरूमध्येबाट सूची तयार गर्ने तथा सूचीमा समावेश भएका प्राविधिकहरूलाई आवधिक तालिमको व्यवस्था गर्ने कार्य अन्तर्गत २१ दिने तालिम सञ्चालन गरेको छ।

